# तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

पृथ्वीनारायण क्याम्पस, नेपाली विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको

दसौं पत्र (५४०-६) को

प्रयोजनका लागि

प्रस्तुत

## अध्ययनपत्र


**अध्ययनकर्ता**

अम्बिका घिमिरे

क्याम्पस क्रमाङ्क : ५/०६९

परीक्षा क्रमाङ्क : ४८००८७

त्रि.वि. दर्ता नं. : ६-१-४८-२९८-९६


नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७४

तत्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन अम्बिका घिमिरे २०७४

# शोधनिर्देशकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा **श्री अम्बिका घिमिरे**ले **तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन** शीर्षकको प्रस्तुत अध्ययनपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । नेपालका विभिन्न क्षेत्रमा छरिएर रहेका लोकसाहित्यका सामग्रीहरूको सङ्कलन गरी भविष्यको अध्ययनका लागि संरक्षण गर्ने उद्देश्यले प्रस्तुत शीर्षकमा अध्ययनकर्तालाई प्रवृत्त गराइएबमोजिम निजले परिश्रमपूर्वक सामग्री-सङ्कलन गरी तयार पार्नुभएको यस अध्ययनपत्रलाई स्नातकोत्तर तहको अध्ययनपत्रको स्तरका दृष्टिले सन्तोषजनक ठान्दै आवश्यक मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

इ.सं. २६-०३-२०१८

वि.सं. २०७४-१२-१२

.........................

शोभाकान्त गौतम

उपप्राध्यापक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा

## कृतज्ञताज्ञापन

साहित्यको जननी लोकसाहित्य हो । लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतः स्फूर्त अभिव्यक्तिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै लोकसाहित्य हो । लोकसाहित्य भित्रको उर्बर एउटा विधा लोकगीत हो । लोकसाहित्यअन्तर्गत पर्ने विभिन्न विधाहरूमध्ये पर्वगीतअन्तर्गत पर्ने तीजे गीतलाई महिलाहरूले आफ्ना मनका विरह वेदना, हाँसो-खुसी, दुःख-सुख पोख्ने माध्यमका रूपमा लिइन्छन् । तीज पर्वको अवसरमा महिला दिदीबहिनीहरू आफ्नो माइतीघर जाने र सबैजना जम्मा भइ रमाइलो गरी नाचगान गरेर आफ्ना मनका भावना व्यक्त गर्ने गर्दछन् । वर्तमान समयमा टी.भी. हेर्ने, रेडियो क्यासेट बजाउने आदि परिपाटीले तीजे गीतहरू समूहमा बसेर गाउने क्रम छाँडिदै गएको पाइन्छ। यसै क्रममा पुराना गीतको शैली र शिल्प तथा विषय अनि गीतका तत्त्वहरू चिनाउने उद्देश्यले पुराना मौलिक र प्रचलित रूपमा रहेका **तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा  प्रचलित तीजे गीतको अध्ययन** गर्ने काम यस अध्ययनपत्रमा गरिएको छ ।

यो अध्ययनपत्र तयार गर्ने क्रममा सर्वप्रथम पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुखज्यूले प्रस्ताव स्वीकार गरी अनुसन्धान गर्ने अवसर प्रदान गर्नुभएकामा उहाँप्रति म हार्दिक आभार व्यक्त गर्दछु । यस अध्ययनपत्रमा शीर्षक चयन, अध्याय विभाजन, अध्ययनपत्रको रूपरेखा, निर्माण सामग्रीसङ्कलन, वर्गीकरण र तीजे गीतका तत्त्वहरूको अध्ययनमा अमूल्य सुझाउ र निर्देशन दिनुहुने आदरणीय गुरु एवम् अध्ययनपत्रका निर्देशक श्री शोभाकान्त गौतमज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

त्यस्तै सामग्रीसङ्कलनका क्रममा गीतका भाकाहरू सुनाउँदै सन्दर्भसमेत बताई गीत सङ्कलन गर्ने र तिनमा हुने तत्त्वका बारेमा स्पष्ट गरिदिनुहुने लेखनाथ क्षेत्रका दिदीबहिनीहरूप्रति हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु। त्यसै गरी अध्ययनका क्रममा निरन्तर सहयोग गर्नुहुने मेरा जीवनसाथी श्री लेखनाथ सापकोटाज्यूको योगदानलाई म जीवनभर बिर्सन सक्दिन। साथै यस अध्ययनपत्रलाई कुशल रूपमा टङ्कन गरी सहयोग गर्नु हुने श्रेष्ठ कम्प्युटर सर्भिसलाई पनि धेरैधेरै धन्यवाद दिन्छु ।

अन्त्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रस्तुत अध्ययनपत्रका सम्बन्धमा विशेष सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै आफ्नो निरन्तर परिश्रमबाट गरिएको यो अध्ययनपत्र आवश्यक मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

इ.सं. २४-०३-२०१८

वि.सं. २०७४-१२-१०

....................................

अम्बिका घिमिरे


क्याम्पस रोल नं. ५/०६९

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय,

पृथ्वीनारायण क्याम्पस, पोखरा ।


## नेपालको नक्सा




## कास्की जिल्लाको नक्सा




## लेखनाथ क्षेत्रको नक्सा



# विषयसूची


स्वीकृतिपत्र

सिफारिसपत्र

कृतज्ञताज्ञापन

सङ्क्षिप्त रूप तथा चिह्नसूची

**पहिलो अध्याय : शोधपरिचय** **१-६**

१.१ शोधपरिचय १

१.२ अध्ययनपत्रको शीर्षक १

१.३ अध्ययनको प्रयोजन १

१.४ समस्याकथन २

१.५ अध्ययनको उद्देश्य २

१.६ पूर्वकार्यको विवरण २

१.७ अध्ययनको औचित्य ४

१.८ अध्ययनको सीमा ५

१.९ सामग्रीसङ्कलन र अध्ययन विधि ६

१.१० अध्ययनपत्रको रूपरेखा ६

**दोस्रो अध्याय : लेखनाथ क्षेत्रको परिचय** **७-१६**

२.१ ऐतिहासिक पृष्ठभूमि ७

२.२ भौगोलिक अवस्था ७

२.३ लेखनाथ क्षेत्रको नामकरण ८

२.४ प्राकृतिक स्रोतहरू ९

२.५ मठ मन्दिर ९

२.५.१ मठ मन्दिर ९

२.५.२ गुम्बा १०

२.५.३ चर्च १०

२.६ सामाजिक रहनसहन र सांस्कृतिक अवस्था १०

२.७ आर्थिक अवस्था १२

२.७.१ कृषि १२

२.७.२ व्यापारव्यवसाय/उद्योगधन्दा १२

२.७.३ पशुपालन १३

| | | |
|---|---|---|
| | २.७.४ जागिर | १३ |
| २.८ | यातायात सञ्चार तथा विजुली र खानेपानी | १३ |
| २.९ | लेखनाथ क्षेत्रको शैक्षिक अवस्था | १४ |
| **तेस्रो अध्याय : तीजे गीतको सैद्धान्तिक परिचय** | | **१६-२९** |
| ३.१ | परिचय | १६ |
| ३.२ | तीजे गीतको नामकरण | १७ |
| ३.३ | तीजे गीतका विशेषताहरू | १८ |
| | ३.३.१ नारीका वेदना प्रस्तुत हुनु | १९ |
| | ३.३.२ अज्ञात रचयिता | १९ |
| | ३.३.३ पर्व विशेष मात्र गीतको माध्यमबाट प्रस्तुत गरिनु | १९ |
| | ३.३.४ सामूहिक रूपमा प्रायः स्त्री जातिबाट गाइनु | १९ |
| | ३.३.५ विषयगत विविधता पाइनु | २० |
| | ३.३.६ सरल सहज र मौलिक भाषामा प्रस्तुत हुनु | २० |
| | ३.३.७ हर्ष र उमङ्ग देखाइनु | २० |
| | ३.३.८ उचित किसिमको आचरण सुधारसम्बन्धी सन्देश पाइनु | २० |
| ३.४ | निष्कर्ष | २० |
| ३.५ | तीजे गीतको महत्त्व | २० |
| | ३.५.१ सामाजिक महत्त्व | २१ |
| | ३.५.२ ऐतिहासिक महत्त्व | २१ |
| | ३.५.३ भाषावैज्ञानिक महत्त्व | २१ |
| | ३.५.४ तीजे गीतको धार्मिक महत्त्व | २१ |
| | ३.५.५ सांस्कृतिक महत्त्व | २२ |
| ३.६ | तीजे गीतका तत्त्वहरू | २२ |
| | ३.६.१ अनिवार्य तत्वहरू | २२ |
| | ३.६.१.१ सन्दर्भ | २२ |
| | ३.६.१.२ विषयवस्तु र भाव | २३ |
| | ३.६.१.३ भाषा | २३ |
| | ३.६.१.४ लय/भाका | २४ |
| | ३.६.१.५ शैली | २५ |
| | ३.६.१.६ उद्देश्य | २५ |
| | ३.६.२ ऐच्छिक तत्त्वहरू | २६ |

३.७ तीजे गीतसँग सम्बन्धित पक्षहरू २६
३.७.१ गायिका २७
३.७.२ लोकतत्त्व २७
३.७.३ वाद्यवादन र नृत्य २८
३.७.४ श्रोता र दर्शक २८
३.७.५ पोशाक २८
३.७.६ अभिनय २८
३.८ तीजे गीतको परम्परा २८
३.९ निष्कर्ष २९

**चौथो अध्याय : तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन** **३०-६९**
४.१ तत्त्वविधानका आधारमा पो. ले. क्षेत्रमा प्रचलित तीजे गीतको अध्ययन ३०
४.२ सन्दर्भ ३०
४.३ विषयवस्तुका आधारमा तीजे गीतको अध्ययन ३१
४.३.१ सामाजिक विषयवस्तु ३१
४.३.२ आर्थिक विषयवस्तु ३६
४.३.३ धार्मिक विषयवस्तु ३८
४.३.४ शैक्षिक विषयवस्तु ४०
४.३.५ राजनीतिक विषयवस्तु ४२
४.३.६ ऐतिहासिक विषयवस्तु ४३
४.३.७ मनोरञ्जनात्मक विषयवस्तु ४४
४.३.८ समसामयिक तीजे गीत ४५
४.४ भावका आधरामा तीजे गीतको अध्ययन ४६
४.४.१ हास्य भाव ४६
४.४.२ भक्ति भाव ४६
४.४.३ शृङ्गार भाव ४७
४.४.३.१ संयोग शृङगारका तीजे गीत ४८
४.४.३.२ विप्रलम्ब शृङगारका तीजे गीत ४८
४.४.४ करुण भाव ४८
४.५ भाषाका आधारमा तीजे गीतको अध्ययन ४९
४.५.१ चरण टुक्का ५०
४.५.२ फेद र टुप्पो ५१
४.५.३ थेगो, वथन, फुँदा र रहनी ५१

४.५.४ थेगो ५२
४.५.५ फुँदा ५२
४.५.६ रहनी ५३
४.५.७ झर्रा शब्दहरूको प्रयोग ५३
४.५.८ स्थानीयता ५४
४.६ लय/भाकाका आधारमा तीजेगीतको अध्ययन ५५
४.६.१ द्रुत लय ५५
४.६.२ विलम्बित लय ५५
४.६.३ मध्यम लय ५६
४.७ शैलीका आधारमा तीजे गीतको अध्ययन ५७
४.७.१ सरल शैली ५८
४.७.२ तार्किक शैली ५८
४.७.३ वर्णनात्मक शैली ५९
४.७.४ आत्मपरक शैली ५९
४.७.५ संवादात्मक शैली ५९
४.७.६ वादविवादात्मक शैली ६०
४.७.७ मनोवाद शैली ६१
४.७.८ आलङ्कारिक शैली ६१
४.८ उद्देश्य ६१
४.८.१ मनोरञ्जन ६१
४.८.२ शिक्षा नीति ६२
४.८.३ यथार्थको प्रकटीकरण ६३
४.९ स्थायी ६४
४.०.१ अन्तरा ६४
४.९.२ थेगो ६५
४.१० तीजे गीतमा लोकतत्त्व ६५
४.१०.१ स्वैर कल्पनाप्रतिको विश्वास ६६
४.१०.२ बहुलोकसम्बन्धी विश्वास ६६
४.१०.३ ईश्वर देवी देवता सम्बन्धी विश्वास ६७
४.१०.४ शकुन अपशकुन सम्बन्धी विश्वास ६७
४.११ तीजे गीतमा विम्ब र प्रतीक ६८
४.१२ अलङ्कार ६८
४.१३ निष्कर्ष ६९

**पाँचौँ अध्याय : उपसंहार तथा निष्कर्ष** **७०-७३**

५.१ उपसंहार ७०

५.२ तीजे गीतको सम्बन्धमा सुझाउहरू ७२

सन्दर्भकृतिसूची ७४

# सङ्केत तथा चिह्न सूची

| | | |
|---|---|---|
| पो.ले.म.न.पा. | - | पोखरा लेखनाथ महानगरपालिका |
| पो.ले. | - | पोखरा लेखनाथ |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | - | पृष्ठ |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| प्रा. | - | प्राध्यापक |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.सं. | - | विक्रम सम्वत् |
| सन्/ई.सं. | - | ईस्वी सम्वत् |
| सम्पा. | - | सम्पादन/सम्पादक |
| ” ” | - | ऐजन |
| / | - | वा / र |

## पहिलो अध्याय

# अध्ययन पत्र

### १.१ शोधपरिचय

संसारमा अन्य प्राणीभन्दा मानिस विवेकशील र चेतनशील प्राणी हो । अन्य प्राणीलाई जस्तै मानिसलाई भोजनले मात्र सन्तुष्ट गराउन सकिँदैन । मानिसलाई सन्तुष्ट गराउनका लागि नयाँनयाँ कुरा र कलासाहित्यको खोजी आज विशिष्ट पक्ष बनेको छ । लोकसाहित्य भनेको लोकले मौखिक रूपमा जीवित राखेको साहित्य हो । लोकसाहित्यका विभिन्न विधाहरू छन् । जस्तै : लोकगीत, लोकभजन, लोककविता, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का । यी विधाहरूले मानवजीवनलाई सहजता प्रदान गर्दै भाषिक अभिव्यक्तलाई सुन्दर बनाएका छन् । त्यसैले नेपाली लोकसाहित्यमा यिनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीतले व्यापक क्षेत्र ओगटेको छ । लोकगीतअन्तर्गत श्रमगीत, संस्कारगीत, पर्वगीत, बाह्रमासे गीत र मौसमसम्बन्धी गीत आदि पर्दछन् । यिनै गीत मध्येमा पर्वगीतका रूपमा गाइने तीजे गीत मुख्यतः महिलाहरूको गीत हो । परम्परागत रूपका तीजे गीतहरू सासूससुरा, नन्द, देवरले गरेको दमन र श्रीमान्ले दिएको दुःख वा पीडाका बारेमा गाइन्थे भने समयको परिवर्तनले गर्दा आजभोलि सांस्कृतिक, धार्मिक अवस्था, नारी हक, अधिकार, जनचेतना, देशको स्थिति र शिक्षाको महत्त्व आदिका बारेमा गाउन थालिएका छन् । यिनै पक्षलाई समेट्दै लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन र वर्गीकरण गरी यसका तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

### १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन** रहेको छ ।

### १.३ अध्ययनको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्र (५४०-६) को आंशिक आवश्यकता पूरा गर्नु प्रस्तुत अध्ययनपत्रको प्रयोजन हो ।

## १.४ समस्याकथन

पोखरा लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको पहिचान, सङ्कलन र तत्त्वगत आधारमा विश्लेषण गर्नु यस अध्ययनकार्यको मुख्य समस्या हो । जसलाई निम्न बुँदामा समेट्न सकिन्छ :

क) पोखरा लेखनाथ क्षेत्रलाई के कसरी चिनाउन सकिन्छ ?

ख) पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतलाई तीजे गीतका तत्त्वका आधारमा कसरी अध्ययन गर्न सकिन्छ ?

ग) पोखरा लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको महत्त्व के छ र तीनका विशेषता के के हुन् ?

घ) परम्परागत एवं वर्तमानका तीजे गीतलाई के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.५ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनपत्रको उद्देश्य नेपालको पश्चिमाञ्चल विकासक्षेत्र गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतहरूको पहिचान गरी तत्त्वगत रूपमा अध्ययन गर्नु हो भने अन्य उद्देश्यहरूलाई निम्न बुँदामा प्रस्तुत गरिन्छ :

क) पोखरा लेखनाथ क्षेत्रको नामकरण सामाजिक, धार्मिक, आर्थिक र भौगोलिक अवस्थाको सङ्क्षेपमा वर्णन गर्दै लेखनाथ क्षेत्रको चिनारी दिनु ;

ख) पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतलाई तीजे गीतका तत्त्वका आधारमा अध्ययन गर्नु ;

ग) पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको महत्व र विशेषता पहिल्याउनु ;

घ) परम्परागत तीजे गीत र हाल गाइने तीजे गीतको अध्ययन गर्नु ;

## १.६ पूर्वकार्यको विवरण

नेपाली भाषाको निर्माण १२ औँ शताब्दीमा भएको भाषाका अध्यताले देखाएका छन् (बन्धु, २०५८ : २९४) । नेपाली भाषाको इतिहाससँगै नेपाली लोकगीतको इतिहास आरम्भ भएको कुरा सबैले स्वीकारेका छन् । लोकगीत मौखिक रूपमा जीवित रहेको लोकहृदयको स्वतः स्फूर्त लयात्मक, गेय र अवैयक्तिक अभिव्यक्ति हो । तीजे गीत लोकसाहित्यका विभिन्न विधामध्ये पर्वगीतअन्तर्गत पर्ने एउटा गीत हो । तीज महिलाहरूको महान् चाड हो । यो चाड प्रत्येक वर्ष भाद्र कृष्णाष्टमीदेखि भाद्र शुक्ल पञ्चमीसम्म मनाउने चलन छ। यस अवसरमा गाइने गीतलाई तीजे गीत भन्दछन् । तीजका अवसरमा दर खानका निम्ति विवाहिता नारीहरूलाई माइतीहरू लिन आउँछन् दर खाने दिनको राती र तीजकै दिन व्रत बस्दा नारीहरूले आफ्ना घरका सासू, ससुरा, नन्द, देवर, जेठाजु, अमाजु अनि श्रीमान्ले दिएका पीडाका बारेमा गीत गाएर आफ्ना मन हलुङ्गो पार्ने गर्दछन् (बन्धु, २०५८ : १६४) ।

यसरी माइत जानेहरूको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूका व्यथा र मर्मलाई तीजका गीतहरूमा व्यक्त गरिएको हुन्छ ।

तीजमा माइती लिन आउँदा विवाहिता चेलीलाई विशेष सन्तुष्टि र गौरव महशुस हुन्छ भने माइतीको जेजस्तो अवस्था भए पनि तीजमा ऊ माइतघर पुग्न पाइन भने वा माइती लिन आएनन् भने आफूलाई माइतीले बिर्सेको ठानी आफ्ना मनका विरह वेदना र पीरका भाकाहरू मार्मिक रूपमा अभिव्यक्ति गर्त थाल्दछे (कोइराला, २०५६ : ६९) । माइतीबिनाको तीज नारीहरूलाई महत्त्वहीन लाग्दछ ।

तीजे गीतको अध्ययनपरम्परा व्यापक नभएका स्थितिमा लेखनाथ क्षेत्रमा केन्द्रित भई लेखिएका कृति नपाउनु पनि स्वाभाविकै हो । लेखनाथ क्षेत्रमा गाइने तीजे गीतका तत्त्वहरू अन्य क्षेत्रका तीजे गीतमा पाइने भएतापनि लेखनाथ क्षेत्रमा गाइने तीजे गीतको तात्त्विक अध्ययन हालसम्म नगरिएकाले यस अध्ययन पत्रमा लेखनाथ क्षेत्रलाई केन्द्र बनाई तीजे गीतको सङ्कलन गरी अध्ययन गरिएको छ । पूर्वकार्यको रूपमा निम्नानुसारका कृति शोधपत्र र अध्ययनपत्रलाई आधार मानिएको छ :

१. **धर्मराज थापा, गण्डकीका सुसेली** (२०३०)

धर्मराज थापाले यस कृतिमा गण्डकी क्षेत्रको लुम्बिनी र धवलागिरि अञ्चलका लोकगीतहरूको अध्ययन गरेका छन् । यस कृतिमा हरेक अञ्चलका गीतलाई छुट्टाछुट्टै परिचय दिने कार्य भएको छ । तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन, वर्गीकरण र तत्त्वहरूको व्याख्या, विश्लेषण र अध्ययन गरिएको छैन ।

२. **धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना** (२०४१)

यस कृतिमा नेपाली लोकसाहित्यलाई छ खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । यस पुस्तकको खण्ड २ मा नेपाली लोकगीतका बारेमा चर्चा परिचर्चा भएको छ । तर पनि लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन गरी तत्त्वहरूको विश्लेषण र अध्ययन गरिएको छैन ।

३. **नारायणप्रसाद अधिकारी, स्याङ्जली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन** (२०४३)

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको यस शोधपत्रमा स्याङ्जा जिल्लाको ज्याग्दीखोला क्षेत्रमा केन्द्रित लोकगीतका विभिन्न सन्दर्भलाई समेटेर चिनाइएको छ । तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतका विशेषता, तत्त्वहरूको विश्लेषण र अध्ययन गरिएको छैन ।

४. **शोभाकान्त गौतम, लुम्ले गा.वि.स. मा प्रचलित लोकगीको सङ्कलन र वर्गीकरण** (२०५४)

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको यस भिलेज प्रोफाइलमा कास्की जिल्लाको लुम्ले गा.वि.स.मा प्रचलित लोकगीतका विभिन्न सन्दर्भहरूलाई समेटेर

चिनाइएको छ। सोही गा.वि.स. को सीमाभित्र रहनुपर्ने बाध्यताका कारण यसमा लेखनाथ क्षेत्रका तीजे गीतका विशेषता वा तत्त्वहरूको विश्लेषण र अध्ययन नपर्नु स्वभाविक देखिन्छ।

**५. सुमित्रा पौडेल, पोखरेली तीजे गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५५)

सुमित्रा पौडेलको यस शोधपत्रमा पोखरेली तीजे गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ। तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन, तत्त्वहरूको विश्लेषण र अध्ययन गरिएको छैन।

**६. शोभाकान्त गौतम, नेपाली लोकसाहित्य शिक्षण समस्या र समाधान, पृथ्वी वाङ्मय** (२०६०)

यस लेखमा लोकसाहित्यको सैद्धान्तिक परिचय, विधागत स्वरूप, लोकसाहित्यको विधागत परिचय र लोकगीतका विभिन्न सन्दर्भहरूलाई बुँदामा समेटेर चिनाइएको छ। तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतका तत्त्वहरूको बारेमा छुट्टै चर्चा गरिएको छैन।

**७. कुसुमाकर न्यौपाने, पैयुँखोले लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण** (२०४४) यस अध्ययनपत्रमा पर्वत जिल्लाको पैयुँखोलामा प्रचलित लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण विषयात्मक आधारमा गरिएको छ। तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कल,तत्त्वहरूको विश्लेषण र अध्ययन गरिएको छैन।

**८. रविलाल अधिकारी, नेपाली लोकसाहित्यको झलक** (२०६५)

रविलाल अधिकारीद्वारा लिखित यस कृतिमा लोकसाहित्यका विधाहरूअन्तर्गत पर्ने लोकगीतका विभिन्न सन्दर्भहरूलाई बुँदागत रूपमा समेटेर चिनाइएको छ। तर पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तत्त्वहरूको विश्लेषण र अध्ययन गरिएको छैन।

**निष्कर्ष**

यसरी विभिन्न अध्यताले विभिन्न क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन, परिभाषा, परम्परा, विशेषता, वर्गीकरण र तत्त्वहरूको विश्लेषण गरे तापनि लेखनाथ क्षेत्रका तीजे गीतमा हुने तत्त्वहरूको विश्लेषण अहिलेसम्म हुन नसकेको हुनाले यस अध्ययनपत्रमा पोखरा. लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतलाई तत्त्वविधानका आधारमा विश्लेषण र अध्ययन गर्ने काम भएको छै।

## १.७ अध्ययनको औचित्य

यो अध्ययन तीजे गीतका तत्त्वहरूसँग सम्बन्धित छ। लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीतअन्तर्गत पर्व गीतका रूपमा चिनिएको तीजे गीत एउटा महत्त्वपूर्ण उपविधा हो।

तीजको समयमा महिलाहरू जतिसुकै टाढा र पुराना माइती भए पनि माइत जान उत्सुक हुन्छन् । महिलाहरूलाई माइतीबिनाको तीज रमाइलो लाग्दैन । तीजको दिनभर भोकै बसी नाचगान गरी महिलाहरूबाट शिवपार्वतीको पूजा गरिन्छ । साथै भक्तिभाव प्रकट गरिन्छ (थापा र सुवेदी, २०४१ : १५७) । तीजमा दरखाने दिनको अघिल्लो दिनमा नै प्रायः चेलीहरू घरबाट आफ्ना सासूससुरा र श्रीमान्सँग बिदा भई माइत आइसकेका हुन्छन् । समयको परिवर्तनले गर्दा तीजे गीतमा पनि परिवर्तन आएको देखिन्छ । अध्यनयका क्रममा अन्य जिल्लाका विभिन्न स्थानमा तीजे गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण भएको पाइन्छ तर लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको तत्त्वहरूको विश्लेषण भएको पाइँदैन । त्यहाँका महिलाले गाउने पुराना तथा नयाँ गीतहरू कस्ता छन् र ती गीतका तत्त्वहरू के-के हुन् भन्ने बारेमा अध्ययन गरिनु आवश्यक छ ।

यस अध्ययनपत्रमा समाज कस्तो स्थितिबट कस्तो स्थितिमा आएको हो भन्ने कुराको जानकारी भावी पुस्तालाई गराउनुपर्ने हुन्छ । यस अध्ययनपत्रले लेखनाथ क्षेत्रका सबै वडालाई समेट्न कठिन हुने भएकाले साबिकको ३, ४, ५ र २, ६, ७ पो.ले.म.न.पा. भएपछि ३, ४, ५ २६ नं. वडा नं. २, ६, ७ २७ नं. वडामा थप योगदान पुऱ्याउने छ । साथै तीजे गीतको अध्ययन र तत्त्वहरूको विश्लेषण गर्न लेखनाथ क्षेत्रका तीजे गीतमा भएका तत्त्वहरूको बारेमा अध्ययन गर्न चाहनेहरूका लागि सहयोग मिल्न सक्ने भएकाले यस अध्ययनपत्रको औचित्य स्पष्ट भएको पुष्टि हुन्छ । साथै तीजे गीतको तुलनात्मक अध्ययन गर्न चाहनेहरूलाई समेत सहयोग मिल्नाका साथै तीजे गीतको संरक्षणमा पनि सहयोग पुग्ने हुनाले यस अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत अध्ययनपत्रमा पो. लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको तत्त्वगत विश्लेषण गरिएको छ । यो क्षेत्र कास्की जिल्लाको समथर भागमा रहेको छ । लेखनाथ क्षेत्र पोखरा सहरदेखि १० कि.मि. पूर्वमा रहेको छ र मध्यपहाडी क्षेत्रको पोखरा उपत्यकाको पूर्व दक्षिण भागमा फैलिएको छ । यस क्षेत्रमा सात वटा तालहरू रहेकाले सात तालको बगैँचा सहर भनेर पनि चिनिएको पाइन्छ । साबिकको २, ६, ७ हाल २७ नं. वडामा ९,५८३ जनसङ्ख्या रहेको छ । जसमध्ये ४,४७७ पुरुष र ५,१०६ महिला रहेका छन् । त्यस्तै गरी साबिक ३, ४, ५ हाल पो.ले.म.न.पा. को २६ नं. वडामा कुल जनसङ्ख्या ११,३९४ रहेको छ । जसमध्ये ५,३२० पुरुष र ६,१५३ महिला रहेका छन् । यसरी लेखनाथ क्षेत्रका यी दुई वडाका नेपाली भाषामा मात्र गाइने तीजे गीतको सङ्कलन गरी तत्त्वगत आाधारमा विश्लेषण गर्नु यस अध्ययनपत्रको सीमा मानिएको छ ।

## १.९ सामग्रीसङ्कलन र अध्ययन विधि

कास्की जिल्लाको पो. लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको सङ्कलन गर्नु नै यस अध्ययनमा सामग्री सङ्कलन गर्नु हो। अधययनका क्रममा लेखनाथ क्षेत्रमा गई तीजे गीत सङ्कलन गरिएको छ। गीत सङ्कलन गर्दा प्रत्यक्ष सहभागी भई सङ्कलित गीतका बारेमा छलफल समेत गरिएको छ। गीतको भाका र प्रसङ्गलाई मोबाइलको प्रयोग गरी रेकर्ड गरिएको छ। सोही काममा फोटा खिच्ने काम पनि भएको छ। यसरी सामग्री सङ्कलनमा क्षेत्रीय विधि र छलफल विधिको प्रयोग गरिएको छ भने विश्लेषणका क्रममा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। आलेखन लेख्य नेपालीमा र गीतहरू उच्चार्य नेपाली भाषाका आधारमा प्रस्तुत गरिएको छ।

## १.१० अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई सुसंगठित एवं व्यवस्थित पार्न निम्नलिखित अध्यायमा आवश्यकतानुसार विभिन्न शीर्षकमा विभाजन गरिएको छ :

पहिलो अध्याय : अध्ययन पत्र

दोस्रो अध्याय : पोखरा लेखनाथ २६ र २७ को परिचय

तेस्रो अध्याय : तीजे गीतको सैद्धान्तिक परिचय

चौथो अध्याय : तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन

पाँचौं अध्याय : उपसंहार तथा निष्कर्ष

सन्दर्भसूची

परिशिष्ट : पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको सङ्कलन

# दोस्रो अध्याय

# पोखरा लेखनाथ २६ र २७ को परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

गण्डकी अञ्चल, कास्की जिल्लामा अवस्थित पोखरा लेखनाथ महानरपालिकाभित्र पर्ने लेखनाथ क्षेत्र प्रायः समथर भागमा रहेको प्राकृतिक सौन्दर्ययुक्त क्षेत्र हो । यो समुद्र सतहको ४५० मिटरदेखि १४२५ मिटरसम्मको उचााइमा अवस्थित छ । यस क्षेत्रको २८$^{o}$ ५” उ. देखि २८$^{o}$ १२” उ. अक्षांश र ८४$^{o}$ ०२” पू. देखि ८४$^{o}$ ०८” पू. देशान्तरमध्ये नेपालमा अवस्थित पोखरा उपत्यकाको समथर भागमा रहेको प्राकृतिक सौन्दर्ययुक्त क्षेत्र हो । यस क्षेत्रले पोखरा उपत्यकाको दक्षिणपूर्वी किनारमा ठूलाकोटको फेदीमा अवस्थित सात तालसमेत ७८.९३ वर्ग किलोमिटर क्षेत्रफल ढोकेको छ । यस क्षेत्रको कुल क्षेत्रफलमध्ये ४.५९ वर्ग कि.मी. क्षेत्र ताल पानी सतहअन्तर्गत पर्दछ । कास्की जिल्लामा रहेका तीन निर्वाचन क्षेत्रमध्ये निर्वाचन क्षेत्र नं. १ मा पर्ने लेखनाथ क्षेत्र पोखरासँगै सिमाना जोडिएर रहेको छ ।

शतवार्षिकी जयन्तीको अवसर पारेर तत्कालील सरकारद्वारा लेखनाथ पौड्यालको जन्मस्थल अर्घौ अर्चलेको प्रवेशद्वार पृथ्वी राजमार्गको अर्घौचोकमा लेखनाथ पौड्यालको प्रतिमा स्थापना गरी लेखनाथ चोक नामाकरण गर्ने काम भयो (लेखनाथ नगरपालिका स्मारिका, २०५७) ।

यस अध्ययनपत्रमा लेखनाथ क्षेत्रका आठ वटा वडामध्ये दुई वटा वडालाई समेटिएको छ । जुन ठाउँका नामहरू क्रमशः अर्घौ चोक, विजयपुर, बूढीबजार, राखी र कवि लेखनाथ पौड्यालको जन्मस्थल अर्घौ अर्चले रहेका छन् । नेपाल सरकारले २०७१ सालमा भरतपोखरी गा.वि.स. र कालिका गा.वि.स.का केही भागलाई यस नगरपालिकामा गाभेको थियो भने वि.सं. २०७३ मा पोखरा उपमहानगरपालिकासँग गाभिई पोखरा लेखनाथ महानगरपालिका भएको छ । पोखरा लेखनाथ महानगरपालिका कुल ३३ वटा वडामा विभाजित छ । जसमध्ये ८ वटा वडा लेखनाथ क्षेत्रमा रहेका छन् । पो.ले.म.न.पा. को पूर्वी सीमानामा मादी र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेका छन् ।

## २.२ भौगोलिक अवस्था

पो. लेखनाथ क्षेत्र समुद्र सतहबाट ४५० मिटरदेखि १४२५ मिटर उचाइको भूभागसम्म फैलिएको छ । यो क्षेत्र जलस्रोतको अपार भण्डार प्राकृतिक, सांस्कृतिक, धार्मिक विविधताले भरिपूर्ण

छ। लेखनाथ क्षेत्रका वडा नं. २६ भित्र ढलेपीपल, जरुवा, बिर्ता, खोलाको डिल, बाह्रघर, बतासे, खरानेफाँट, घैंटेखोर, सुन्दरी बजार, रिठेपानी, आवास नगर, डाँडाको नाक, लक्ष्मी मा.वि., सिमलपोखरा, सङ्गम नगर, आशीर्वाद चोक, विजयपुर, राखी, पैते, कालीगण्डकी, तालबिसी नाम गरेका टोलहरू रहेका छन्। लेखनाथ क्षेत्रका सम्पूर्ण बजार तथा गाउँमा बस्ती बाक्लो रहेको पाइन्छ। यस लेखनाथ क्षेत्रका वडा नं. २६ मा घरधुरी सङ्ख्या २९०३ र जनसङ्ख्या ११३९४ जना रहेको पाइन्छ। लेखनाथ क्षेत्रको २६ नं. वडा बजारमा भएको हुँदा वडा नं. २७ मा भन्दा बस्ती बाक्लो र जनसङ्ख्या धेरै भएको पाइन्छ। त्यस्तै गरी लेखनाथको वडा नं. २७ मा घरधुरी सङ्ख्या २३५८ र जनसङ्ख्या ९५८३ जना रहेको पाइन्छ। यस वडाभित्र केही घर बजारमा र केही घर गाउँमा भएको पाइन्छ। त्यसैले २६ नं. वडामा भन्दा बस्ती पातलो र जनसङ्ख्या कम भएको पाइन्छ (स्रोत : राष्ट्रिय जनगणना २०६८)।

लेखनाथ क्षेत्रको क्षेत्रफल १२३.११ वर्गकिलोमिटर रहेको छ। राजधानी सहर काठमाडौंबाट १९० कि.मि. पश्चिम र पोखरा सहरदेखि १० कि.मि. पूर्वमा रहेको छ। साथै यस क्षेत्र मध्य पहाडी क्षेत्रको पोखरा उपत्यकाको पूर्व दक्षिण भागमा फैलिएको छ। यहाँको तापक्रम २५.५० सेल्सियस ( अधिकतम), १३० सेल्सियम (न्यूनतम), २१.६० सेल्सियस (औसत) रहेको पाइन्छ। यहाँको हावापानी समशीतोष्ण खालको रहेको पाइन्छ (स्रोत : नेखनाथ नगरपालिकाको परिचय)।

## २.३ पोखरा लेखनाथ क्षेत्रको नामकरण

यस क्षेत्रलाई लेखनाथ नगरपालिका हुनुभन्दा पहिला अर्घौंपौवा गाउँपञ्चायत भनेर चिनिन्थ्यो। यस अर्घौंपौवा क्षेत्रलाई लेखनाथको शतवार्षिकी जयन्तीको अवसर पारेर तत्कालीन सरकारद्वारा कवि लेखनाथ पौड्यालको जन्मस्थल अर्घौं अर्चलेको प्रवेश मार्ग अर्घौंचोकमा लेखनाथको प्रतिमा स्थापना गरी लेखनाथचोक नामकरण गर्ने काम भयो। यसरी कवि लेखनाथको नामबाट यस क्षेत्रको नामकरण गरिएको हो। साथै कविको कवित्वको सम्मान र सधैंभरि स्मरणको लागि महान् कविको नामबाट यस क्षेत्रको चिनारी गरिएको थियो। कवि लेखनाथ पौड्यालले यही ठाउँमा बसेर कविता रचना गरेको हुनाले र उनी जन्मिएको जन्मस्थान अर्घौं अर्चले भएको हुनाले उनको नामबाट भावी पुस्तालाई पनि चिनाउँन र सबैमा स्मरण भइरहोस् भन्ने भावना जगाउँन भनी यस अर्घौं पौवालाई लेखनाथ क्षेत्र नामकरण गरिएको थियो। पछि प्रजातन्त्रको पुर्नस्थापनापछि गाउँ विकास समितिमा परिणत भयो। त्यसपछि केही ठाउँहरूलाई गाभेर नगरपालिका गठन भयो।

यसरी साबिक लेखनाथ नगरपालिका वि.सं. २०७३ फाल्गुन २७ गते लेखनाथ नगरपालिकामा गाभेर निश्चित मापदण्ड पुगेकाले पोखरा लेखनाथ महानगरपालिका घोषणा भएको छ। पो.ले.म.न.पा. को क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. रहेको छ। पो.ले.म.न.पा. को केन्द्र साबिक पोखरा उपमहानगरपालिका नै रहेको छ। पोखरा लेखनाथ महानगरपालिका ३३ वटा वडामा विभाजित छ जसमध्ये ८ वटा वडा लेखनाथ क्षेत्रभित्र रहेका छन्।

## २.४ प्राकृतिक स्रोतहरू

लेखनाथ क्षेत्र प्राकृतिक स्रोतले भरिपूर्ण छ । यस क्षेत्रको धेरैजसो भूभाग समथर र केही भाग डाँडापाखामा पर्दछन् । लेखनाथ क्षेत्रलाई सात तालको बगैँचा भनेर चिनिन्छ । तापनि यस अध्ययनपत्रमा लेखनाथ क्षेत्रका दुई वटा वडाको मात्र अध्ययन गरिने भएको हुँदा यस क्षेत्रको वडा नं. २६ र २७ मा पर्ने प्राकृतिक स्रोतहरूको मात्र चर्चा गरिएको छ । त्यस्तै गरी यहाँभित्र (वडा नं. २६ र २७) पर्ने तालहरू यस प्रकार उल्लेख गरिएको छ । जसमध्ये अध्ययनक्षेत्रभित्र ४ वटा तालहरू रहेका छन् ।

**१. गुँदे ताल**

पो. लेखनाथ क्षेत्र साबिकको वडा नं. ४ हाल वडा नं. २६ मा पर्दछ । यसको क्षेत्रफल १२.३८ हेक्टर रहेको छ । र यस तालमा गुन्द्री बुन्ने विशेष प्रकारको गुँद नामक वनस्पति पाइने हुँदा यस तालको नाम गुँदे ताल रहन गएको ।

**२. न्युरेनी ताल**

यो ताल पो. ले क्षेत्रको साबिकको वडा नं. ४ हाल वडा नं. २६ मा रहेको छ । यसको क्षेत्रफल ६.७९ हेक्टर रहेको छ र यस तालको किनारमा पाखो क्षेत्र प्रशस्त भएको हुनाले र निउरो पाइने भएकाले यसको नाम न्यूरेनी ताल रहन गएको ।

**३. खाष्टे ताल**

पो. ले. क्षेत्रको साबिक वडा नं. ४ हाल वडा नं. २६ मा अवस्थिति छ । यसको क्षेत्रफल २४८० हेक्टर रहेको र यस तालमा खाष्टो आकारको जालो घुम्ने भएकाले यस तालको नाम खाष्टे ताल रहन गयो ।

**४. दिपाङ ताल**

पो. ले. क्षेत्र साबिकको वडा नं. ६ हाल वडा नं. २७ मा अवस्थिति छ । यसको क्षेत्रफल ३२.४३ हेक्टर रहेको र हरियाली जङ्गलको बीचमा रहेको हनिमुन लेकका रूपमा संरक्षण तथा विकास गर्न सकिने जैविक विविधताका दृष्टिले उर्वर ताल ।

## २.५ धार्मिक स्थल

### २.५.१ मठ मन्दिर

लेखनाथ क्षेत्रमा विभिन्न किसिमका मठमन्दिरहरू रहेका छन् । जसमध्ये वडा नं. २६ ढलेपीपलमा अवस्थित जलेश्वर महादेव (जलेश्वर धाम) शिवमन्दिर रहेको छ । यहाँ शिवरात्रिमा ठूलो

मेला लाग्दछ। साथै शिव भगवान्‌को पूजा गर्ने गरिन्छ। खाष्टे ताल बराही मन्दिर पनि यही वडामा पर्दछन्। यस मन्दिरमा बडादसैंको नवदुर्गामा दुर्गा भवानी (देवी) को पूजा गरिन्छ।

सिद्धेश्वर मन्दिर : खोलाको डिलमा अवस्थित शिवमन्दिर वडा नं. २७ मा रहेको छ। यो मन्दिरमा भगवान् शिवको पूजा चैते दसैं, शिवरात्रिमा गर्न गरिन्छ। विशेष मेला लाउने समय शिवरात्रि नै हो।

चन्द्रकालिका : चन्द्रककालिका मन्दिरमा बडादसैँको नवदुर्गामा भगवान् दुर्गा (देवी) को पूजा गरिन्छ। यो मन्दिर लेखनाथ क्षेत्रको वडा नं. २७ को बडहरे भन्ने ठाउँमा अवस्थित छ।

चण्डिका मन्दिर : चण्डिका मन्दिर यस क्षेत्रको वडा नं. २६ को सक्नेरीको डाँडामा रहेको छ। भगवती दुर्गा देवीको पूजा बडादसैंको नवदुर्गामा गर्ने गरिन्छ। यस मन्दिरमा नवदुर्गाको स्थापना गरी पूजाआरधना गर्ने गरेको पाइन्छ। सक्नेरी पाटन शिवमन्दिरमा पनि शिवरात्रिमा भगवान् शिवप्रति आरधना गर्ने र मेला लाग्ने गरेको पाइन्छ। शिव मन्दिर पाटन वा समथर बजारमा अवस्थित छ भने चण्डिका मन्दिर पाखामा वा डाँको टापुमा अवस्थित छ।

जयगुरुदेव मन्दिर : यो मन्दिर लेखनाथको वडा नं. २७ को पाखामा रहेको छ। जुन मन्दिरमा गुरूप्रति भक्तिभाव गर्ने गर्दछन्।

बाह्रघर कुल मन्दिर : यो मन्दिर बाह्रघरको वडा नं. २७ को पाखामा रहेको छ। यहाँ प्रत्येक वर्ष आफ्नो कुलको पूजा गर्ने गरिन्छ। त्यस्तै गरी विजयपुरमा पनि शिवमन्दिर रहेको छ।

### २.५.२ गुम्बा

पो.ले. क्षेत्रको वडा नं. २७ को रिठे पानीमा एउटा गुम्बा र वडा नं. २६ को घरेलु चौरको बुद्ध टोलमा , बुढी बजार सक्नेरीको समाजघरमा बुद्धिष्ट धर्मालम्बीहरूले भगवान बुद्धको आरधाना गर्दछन् विशेष गरी पुस पन्ध्रमा र बैशाख पूर्णिमामा ठूलो मेला लाग्दछ।

### २.५.३ चर्च

पो.ले. क्षेत्रको वडा नं. २७ तालचोकमा नेपाल ख्रीष्टिय तालचोक चर्च, रिठेपानीमा, २६ को सक्नेरी र घैंटेखोरमा गरी २६ र २७ मा ४ वटा चर्च रहेका छन्।यी चर्चमा पिता, पुत्र, पवित्र आत्मा (त्रिएक) लाई धन्यवादको प्रार्थना गरी प्रशंसा गर्दछन्।

## २.६ सामाजिक रहनसहन र सांस्कृतिक अवस्था

पो. ले क्षेत्रमा बाहुन, क्षेत्रीको बाहुल्य रहेको छ। त्यसपछि क्रमशः गुरुङ, दलित आदि जातजातिको बसोबास रहेको छ। बाहुन, क्षेत्री, गुरुङ, मगर, भुजेल, राई, दमाई, कामी, सार्कीजस्ता सबै जातिहरूले यस क्षेत्रमा बसोबास गरेको पाइन्छ। धर्मका दृष्टिकोणले लेखनाथ क्षेत्रमा बढी मात्रामा हिन्दू धर्म नै मान्ने बासिन्दाहरू भएको पाइन्छ। यस क्षेत्रको उत्तरी भाग डाँडाहरूले ढाकिएको हुँदा

केही गुरुङहरू र मध्य भागमा बाहुनहरूको बस्ती बढी रहेको पाइन्छ। यस क्षेत्रमा विभिन्न ठाउँका मानिसहरूको बसाइँसराइँ गरी आएका बढी मात्रामा पाइन्छन्। पानी, बत्ती, बाटो र विभिन्न प्रकारका कलकारखाना तथा उद्योगहरूको सुविधा र रोजगारीको व्यवस्था हुने भएको हुँदा यस क्षेत्रमा अन्य ठाउँका मानिसहरू बसोबास गर्न आएको पाइन्छ। यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र सबैको मिश्रण रहेको पाइन्छ।

यस क्षेत्रमा ब्राह्मण ३८ प्रतिशत, गुरुङ १३ प्रतिशत, दलित १३ प्रतिशत, क्षेत्री ९ प्रतिशत, मगर ४ प्रतिशत, नेवार ३ प्रतिशत र अन्य २० प्रतिशत रहेका छन्। यस क्षेत्रका जातिहरूले हिन्दू धर्म मान्ने ९२ प्रतिशत, बौद्ध धर्म मान्ने ४ प्रतिशत, इसाई तथा अन्य धर्म मान्ने ३.५ प्रतिशत रहेका छन् ( स्रोत लेखनाथ नगरपालिकाको स्मारिका)।

जुनसुकै धर्म मान्ने भए तापनि एक अर्काको धर्मप्रति सहिष्णुता राख्ने गरेको पाइन्छ। लेखनाथको २६ नं. वडा र २७ नं. वडामा क्रिश्चियन धर्म मान्ने मानिसहरू पनि केही मात्रामा रहेको पाइन्छन्। खास गरी हिन्दू धर्म मान्नेहरूमा ब्राह्मण, क्षेत्री, ठकुरी, नेवार, मगर, कुमाल, भुजेल, कामी, दमाई, सार्की पर्दछन्। गुरुङ, नेवारहरू बौद्धमार्गीहरू पनि छन्। प्रत्येक जातजातिको आआफ्नो रीतिरिवाज, चालचलन र जन्मदेखि मृत्युसम्म गरिने कर्मकाण्डहरू आआफ्नो विधिद्वारा सम्पन्न गरिन्छन्। मुख्य चाडपर्वहरूमा दसैं असोज महिनामा पर्दछ। घटस्थापनामा जमरा राख्ने र त्यसदिनदेखि खसी, बोका, च्याङ्ग्रा आदि मारकाट गरी दसैं मनाउने र दशमीको दिन आफ्ना मान्यजनको हातबाट टीका लगाई प्रसाद ग्रहण गर्ने र आशीर्वाद माग्ने चलन रहेको पाइन्छ। साथै दसैंमा पिङ खेल्ने पनि गर्दछन्। तिहार, कार्तिक महिनामा पर्दछ र दिदीबहिनीका हातबाट दाजुभाइले टीका लगाउँछन्। साथै देउसी भैलो खेल्ने परम्परा रहेको पाइन्छ। वैशाख सङ्क्रान्ति नयाँ साल सुरु हुने दिनलाई मानिन्छ। श्रावण शुक्लपञ्चमीमा नागको पुजा गरी ढोकामाथि नागको फोटा टाँसिन्छ। यो पर्व श्रावण शुक्ल पञ्चमीमा पर्दछ। कृष्णजन्माष्टी श्रावण शुक्ल पक्ष सप्तमी तिथिमा पदंछ। यस दिन दिन व्रत बसी रातीको बाह्र बजे भगवान कृष्णको पूजा गरी तीजे गीत गाउने चलन रहेको पाइन्छ। यस दिनबाट नेपाली नारीहरूको महान चाड तीज पर्व सुरु हुन्छ। यसै गरी शिवरात्रि फाल्गुन कृष्ण चतुर्दशीमा पर्दछ। शिवरात्रिमा भगवान शिव प्रति भक्तिभाव राखी दुध र जल चढाउने, बत्ति बाल्ने रातभरि जाग्राम बसी भजनकृतन गर्ने गर्दछन्। यसै गरी रामनवमी चैत्र शुक्ल नवमी तिथिमा पर्दछ। चैते दसै अष्टमीमा पर्दछ। जनैपूर्णिमा श्रावण शुक्ल पूर्णिमामा पर्दछ। बाला चतुर्दशी मंसिरमा पर्दछ। त्यस्तै गरी तीजको दर खाने दिन भाद्र शुक्ल पक्ष द्वितीय तिथिमा र हरितालिका तीज पर्व तृतीयामा पर्दछ। यो पर्व नेपाली महिलाहरूको महान् चाडको रूपमा चिनिन्छ। यसरी विभिन्न चाडपर्वहरू मनाउने गरेको पाइन्छ।

## २.७ आर्थिक अवस्था

लेखनाथ क्षेत्रका आर्थिक क्रियाकलापहरूमा कृषि सेवा, व्यापार र उद्योग मुख्य छन् । यस क्षेत्रका जनताको मुख्य पेशा कृषि हो । आर्थिक रूपले कुल जनसङ्ख्याको ८७ प्रतिशत जनता कृषिमा निर्भर छन् । यहाँ बेरोजगारी, अल्पबेरोजगारी र सामाजिक आर्थिक पछौटेपनको कारण बहुसङ्ख्यक जनता गरिबीको रेखामुनि छन् । यसका साथै जागिरेहरूले दिउँसो जागिर गर्ने र बिहान बेलुका घरको कामधन्दा गर्ने गरेको पाइन्छ । यसैगरी घरबाट आउने जानहरूले बिदाको समयलाई पनि खेतीपाती र आफ्नो व्यवसायमा खर्चने गरेको पाइन्छ । त्सैगरी केही मानिसहरू जागिर र पढाइको सिलसिलामा विदेश गएको पाइन्छ । यस क्षेत्रका व्यापारिक केन्द्रहरू क्रमशः लेखनाथ चोक, डाँडाको नाक, सुन्दरी बजार बूढीबजार, विजयपुर, खरानेफाँट, खोलाको डिल र लक्ष्मी मा.वि. हुन् ।

### २.७.१ कृषि

लेखनाथ क्षेत्रको अधिकांश भूभाग झण्डै डाँडाकाँडा भिरपाखो र केही भाग नदीको किनारमा भएको हुँदा खेतीयोग्य भूमि कम छ । समथर भाग ग्रेभल भएको हुँदा खेतीपाती कम हुन्छ । यस क्षेत्रमा २९.७२ (३१.३५) वर्ग कि.मि पहाडी भाग र ५०.२८ (४७५८) वर्ग कि.मि.समथर भाग रहेको छ । ५३०३.७५ हेक्टरमा खेती गरिन्छ । जेठोबूढो, ज्याग्दीखोले, झिनुवा, जर्नेली पहेँले, रमनी, मन्सरा, गौरिया आदि विभिन्न थरीका धानका प्रजातिहरू छन् भने फलफूलहरूमा सुन्तला, अम्बा, केरा, आँप, रूखकटहर, भुइँकटहर, कागती, निबुवा, मेवा, आँप मुख्य छन् । यस क्षेत्रको समथर जग्गा हिउँदमा तरकारीबाली लगाइन्छ । यहाँ उत्पादित तरकारी र फलफूल पोखरा लगी विक्री गरिन्छ । हिउँदे बालीमा आलु, तोरी, उखु, काउली, बन्दा, ब्रोकाउली, मूला, गाजर आदि पर्दछन् ।

### २.७.२ व्यापारव्यवसाय/उद्योगधन्दा

लेखनाथ क्षेत्रका विजयपुर, बूढीबजार, अर्घौ लेखनाथ चोक, डाँडाको नाक, सुन्दरीबजार, खरानेफाँट, (कृष्णचोक) त्यस्तै गरी भित्री बजारहरूमा घैँटेको खोर, लक्ष्मी मा.वि. चोक हटिया, खोलाको डिल, ढलेपीपल र जरुवामा ससाना पसलहरू रहेका छन् ।

| सि.नं. | उद्योगव्यवसाय | अवस्थिति |
|---|---|---|
| १. | कर्माचार्य विस्कुट उद्योग | वडा नं. २६ |
| २. | गण्डकी आयल मिल | वडा नं. २७ |
| ३. | गण्डकी प्लाष्टिक उद्योग | वडा नं. २६ |
| ४. | धागो प्लाष्टिक उद्योग | वडा नं. २६ |
| ५. | जया कन्फेक्सनरी | वडा नं. २६ |
| ६. | मेटल तथा फर्निचर उद्योग | |
| ७. | पेट्रोल पम्प | वडा नं. २६ र २७ मा ३ वटा |

**होटल तथा रेष्टुरेन्ट**

| सि.नं. | उद्योगव्यवसाय | अवस्थिति |
|---|---|---|
| १. | टाइगर टप | साबिक लेखनाथ ५ हाल वडा नं. २६ |
| २. | अन्य होटल | लेखनाथका विभिन्न क्षेत्रमा |
| ३. | रेष्टुरेन्ट | विभिन्न ठाउँमा झण्डै १ सयको हाराहारीमा |

स्रोत : लेखनाथ नगरपालिकाको राजस्व शाखा

### २.७.३ पशुपालन

यस क्षेत्रमा पशुपालन व्यवसाय गरी दैनिक जीवनका आवश्यकता परिपूर्ति गर्ने गरेको पनि पाइन्छ। साथै पशुपालन पनि कृषिसँगै अनिवार्य हुन गएको छ। गाउँलेहरूले दैनिक जीवनका आवश्यकताहरू परिपूर्ति गर्न केही हदसम्म पशुपालन गरेको पाइन्छ। यहाँ पनि (वडा नं. २६ र २७) पशुपालन गरेको पाइन्छ। लेखनाथ क्षेत्रमा पालिएका पशुहरमध्ये गाई भैंसी, दूधका निम्ति, कुखुरा, अण्डा र मासु तथा बङ्गुर मासुका लागि पालिएको पाइन्छ। पशुपालन र कृषि एक अर्काका पूरक भएको हुँदा पशुहरूको मलले खेतीबाली राम्रो हुन्छ। गाईभैंसीको दूध डेरीमा विक्री गरिएको पाइन्छ। कुखुरापालन व्यवसायिक रूपमा गरेको पाइन्छ।

### २.७.४ जागिर

लेखनाथ क्षेत्रका बासिन्दाले खेतीपातीबाहेक जीविकोपार्जनका निम्ति आआफ्नो ज्ञान, सीप र क्षमतामा आधारित कार्य गरी जीवन निर्वाह गरेको पाइन्छ। पहिला दमाईले मात्र लुगा सिलाउने गर्थे भने आजभोलि सिलाइबुनाइको तालिम लिएपछि जुनसुकै जातिले पनि कपडा सिलाइ आफ्नो व्यवसाय सञ्चालन गरेको पाइन्छ। कुमाललेले भाँडा बनाउँछन्, डकर्मी, सिकर्मी काठ र ढुङ्गाको कार्य गर्दछन्। कुल जनसङ्ख्याको ९ प्रतिशत जनसङ्ख्या सेवामा संलग्न छन् ।सरकारी सेवा निजी सङ्गठनहरू र अध्यापन नै सेवाअन्तर्गतका रोजगारका क्षेत्रहरू हुन्। त्यसैगरी केही मानिसहरू जागिर र पढाइको सिलसिलामा विदेश गएको पाइन्छ।

## २.८ यातायात सञ्चार तथा विजुली र खानेपानी

यस क्षेत्रका बासिन्दालाई यातायातको सुविधा उपलब्ध भएको नै देखिन्छ। लेखनाथ क्षेत्रको वडा नं. २६ र २७ का गाउँगाउँसम्म मोटर बाटो पुगेको छ। यस क्षेत्रमा पक्की बाटो नै बनेको छ। यस क्षेत्रको अर्घौ अर्चले कवि लेखनाथ पौड्यालको जन्म स्थलसम्म कालोपत्रे सडक बनेको छ। अन्य सहायक मार्गहरूमा विजयपुर, कालिका, अर्घौचोक, रिठेपानी, अर्घौ अर्चले, राखी डाँडा, बेगनास ताल, जनताको चौतारा, खोलाको डिल, खुदी आदिसम्म कालोपत्रे बाटो छ।

यस क्षेत्रमा प्रायः सबै बस्तीहरूमा विद्युत उपलब्ध छ। उच्च चापको १३२ केभी लाइन उत्तरमा लेखनाथको सीमा विजयपुर खोलादेखि दक्षिणमा खुदीखोला र कोत्रे खोलाको पिँधसम्म पुगेको छ। त्यस्तै ११।४ केभी लाइन क्षेत्रको दक्षिण पूर्वमा ढोरफिर्दी, तालचोक खुदीको मुहान हुँदै सुन्दरी डाँडा कोटबारीसम्म प्रसारण लाइन लगिएको छ। विजयपुर र बूढीबजारको बीचबाट पूर्व ठूलास्वाँरासम्म पनि ११।४ केभी लाइन जोडिएको छ। लेखनाथको वडा नं. २६ को समथर भागमा र राखीको साबिक वडा नं. ५ को बीच भागसम्म मात्र टेलिफोन लाइनको सुविधा भएको पाइन्छ भने वडा नं. २७ को समथर भागमा मात्र टेलिफोन लाइनको सुविधा भएको पाइन्छ। अहिलेको परिवेशमा प्रत्येकको हातमा मोबाइल फोनको सुविधा भएको हुनाले टेलिफोन लाइनको बारेमा केही पहल नगरेको हुनाले टेलिफोनको विस्तार हुन सकेको छैन। त्यसैले लेखनाथको समथर भागमा मात्र विस्तार भएको र पाखो भागमा टेलिफोन लाइनको विस्तारको योजना नभएको पाइन्छ। त्यस्तै गरी लेखनाथको वडा नं. २६ मा लेखनाथ रेडियो एफ.एम., वडा नं. २७ मा नेशनल एफ.एम. र लेकसिटी गरी दुईवटा एफ.एम. संचालनमा रहेका छन्।

यस क्षेत्रभित्र खानेपानीको पनि सुविधै छ। खानेपानीको स्रोतलाई इनार खनेर पनि पानीको प्रयोग गरेको देखिन्छ। खानेपानीको योजना नेपाल सरकारको पहिलो चरणको २९ वटा साना सहरी खानेपानी आयोजनामध्येको दोस्रो ठूलो खानेपानी योजना हो। खानेपानीको लाइन गगनगौँडाको मध्यभाग र सैनिक बस्तीबाट पूर्वतर्फ पृथ्वीराजमार्ग हुँदै बूढीबजारसम्म फैलिएको छ। यस क्षेत्रका प्रत्येक घरमा १, १ वटा धारा जडान गरिएको छ। साथै २९४ सार्वजनिक धाराहरू रहेका छन्। जसमध्ये ३५ धारा बन्द छन्। यस क्षेत्रको संरक्षण र विकास योजनासमेत तयार भई उल्लेखनीय भौतिक सुविधाहरूमा गण्डकी विकास बैंक, माछापुच्छ्रे बैंक, कामना विकास बैंक र कैलाश विकास बैंक जस्ता निजी संस्थाहरू छन्। अन्य वित्तीय संस्थाहरू पनि यस क्षेत्रभित्र रहेका छन्। यस क्षेत्रभित्रका क्रियाशील सहकारीहरूमा लेखनाथ बचत तथा ऋण सहकारी संस्था, अर्घौ कृषि सहकारी संस्था, खाष्टे सहकारी संस्था, जनप्रिय सहकारी, नयन सहकारी संस्था, मेघा सहकारी संस्था, जलधारे सहकारी संस्था र महिला सहरकारी संस्था (खोलाको डिल) प्रमुख सरकारी अड्डा ३ नं. बाहिनी अड्डा विजयपुरमा अवस्थित छ। साबिक लेखनाथ नगरपालिकाका विभिन्न वडामा महिला सहभागी कार्यक्रम सञ्चालन गरेर महिला वर्गको उत्थानको लागि महत्त्वपूर्ण भूमिका खेलेको कुरा यथार्थ छ। साथै लेखनाथ क्षेत्रको वडा नं. २६ मा गण्डकी अञ्चल आयुर्वेदिक अस्पताल र कृषि सेवा केन्द्रको कार्यालय रहेका छन्।

## २.९ पोखरा लेखनाथ २६ र २७ को शैक्षिक अवस्था

यस क्षेत्रको मुख्य व्यवसाय कृषि भए पनि शैक्षिक क्षेत्रमा यहाँका मानिसहरू निकै नै अगाडि रहेका छन्। सभ्यता शिक्षाको उपज हो भन्ने अवधारणाले व्यापकता पाएको अवस्थामा मानव सभ्यताको विकासको मुहान शिक्षा नै हो। शिक्षाबाट नै मानव समाज आजको वैज्ञानिक युगमा पुग्न सफल भएको हो। शैक्षिक स्तर वृद्धि गर्न गैरसरकारी संस्थाले सहयोग पुऱ्याएका छन्। प्रौढ साक्षरता र अनौपचारिक शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालित छन्। लेखनाथ क्षेत्रको साबिक वडा नं. २, ३, ४, ५, ६, ७ (हालको वडा नं. २६ र २७) मा १० वटा सरकारी विद्यालय र १० वटा संस्थागत वा निजी

विद्यालय रहेका छन् । यी विद्यालयहरूमा विद्यार्थीको उपस्थिति राम्रो रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू इन्जिनियर, डाक्टर, अधिकृत, सुब्बा, सचिव, प्राध्यापक र शिक्षक आदि पदमा रहेर काम गरिरहेका छन् ।

लेखनाथ क्षेत्रमा वडा नं. २६ र २७ (साबिक वडा नं. २, ३, ४, ५, ६ र ७) मा अवस्थित विद्यालयहरूको तालिका निम्न बमोजिम उल्लेख गरिएको छ :

| **सि.नं.** | **शिक्षण संस्था** | **अवस्थित** |
|---|---|---|
| १. | लक्ष्मी मा.वि. (सामुदायिक) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| २. | लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, (सामुदायिक) | साबिक वडा नं. ७ (हाल वडा नं. २७) |
| ३. | भवानी कालिका मा.वि., (सामुदायिक) | साबिक वडा नं. ५ (हाल वडा नं. २६) |
| ४. | सिर्जना बहिरा मा.वि., (सामुदायिक) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| ५. | विर नि.मा.वि.सामुदायिक, (सामुदायिक) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| ६. | तरुण प्रा.वि., (सामुदायिक) | साबिक वडा नं. ६ (हाल वडा नं. २७) |
| ७. | रामज्योति मा.वि., (सामुदायिक) | साबिक वडा नं. ६ (हाल वडा नं. २७) |
| ८. | अमरज्योति गा.फ. मा.वि., (सामुदायिक) | साबिक वडा नं. ५ (हाल वडा नं. २६) |
| ९. | अरण्यज्योति प्रा.वि., (सामुदायिक) | साबिक वडा नं. ४ (हाल वडा नं. २६) |
| १०. | शिरोमणी प्रा.वि., (सामुदायिक) | साबिक वडा नं. ६ (हाल वडा नं. २७) |
| ११. | न्यू एरा मा.वि. (निजी) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| १२. | त्रिवेणी मा.वि. (निजी) | साबिक वडा नं. २ (हाल वडा नं. २७) |
| १३. | डायमन्ड आवासीय मा.वि. (निजी) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| १४. | जुनियर सिटिजन एकेडेमी (निजी) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| १५. | त्रिवेणी इन्टरनेसनल कलेज (निजी) | साबिक वडा नं. ७ (हाल वडा नं. २६) |
| १६. | बालविकास केन्द्र, (सामुदायिक) | साबिक वडा नं. ७ (हाल वडा नं. २६) |
| १७. | बालविकास भवन, (सामुदायिक) | साबिक वडा नं. २ (हाल वडा नं. २६) |
| १८. | लेखनाथ मेमोरियल (निजी) | साबिक वडा नं. २ (हाल वडा नं. २७) |
| १९. | अल्फा बोर्डिङ स्कुल (निजी) | साबिक वडा नं. २ (हाल वडा नं. २७) |
| २०. | लिटिल फ्लावर, (निजी) | साबिक वडा नं. ३ (हाल वडा नं. २६) |
| २१. | गण्डकी मेडिकल कलेज, (निजी) | साबिक वडा नं. २ (हाल वडा नं. २७) |
| २२. | लक्ष्मी आदर्श मा.वि., (सामुदायिक) | साबिक वडा नं. २ (हाल वडा नं. २७) |

स्रोत : लेखनाथ नगरपालिकाको स्मारिका-२०७३/०७४

| सि.नं. | साक्षरताको अवस्था | सङ्ख्या (प्रतिशत) |
|---|---|---|
| १. | पुरुष साक्षर | ९७९७ (४६.५२ प्रतिशत) |
| २. | महिला साक्षर | ११२५९ (५३.४६ प्रतिशत) |

स्रोत : राष्ट्रिय जनगणना - २०६८

## तेस्रो अध्याय

# तीजे गीतको सैद्धान्तिक परिचय

### ३.१ परिचय

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत एउटा विधा हो। लोकगीतका विभिन्न भेदमध्ये तीजे गीत पर्वगीतअन्तर्गत पर्दछ। तीजका अवसरमा नारहिरूद्वारा गाइने गीतलाई तीजे गीत भनिन्छ। तीजका अवसरमा दर खानका लागि विवाहित नारीहरूलाई माइतीहरू लिन आउँछन् दर खाने दिनको राती र तीजकै दिन व्रत बस्दा नारहिरूको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूका व्यथा र मर्महरूलाई तीजका गीतहरूमा व्यक्त गरिएको हुन्छ। नारी जीवनका मर्महरूको अभिव्यक्ति तीजका गीतहरूमा पाइन्छ (बन्धु, २०५८ : १६४)। अहिलेका तीजे गीतहरूमा शोषण विरुद्धका नारी विद्रोह स्वर पनि सुनिन थालेका छन्।

तीज महिलाहरूको महान् चाड हो। यो पर्व कृष्णजन्माष्टमीको दिनदेखि ऋषिपञ्चमीसम्म मनाइन्छ। यस अवसरमा महिलाहरूले आफ्ना वर्षभरिका दुःख, सुख, विरह, वेदना, आँसु, हाँसो साथै खुसीका क्षणहरूलाई गीतमार्फत व्यक्त गरेर एक अर्कालाई सुनाउने गर्दछन्। तीज पर्वमा गाइने गीतलाई तीजे गीत भनिन्छ। हिमालय र मेनकापुत्री पार्वती र महादेवको विवाह प्रसङ्गसम्बन्धी आख्यानका आधारमा हिन्दू महिलाहरूमा प्रचलित तीजपर्वले धार्मिक महत्त्व राख्दछ। त्यसैल तीज पर्वमा गाइने गीतमा पनि महादेव पार्वतीको स्तुति र पूजा अर्चनाको विधान पाइन्छ।

तीजमा महिलाहरूले दर खाने, व्रत बस्ने, पूजाआजा गर्ने चलन छ। तीजका अवसरमा गाइने गीतलाई भदौरे गीत पनि भनिन्छ। तीजे गीत एकल रूपमा गाउन सकिने गीत भए पनि अधिकांशतः सामूहिक रूपमै गाइन्छन्। यसका श्रोता पुरुष भए पनि यो नारीहरूले गाउने गीत हो। महिलाहरूले चौरमा, मन्दिरमा, आँगनमा र चौतारीमा जम्मा भई तीजे गीत गाउँछन्। तीजे गीतको मुख्य विषयवस्तु महिलाहरूले भोगेका दुःख पीडा आँसु हाँसोका क्षणहरू हुन्। यिनलाई गीतमा उन्दै माइतीको वर्णन गरिएको पनि पाइन्छ। यसै गरी सासू ससुरा, नन्द, देवर, जेठाजु र लोग्नेले गरेका व्यवहार साथै दाजुभाइ, बाबाआमाले गरेको बेवास्ता र हेलाका अत्यन्तै मन दुख्ने घटनाको अभिव्यक्ति भएकाले यो गीत सुन्ने र गाउने दुवैले मन थाम्न नसकी आँखाबाट आँसु झार्ने गर्दछन्। घरतिरको दुखेसो र माइतीतिरको हर्षमा तरङ्गित तीज गीत मुख्यतः नारीहरूका आफ्ना मनका हर्ष, पीडा, आँसु, हाँसो, खुसी, रोदन र क्रन्दनलाई वर्ष दिनको एक पटक आउने चाड तीजमा व्यक्त गरी मन हलुङ्गो पार्दछन्। हालका तीजे गीतमा नारी जागरण, प्रगति, विकृति र विसङ्गति एवं विकासका भावनाहरू पनि मिसिन थालेका छन् (शर्मा र लुइँटेल, २०६३ : ११९)। जस्तै :-

- पञ्चमी पूजा लाम्ला पो भन्थें,
  बाबा छैनन् घरैमा ।
- कि बाबा होलान् दरिबारे ढोका,
  कि बाबा होलान नेपाल ।
- दरिबार भए भरे भोलि आउलान् ,
  नेपाल भए वर्षदिन ।

## ३.२ तीजे गीतको नामकरण

तीज नेपाली महिलाहरूको महान् चाड हो । यो तीज गीत शब्दअन्तर्गतको तीज शब्दमा 'ए' प्रत्यय जोडिएर बनेको हो । तीजका समयमा गाइने गीतलाई नै तीजे गीत भन्ने गरिन्छ । यो पर्व कृष्णाष्टमीदेखि भाद्र शुक्लपञ्चमीसम्म मनाइन्छ । यसै अवसरमा नेपाली महिलाहरूले आफ्ना वर्षभरिका दुःख सुख, आँसु हाँसो, विरह वेदना साथै खुसीका क्षणहरू व्यक्त गर्दछन् । तीजका अवसरमा दर खानका लागि भेटघाट हुनका लागि विवाहिता महिलाहरूलई माइतीहरू लिन आउँछन् । यही दरखाने दिनको राती दरखाने बेलासम्म जाग्राम बस्नका लागि तीजे गीत गाउने, नाच्ने र रमाइलो गर्ने गर्दछन् ।

तीज नेपाली महिलाहरूले कृष्णाष्टमीदेखि भाद्र शुक्लऋषिपञ्चमीसम्म मनाउने गर्दछन् । भाद्र शुक्ल तृतीयाका दिन अविवाहित महिलाहरू सुयोग्य वर प्राप्तिका लागि र विवाहित महिलाहरू पनि परिवारको कल्याणका लागि पानी पनि नखाई व्रत बस्छन् र शिवपार्वतीको पूजाआजा गर्छन् । तीजको दिनलाई विशेषत : हरितालिका पनि भनिन्छ । हरितालिकाको प्रसङ्ग पार्वतीले महादेवलाई पतिको रूपमा प्राप्त गर्ने सन्दर्भसँग गरिएको छ (शर्मा र लुइटेल, २०६३ : ११९) । यसरी तीजे गीत लोकगीतअन्तर्गत पर्ने पर्वगीतभित्र पर्दछ । यसको महत्त्व दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । तीजे गीत कृष्णाष्टमीदेखि ऋषिपञ्चमीको दिनसम्म लगातार गाइने गरिन्छ । त्यसैले कृष्ण जन्मेको गीत, अष्टमीको गीत पनि तीजे गीतको भाकामा गाइन्छ ।

पहिला पहिला बाटाघाटाको असुविधा भएको हुँदा आफ्ना चेलीबेटी वा महिलाहरूलाई आफ्ना माइतीको यादले चिन्तित पार्ने हुँदा माइती लिन जाने चलन जन्माष्टमीको दिनबाट सुरु हुन्थ्यो । यही समयमा नेपाली महिला दिदीबहिनीहरूद्वारा आफ्नै भाका, भावना र शैलीमा गीतहरू गाइन्थे । तीजे गीत समूहमा गाइन्छन् तर अहिले दोहोरी रूपमा पनि गाउने चलन आएको पाइन्छ ।

तीजे गीतहरू विषयवस्तुका रूपमा हेर्दा सुख, दुःख, आँसु, हाँसो, पीडा, विरह, विलौना, सुस्केरा, जागरण, प्रगति, धर्म, संस्कृति अधिकार विकृति र विसङ्गति आदिसँग सम्बन्धित भएको देखिन्छ । तीजे गीतका सम्बन्धमा विभिन्न विद्वान्हरूले आआफ्नै तरिकाले परिभाषा दिएको पाइन्छ, जस्तै :

- चूडामणि बन्धुका अनुसार “तीजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तीजका गीत भनिन्छ । यी गीतमा माइत जाँदाका आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूको कथा व्यथा र मर्मलाई व्यक्त गरिएको हुन्छ ।” (बन्धु चुडामणि, २०५८)
- मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेका अनुसार “तीजको अवसरमा गाइने गीतलाई तीजे गीत भनिन्छ । यसलाई भदौरे गीत पनि भनिन्छ । यसमा माइतीको सम्झना अत्यन्तै मार्मिक रूपले प्रस्तुत गरिएको हुन्छ ।” (शर्मा र लुइटेल, २०६३)

समग्रमा भन्नुपर्दा वर्षको एकपटक आउने तीज पर्वमा नारीहरूले आफ्ना वर्षभरिका दुःख, सुख, विरह, वेदना, आँसु, हाँसो अनि समाजमा भएका विकृति र विसङ्गतिलाई गीतमा उनेर नारीहरूद्वारा व्यक्त गरिने गीतलाई नै तीजे गीत भनिन्छ । साथै महिलाहरूले आफ्नो लोग्नेको घरमा भोगेका दुःख, मर्म तीजे गीतमा उनेर तीज पर्वको अवसरमा व्यक्त गरी आफ्नो मन हलुङ्गो पार्ने गर्दछन् । त्यसैले तीज पर्व महिलाहरूको पर्व मानिन्छ । तीज पर्वको संस्कृति जोगाउन केवल महिलाहरूले नै तीजे गीत गाउने र नाच्ने गर्नुपर्दछ । पुरुषहरूले गाउने र नाच्ने गर्दा तीज पर्वको अस्तित्व नै मेटिन पुग्छ । त्यसैले तीजे गीत भनेको महिलाहरूद्वारा गाइने पर्व विशेषको गीत मानिन्छ ।

तर आजभोलि गाइने तीजे गीत वास्तविक तीजे गीत गाउन सकिँदैन । किनकि अहिलेका तीज पर्वमा गीत गाउँदा पुरुषहरू पनि गीत गाउने, मादल बजाउने महिलाहरूसँग दोहोरी गाउने प्रचलनले तीजे गीतको महत्त्व वा अस्तित्त्व कम हुँदै गएको छ ।

त्यसैले तीजे गीतको संस्कृति जोगाइराख्न नारहिरूले नै तीज पर्वको अवसरमा गीत गाउने नाच्ने थपडी मारेर वा मादल बजाएर आफ्नै गाउँ टोलमा आफ्ना मनका भावना गीत मार्फत व्यक्त गर्नुपर्ने देखिन्छ ।

तीजे गीत भनेको नै महिलाहरूद्वारा आफ्ना मनका पीर, व्यथा, माइत जान नपाउँदाको अवस्थमा माइतीको सम्झना र आफूले भोगेका दुःख कष्ट साथै माइत जानेको आनन्द र उमङ्ग, साथीसङ्गी सँगको भेटघाट हुने र साथीसङ्गी सँगसँगै बस्न नपाएको अवस्था तीजे गीतमा व्यक्त गरिनु हो ।

## ३.३ तीजे गीतका विशेषताहरू

तीजे गीतको मुख्य विषयवस्तु चेलीबेटीका पीडा, आँसु, हाँसो, उत्पीडन र सुस्केरा हुन्छ । यसमा माइतीको सम्झना अत्यन्तै मार्मिक रूपमा व्यक्त गरिएको हुन्छ । नारी जीवनका विभिन्न मर्मले स्थान पाउने तीजका गीतहरूमा नारीको हार्दिक अभिव्यक्ति छचल्किएको हुन्छ (शर्मा र लुइटेल, २०६३ : ११९) । तीजे गीतका थुप्रै विशेषताहरू छन् । जसमध्ये यस गीतका महत्त्वपूर्ण विशेषताहरूलाई यस प्रकार चर्चा गरिएको छ ।

### ३.३.१ नारीका वेदना प्रस्तुत हुनु

तीजे गीतको महत्त्वपूर्ण विशेषता नै नारीका वेदना प्रस्तुत हुनु हो । विशेष गरी तीजे गीतमा नारीले आफ्ना जीवनमा भोगेका दुःख पीडा, विरह वेदना साथै आफूलाई लोग्ने, सासू, ससुरा, नन्द, देवर, जेठाजु र अमाजुले गरेको व्यवहार गीत मार्फत व्यक्त गरी आफ्नो मन हलुङ्गो पार्ने गर्दछन् । यस्ता वेदनाहरूमा नारीका जीवनमा आइपर्ने अप्ठ्याराहरूलाई पस्तुत गरिएको हुन्छ ।

### ३.३.२ अज्ञात रचयिता

तीजे गीत लोकगीत अन्तर्गत पर्व विशेषमा नारीहरूद्वारा गाइने गीत हो । तीजे गीतमा नारहिरूले आफूले भोगेका दुःख, सुख, विरह, वेदना व्यक्त गर्दछन् । तीजे गीत नेपालको जुनसुकै भागमा पनि प्रचलित छ । तीजे गीत कसले रचेको हो ? थाहा छैन । त्यसैले तीजे गीतको रचनाकार हुँदैन र अज्ञात रचयिता  यसको प्रमुख विशेषता हो ।

### ३.३.३ पर्व विशेष मात्र गीतको माध्यमबाट प्रस्तुत गरिनु

तीजे गीतहरू अन्य समयमा गाइँदैन । यी गीतहरू भदौमा पर्ने कृष्णाअष्टमीदेखि पञ्चमीसम्म गाइन्छन् । तीजको सो समयभित्र माइतीबाट आफ्नो छोरी चेलीबेटीलाई लिन जाने चलन छ र उनीहरू आफ्नो घरमा भोगेका पीडा एवम् दुःख विरह वेदनाहरूको पोकोलाई माइतमा आई दिदीबहिनीहरू समूहमा मिली गीतको माध्यमबाट व्यक्त गर्दछन् ।

### ३.३.४ सामूहिक रूपमा प्रायः स्त्री जातिबाट गाइनु

तीजे गीत धेरैजसो स्त्री जातिहरूबाट गाइन्छ भने रमाइलाका लागि आजभोलि पुरुषहरूले पनि मादल बजाउने गाउने, नाच्ने गरेको पाइन्छ । प्रायः गरेर स्त्री जातिहरू समूहमा बसी गीत गाएको, रमाइलो गर्दै नाचेको पाइन्छ ।

### ३.३.५ विषयगत विविधता पाइनु

तीजे गीतमा विषयगत विविधता पाइन्छ । पहिला धेरै जसो गीतमा नारीका वेदना, अनि नारीले पाएको दुःख साथै घरका परिवारले आफूप्रति गरेको व्यवहारलाई गीतमा पोखिन्थे भने आजभोलि हाँसो, ठट्टा, धार्मिक, प्राकृतिक, शैक्षिक, राजनीतिक, बालअधिकारसम्बन्धी दार्शनिक, सांस्कृतिक र उपदेशात्मक आदि विभिन्न विषयमा तीजे गीत रचना गरी गाएको पाइन्छ । त्यसैले यस विशेषतालाई पनि महत्त्वपूर्ण विशेषताका रूपमा लिन सकिन्छ ।

#### ३.३.६ सरल सहज र मौलिक भाषामा प्रस्तुत हुनु

तीजे गीतहरू बुझ्न नसकिने जटिल भाषामा प्रस्तुत नगरी सरल भाषामा आफू बसोबास गरेकै समाजको यथार्थता, विसङ्गत पक्ष सुधारिएको पक्षलाई लिएर सबैले बुझ्न सक्ने किसिमले प्रस्तुत गरिन्छ । त्यसकारण तीजे गीतको विशेषतामा सरल, सहज र मौलिक रूपमा प्रस्तुत हुने भन्न सकिन्छ ।

#### ३.३.७ हर्ष र उमङ्ग देखाइनु

तीजे गीतमा महिलाहरू विशेष किसिमले आफ्ना खुसी र उमङ्ग देखाउँदै गीत गाउने र नाच्ने गर्दछन् । एकातर्फ महिलाहरू आफ्नो श्रीमान्को घरबाट विविध कामलाई छोडेर जन्मघर बाबु आमाको साथमा पुगेका हुन्छन् भने अर्कोतर्फ आफ्ना साथीसङ्गी दिदीबहिनीसँग भेटघाट हुने हुँदा खुसीको सीमा नै नाघिसकेको हुन्छ । साथै गीत गाउँदा नाच्दा खुसी र उमङ्ग साटासाट गर्दै रमाइलो गरेको पाइन्छ ।

#### ३.३.८ उचित किसिमको आचरण सुधारसम्बन्धी सन्देश पाइनु

तीजे गीतमा विभिन्न विषयको प्रस्तुत गरिने हुनाले सम्बन्धित स्थानमा प्रत्येक व्यक्तिले आफ्नै आचरण कस्तो बनाउनुपर्ने हो सो सन्देश पाइन्छ । तीजे गीतमा छेडपेच गर्ने विसङ्गति पक्ष कोट्याउने, कमजोर तथा नराम्रा पक्ष हटाउने व्यङ्ग्य गर्ने, सुझावसमेत दिने हुनाले उचित किसिमका आचरण सुधारको सन्देश पाइने भनी विशेषताका रूपमा राख्न सकिन्छ ।

### ३.४ निष्कर्ष

तीजे गीत समूहमा गाइने पर्वविशेषमा मात्र गाइने गरिन्छ । यस्ता गीतमा विषयगत विभिन्नता पाइने, नारीका वेदना, खुसी, सहजता र उमङ्ग पाइने गर्दछ । हाम्रो संस्कृतिलाई जोगाइ राख्न देशमा भएका सामाजिक, शैक्षिक, धार्मिक साथै व्यवाहारिक अवस्था थाहा पाउन लोकका यस्ता अमूल्य सम्पत्तिको खोज, अनुसन्धान गरी तिनमा विद्यमान समस्याको समाधान गर्न तीजे गीतको विशेष महत्त्व रहेको पाइन्छ ।

### ३.५ तीजे गीतको महत्त्व

तीज महिलाहरूको महान् चाड हो । यो पर्व (भाद्र शुक्ल तृतीयाको दिनदेखि प्रारम्भ हुने) का अवसरमा नेपाली महिलाहरूले आफ्ना वर्षभरिका सुख, दुःख, आँसु, हाँसो, विरह, वेदना साथै खुसीका क्षणहरूलाई गीतमार्फत व्यक्त गरेर एक अर्कालाई सुनाउने गर्दछन् । तीजमा महिलाहरूले आफ्ना वर्षभरिका वेदनाको पोको गीतमार्फत व्यक्त गर्दछन् । त्यस्तै गरी तीजे गीतको प्रसङ्ग पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्ने सन्दर्भसँग गाँसिएको छ । नेपाली समाजमा पनि सो प्रसङ्गको

प्रभाव प्रत्यक्ष रूपमा परेको पाइन्छ । विभिन्न पर्वगीत मध्ये तीजपर्वको आफ्नै महत्त्व रहेको पाइन्छ । तीजे गीतले आफ्नै नैतिकताको बोध गराउँछ । नारी विरह वेदना खुसी उमङ्ग साथै राष्ट्रिय एकताको भावनालाई जगाउँछ । तीजे गीतले धार्मिक राजनीतिक शैक्षिक पक्षका विभिन्न पाटालाई प्रस्तुत गर्दछ । त्यसैले यसको महत्त्व बढ्दै गएको देख्न पाइन्छ । तीजे गीतको महत्त्वलाई निम्न बुँदामा चर्चा गर्न सकिन्छ ।

### ३.५.१ सामाजिक महत्त्व

तीजे गीतमा समाजमा भए गरेका विविध पक्षहरू प्रस्तुत गरिन्छन् । आफ्नो समाजका रीतिरिवाज, धर्मसंस्कृति, चालचलन आदिका बारेमा तीजे गीत तयार पारिन्छन् । जसले गर्दा सुरुदेखिको चालचलन साथै संस्कृतिको जगेर्ना हुने गर्दछ । पछिल्ला पिँढीहरूले पनि समाजको धर्मसंस्कृतिलाई अवलम्बन गर्न पाउँछन् । समाजमा भएका विकृति र विसङ्गति पक्षलाई गीतको माध्यमबाट प्रस्तुत गरी ती पक्षमा सुधारको सन्देश पनि तीजे गीतबाट नै दिइने हुनाले तीजे गीतको सामाजिक महत्त्व रहन गएको हो ।

### ३.५.२ ऐतिहासिक महत्त्व

तीजे गीतहरू रचना गरी पछिसम्म राखिन्छ र पछिल्ला तीजहरूमा गाइन्छन । तीजे गीतहरू इतिहाससँग सम्बन्धित गीतमा समाजसँग सम्बन्धित महत्त्वपूर्ण घटनाहरू क्रमैसँग राखिन्छन् । साथै तीजे गीतका पुस्तकहरू र एल्बमहरू प्रकाशन गरेको पनि पाइन्छ र तीजमा पछि पढ्दा पछिका पिँढीहरूले महत्त्वपूर्ण जानकारी प्राप्त गर्न सक्दछन् र पहिला देशको अवस्था कस्तो थियो, शास्त्र व्यवस्था कस्तो थियो र अहिले कस्तो अवस्थामा आएको छ भन्ने थाहा पाउन पनि ऐतिहासिक गीतहरू महत्त्वपूर्ण मानिन्छन् ।

### ३.५.३ भाषावैज्ञानिक महत्त्व

समयको परिवर्तनले गर्दा भाषामा पनि परिवर्तन हुँदै आएको पाइन्छ । पहिला कस्तो भाषा प्रयोग गरिन्थ्यो र अहिले कस्तो भाषा प्रयोग भएको छ त्यसको अनुसन्धान गरिनुपर्दछ । अनुसन्धानका क्रममा विभिन्न नयाँ नयाँ ज्ञानको खोजी हुने गर्दछ र नयाँ कुरा पत्ता लगाइन्छ । सबै समाजको भाषा सर्वस्वीकृत स्तरीय हुन्छ भन्ने छैन । भाषामा भएका कमीकमजोरी हटाउने उपाय पत्ता लगाउन भाषावैज्ञानिक महत्त्व रहेको पाइन्छ ।

### ३.५.४ तीजे गीतको धार्मिक महत्त्व

सत्ययुगमा हिमालय पर्वतकी छोरी पार्वतीले सत्य युगमा शिवजी स्वामी पाउँ भनेर गरेको व्रत र पूजा त्यसै समयदेखि परम्परागत रूपमा हालसम्म चलिआएको हुनाले तीजको धार्मिक महत्त्व छ ।

### ३.५.५ सांस्कृतिक महत्त्व

समाजमा रहनसहन, रीतिरिवाज परम्परा विश्वास जीवन दर्शन सामाजिक मान्यता आदिको समन्वित रूपलाई संस्कृति भनिन्छ । संस्कृति भन्ने वित्तिकै त्यस देशको सम्पूर्ण परम्परागत मान्यताहरू भन्ने बुझिन्छ । समाजविना संस्कृतिको परिकल्पना गर्न सकिन्न । समाज नै संस्कृतिको आधार भएकाले र समाज विविध जातिबाट संरचित हुने भएकाले पनि प्रत्येक जातिको आआफ्नो संस्कृति हुने गर्दछ । नेपाली संस्कृतिमा धार्मिक भावनाको बहुलता पाइन्छ । सामाजिक क्रियाकलाप वा चाडपर्वहरू देखा पर्दछन् । तीज त झन् हाम्रा सांस्कृतिक चाडपर्वहरूमध्ये स्तरीय भएकाले तीजगीतहरूमा बोली भाषा मात्र होइन परिवर्तित हुँदै आएका लुगाफाटा गहना गुरिया र चीजवीजको ज्ञान हुनाका साथै तीजे गीतको सांस्कृतिक महत्त्व पनि हुँदै आएको छ ।

## ३.६ तीजे गीतका तत्त्वहरू

### ३.६.१ अनिवार्य तत्वहरू

जुन तत्त्वका अभावमा गीत बन्नै सक्दैन वा गीतको सिङ्गो अनुहार देखिँदैन ती तत्त्वलाई गीतको अनिवार्य तत्त्व भनिन्छ ।

#### ३.६.१.१ सन्दर्भ

लोकगीतका आफ्ना निजी सन्दर्भ हुन्छन् । त्यसमध्ये तीजे गीत पनि पर्व विशेषमा गाइने गीत हो । त्यसैले तीजे गीतका त्यस्ता सन्दर्भहरू धेरै हुन्छन् । तिनलाई निश्चित बुँदामा समेटेर चिनाउन सकिन्छ । जस्तै : सामाजिक सन्दर्भ, धार्मिक सन्दर्भ, मनोरञ्जनात्मक सन्दर्भ, पार्विक सन्दर्भ, पोसाकगत सन्दर्भ आदि । यसरी विभिन्न सन्दर्भमा तीजे गीत गाउन सकिन्छ । गीतका अन्य तत्त्वले पुष्ट भए पनि यस्ता सन्दर्भले पुष्ट नभएको त्यो गेय अभिव्यक्ति अपेक्षित तीजे गीत हुन सक्दैन । त्यसैले तीजे गीतमा समाजमा भए गरेका क्रियाकलापलाई समेटेर, धर्म सम्बन्धी देवदेवताको वर्णन गरेर, मनोरञ्जनात्मक सन्दर्भलाई समेटेर अनि पर्व विशेषको सन्दर्भलाई समेटेर ती गीत गाउने गरिन्छ । उदाहरणका लागि यहाँ तीजे गीतलाई मनन गर्न सकिन्छ । तीजे गीतले आफ्नो रूप चहक्याउन भाद्र महिनामा पर्ने महिलाहरूको महान् चाड तीज पर्वमा गीत गाउने सन्दर्भ खोज्छ । महिलाहरूले रातो साडी लगाएर नाच्ने अनि माइत जानेको चहलपहल, माइती लिन आउने, माइत जान नपाउनेले आफ्नो दुखेसो गीतमार्फत पोख्ने आदि सन्दर्भ तीजे गीतले खोज्छ । तर विवाहमण्डपको आसपासमा बसेर गाउँदा त्यो गीत ओजपूर्ण तीजे गीत हुन सक्दैन । त्यसैले तीजे गीत गाउन तीज पर्वकै सन्दर्भ हुनुपर्दछ । तीज पर्वपछि गाएको तीजे गीत पनि ओजपूर्ण तीजे गीत हुँदैन । त्यसैले हरेक तीजे गीत पुष्टिनका लागि आफ्ना सन्दर्भ खोजेका हुन्छन् । हरेक देशका लोकगीतका भेदमा देश अनुसारका सन्दर्भ पोतिएका हुन्छन् । त्यस्तै नेपाली लोकगीतका विभिन्न विधाहरू मध्ये पर्वगीत अन्तर्गत पर्ने तीजे गीतका विभिन्न

सन्दर्भ पनि नेपाली समाज, धर्म, पर्व, संस्कार तथा संस्कृति भाषा, लोकसङ्गीत, पोशाक अनुसारका सन्दर्भले सिंगारिएका हुन्छन् । सन्दर्भको बासना आएको गीत नै तीजे गीत हुन्छ ।

### ३.६.१.२ विषयवस्तु र भाव

तीजे गीत बन्नका लागि चाहिने प्रमुख तत्त्व विषयवस्तु र भाव हुने साना बालगीत देखि ठूलाले गाउने लामो संरचनायुक्त गीतसम्मका सबै आकृतिका गीतमा कुनै न कुनै विषयवस्तु र भाव आएको हुन्छ । गीतको भाव सहज हुन्छ । विषयवस्तु आएका तीजे गीत सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक, मनोरञ्जनात्मक, ऐतिहासिक विषयवस्तुसँग सम्बन्धित इतिहासमा वा वितेका समयमा घटेका घटनामा करुण भाव आएकमो हुन्छ । शृङ्गार भावमा मिलन, विछोड, हर्ष, उल्लासका भावको बहुलता हुन्छ । जस्तै : धार्मिक रूपमा भक्तिभाव, प्रेम गीतमा प्रेम भाव, रत्यौली र हँस्यौली वा हास्य गीतमा हाँस्य भावको बहुलता हुन्छ । तीजे गीत गाउने क्रममा महिला दिदीबहिनीहरूले समाजमा भएका विभिन्न पक्षहरूलाई तीजे गीतको विषयवस्तु बनाएर गीत मार्फत व्यक्त गर्दछन् । विषयवस्तु र भाव नभई तीजे गीत अपूर्ण हुन्छ । त्यसैले विषयवस्तु र भावलाई तीजे गीतको अनिवार्य तत्त्व भनिएको हो र कास्की जिल्लाको पो. ले. क्षेत्रमा माथि उल्लेखित विषयवस्तु र भाव भएका तीजे गीतहरू गाइन्छन् ।

### ३.६.१.३ भाषा

तीजे गीतको अर्को प्रमुख तत्त्व भाषालाई मानिएको छ । तीजे गीतको भाषा सरल र सुबोध्य हुने गर्दछ । समसामयिक समय र परिवेशसँग मिल्दा भाषा गीतमा प्रयोग गरिएको हुन्छ । साथै लोकजीवनमा प्रचलित सजिलै बुझिने र स्वाभाविक किसिमको भाषा तीजे गीतमा राम्रो मानिन्छ । भाषाविना गीतको परिकल्पना गर्न सकिँदैन । तीजे गीतमा प्रसादगुण युक्त भाषा उपयुक्त मानिन्छ । भाषामा प्रयुक्त शब्दहरू लोकजीवनमा भिजेका हुन्छन् । भाषामा उखान, टुक्का पनि जोडिएको हुन्छ । भाषाले विषयको अर्थबोध र लयले साङ्गीतिक आनन्द दिन्छ । तीजे गीतमा विषय, अर्थ र लयको मिश्रित आनन्द पाइन्छ । त्यसैले भाषा अभिव्यक्तिको यस्तो माध्यम भएकाले लिखित र अलिखित साहित्यहरू भाषाद्वारा नै अभिव्यक्ति भए झैँ तीजे गीत पनि भाषाबाट निर्मित हुन्छ । तीजे गीतमा लोकभाषाको प्रयोग हुन्छ । यसमा झर्रा शब्द तथा स्थानीय भाषाको प्रयोग हुने हुँदा तीजे गीतको भाषा सरल र सुबोध्य हुन्छ । स्थानानुसार भाषा प्रयुक्त भए पनि त्यो नेपाली भाषा जनजिब्रोमा पचेको भाषा हुन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग हुँदा हुँदै पनि त्यो जटिल हुँदैन । यस प्रकारको शब्द हो भन्ने ज्ञान नभए पनि नेपाली जनजिब्रोमा खेलेको शब्द भएको महसुस गरी गीतमा प्रयोग हुन्छ । विद्या, धन, सम्पत्ति, इष्टमित्र जस्ता तत्सम शब्दहरू र दुध, भात, दही, हात जस्ता तद्भव

शब्दहरू र विभिन्न भाषाबाट आएका डेसिया, इज्जत, सिनेमा, टाइम, गुन्द्रुक आदि आगन्तुक शब्दहरू प्रयोग भएको पाइन्छ ।

### ३.६.१.४ लय/भाका

तीजे गीतका तत्त्वहरूमध्ये लय/भाका पनि एक प्रमुख तत्त्व हो । लोकगीतका फरक फरक लय भेटिन्छन् । त्यस्तै गरी तीजे गीतमा पनि विभिन्न लय/भाकामा गाउन सकिन्छ । कुनै तीजे गीत लामो भाकामा र कुनै तीजे गीत छोटो र कुनै न छोटो न लामो मध्यम लयमा गाउने गरिन्छ । लोक सङ्गीतमा हुने स्वरको आरोह, अवरोहलाई लोकलय भनिन्छ । द्रुत लय, मध्यम लय र विलम्बित लय गरी तीनवटा क्रम हुन्छन् । त्यस्तैगरी तीजै आयो राजै लय एक किसिमको हुन्छ भने हम्क्याइलो र कइकदमै लयका तीजे गीत कम मात्रामा गाउन सकिन्छ । लय/भाका तीन प्रकारका हुन्छन् ।

क) द्रुत लय : द्रुत लयमा तीजे गीत गाउँदा छिटो छिटो गाउने खालका हुन्छन् । जस्तैः

- सुन्तलाका हाँगा र मिगा, टुप्पै बस्यो जुरेली नी
  बरिलै, टुप्पै बस्यो जुरेली ।
  त्यो जुरेलीलाई म मार्न जान्छु, ल्याउन भाउजु गुदेली नी
  बरीलै, ल्याउन भाउजु गुदेली ।

(परिशिष्ट, क (२१) सुन्तलाका हाँगा र मिगा)

यसरी उल्लिखित तीजे गीतलाई छिटो छिटो भाकामा गाइन्छ ।

ख) विलम्बित लय : कुनै तीजे गीत गाउँदा ढिलो भाकामा गाइन्छन् । ढिलो गाउने गीतलाई विलम्बित लय भनिन्छ । जस्तै :लेखनाथ क्षेत्रमा गाइने विलम्बित लयका तीजे गीत

नारी शिक्षित भएपछि देश विकास हुनेछ ,
छिट्टै देशले प्रगतिको शिखर छुने छ ।

(परिशिष्ट, क (४०) महिला विना विकास असम्भव

ग) मध्यम लय : तीजे गीत विभिन्न लय वा भाकामा गाउन सकिन्छ । कुनै तीजे गीत छोटो भाकामा, कुनै लामो भाकामा र कुनै न छिटो न ढिलो मध्यम भाकामा गाइन्छन् । त्यस्तै गरी कास्की जिल्लाको लेखनाथ क्षेत्रका तीजे गीतमा हुने तीन वटै लयमा तीजे गीत गाइन्छ । जस्तै :
मध्यम लयको नमुना तल उल्लेख गरिएको छ :

- गण्डकी पारी नदिए बाबा,
  तीजको खाजा को खाला ?
- कान्छा र बाबाको आँगनीमा,
  सातै बहिनी खेल्दा हुन ।
- हामरा बाबाका आँगनीमा,
  भोटे कुकुर भुक्तो हो ।

### ३.६.१.५ शैली

शैलीलाई गीतको प्रस्तुति पनि भनिन्छ । शैलीविना गीत अपूर्ण बन्न पुग्दछ । शैली भनेको तीजे गीत प्रस्तुत गर्ने तरिका, अभिव्यक्तिको ढाँचा वा रीति भन्ने बुझिन्छ । गीतको शैलीमा लोकतत्त्व रहेको हुन्छ । शैली तीजे गीतको अनिवार्य तत्त्व हो। शैलीका यिनै अर्थलाई मनन गर्दै भन्ने हो भने विषय वा विचारको कथनलाई समेटिएको ढाँचा नै शैली हो । तीजे गीत प्रस्तुत गर्दा लोकतत्त्व, प्रचलन, विश्वास धर्म नीतिशिक्षा, पुनर्जन्म र ईश्वरप्रतिको भक्तिभाव जटिल शैली वा तरिकाले नभई साधारण वा सरल तरिकाबाट तीजे गीत गाइन्छ । तीजे गीत प्रस्तुत गर्ने वा गाउने तरिका वा शैलीका पनि विभिन्न भेद छन् । जस्तै : सरल शैली, वर्णनात्मक शैली, संवादात्मक शैली, आलङ्कारिक शैली आदि ।

आजभोलिका दोहोरी गीतमा आलङ्कारिक शैली प्रचुर मात्रामा पाइन्छन् भने तीजे गीतमा सरल शैली र संवादात्मक शैलीको प्रयोग पाइन्छ । किनकि तीजे गीतमा घरका सासू, ससुरा, नन्द, देवर, लोग्ने, जेठाजु, अमाजु आदिको बारेमा वर्णन गरेर लोकजीवनले बुझ्ने खालको सरल र वर्णनात्मक शैलीमा तीजे गीत गाइन्छ तर शैली विभिन्न किसिमका हुन्छन् । जस्तै : गीत गायन शैलीका प्रकार निम्न लिखित उल्लेख गरिएको छ :

क)	सरल शैली

ख)	तार्किक शैली

ग)	वर्णनात्मक शैली

घ)	आत्मपरक शैली

ङ)	संवादात्मक शैली

च)	वादविवादात्मक शैली

छ)	मनोवाद शैली

ज)	आलङ्कारिक शैली

यसरी विभिन्न शैलीहरूमध्ये तीजे गीतमा वर्णनात्मक शैली, सरल शैली र आलङ्कारिक शैलीको बढी प्रधानता पाइन्छ ।

### ३.६.१.६ उद्देश्य

गीत कुनै प्रयोजनका लागि गाइन्छन् यही प्रयोजन नै उद्देश्य हो :

**क)	मनोरञ्जन :**

मनोरञ्जनका लागि गीत गाइन्छन् । गीत गाएर मनलाई खुसी पार्ने मनमा भएका दुःख पीडा सबै विर्साउनको लागि गीत गाइन्छ ।

**ख)　　शिक्षा नीति :**

गीतबाट शिक्षा नीति पनि प्राप्त गर्न सकिन्छ । हाम्रो समाजमा भएका राम्रो कुराहरूको शिक्षा प्राप्त गर्न सकिन्छ । साथै समाजमा भएका विकृति विसङ्गति हाँसो खुसीका कुराहरूलाई समेटेर गीत गाइने भएकोले केही शिक्षा पाउन सकिन्छ । साथै तीजे गीतले नीति उपदेशका ज्ञान वा शिक्षा प्रदान गर्दछ ।

**ग)　　यथार्थको प्रकटीकरण**

गीतबाट यथार्थको प्रकटीकरण हुन्छ । किनकी समाजमा भएको क्रियाकलाप, नीतिनियम, वातावरण, रहनसहन, धनी गरीब आदिका बारेमा गीतबाट जस्ताको जस्तै प्रकटीकरण हुन्छ । समाजमा जे भइरहेछ र जे भएको थियो त्यो गीतमार्फत् व्यक्त गरिने हुँदा गीतमा यथार्थ प्रकट हुन्छ ।

### ३.६.२ ऐच्छिक तत्त्वहरू

**स्थायी अन्तरा र थेगो**

लोकगीतमा पटकपटक दोहोरिने पङ्क्ति, पङ्क्ति समूह वा पदावलीलाई स्थायी भनिन्छ । स्थायीलाई रिटक, टेको वा छोपुवा चरण पनि भनिन्छ । गीतको स्थायी रुपलाई विस्तार गर्नका लागि आउने अंशलाई अन्तरा भनिन्छ । गीतको अन्तरालाई एक पटक गाइन्छ तर मादल बजाइँदैन तथा नृत्य पनि गरिदैन भने स्थायीलाई पटक पटक दोहोऱ्याइन्छ र मादलको तालमा नृत्य पनि प्रस्तुत गरिन्छ । यस्तै तीजे गीतमा बारम्बार दोहोरिने निरर्थक वा त्यसै स्तरको पद वा पदावलीमा बारम्बार दोहोरिने निरर्थक वा त्यसै स्तरको पद वा पदावली थेगो हो । थेगो तीजे गीतको सुरुमा बीचमा र अन्त्यमा जहाँ पनि आउन सक्छ । यी तीनवटै पक्षलाई स्पष्ट पार्नका लागि तलको उदाहरणलाई मनन गर्नु आवश्यक छ ।

स्थायी : चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन

अन्तरा : संस्कृतिको जगेर्ना गर्नुपर्छ हेर,
　　प्राकृतिक स्रोत साधन गएको छ खेर ।

स्थायी : चेतना फैलाउनु पर्छ ..... विकृति हटाउन ।

थेगा : हे, बरिलै, हम्क्याइलो

## ३.७　　तीजे गीतसँग सम्बन्धित पक्षहरू

क)　　गायिका

ख)　　लोकतत्त्व

ग)　　वाद्यवादन

घ)	नृत्य

ङ)	श्रोता

च)	दर्शक

छ)	पोशाक

ज)	अभिनय

### ३.७.१ गायिका

गायिका तीजेगीतको महत्त्वपूर्ण पक्ष हो । गायिकाविना कुनै पनि तीजे गीतले मौलाउने र फस्टाउने मौका पाउँदैन । लोकसाहित्य अलिखित हुने हुँदा गायिका हुनैपर्छ । गायकले गाएपछि मात्र गीतको रूप धारण गर्छ र अर्काले त्यसलाई गाउँदै प्रसारित हुन्छ । त्यसैले तीजे गीतका गायक वा गायिका महिला नै हुनुपर्छ । महिलाहरूद्वारा गाइएको तीजे गीत नै वास्तविक वा सान्दर्भिक हुन्छ । तीजे गीतको महत्व बढाउन र संस्कृति जोगाउन महिलाहरूद्वारा नै तीजे गीत गाउने, नाच्ने गर्नुपर्छ ।

### ३.७.२ लोकतत्त्व

तीजे गीतमा लोकतत्त्व रहेको हुन्छ । लोकमा विद्यमान चालचलन, रीतिरिवाज, खानपान, बोली व्यवाहार आदि क्रियाकलापलाई नै लोकतत्त्व भनिन्छ । समाजले जे गर्दै आएको छ जे वेहोर्दै आएको छ त्यो तीजे गीतमा सहज र मार्मिक ढङ्गले अभिव्यक्त गरिएको छ । तीज गीतमा महिलाहरूले वर्षभरिका आफ्ना मनका विरह वेदना, तीजमा माइत जान नपाएको, अनि तीजमा आफ्ना माइतीले वास्ता नगरेको, घरका सासू ससुरा नन्द देवर र श्रीमान्ले गरेका अपहेलनाका बारेमा गीत गाएर मन हलुङ्गो पार्नु पनि लोकतत्त्व मानिन्छ । साथै माइत जानेको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूको व्यथा र मर्म, धनी गरिब बीचको व्यवहार आदि यिनै शकुन अपशकुन स्वर्ग, नरक, माया, प्रेम, भूत, प्रेत, राक्षस आदि लोक विश्वासका कुराहरू तीजे गीतमा अभिव्यक्त हुन्छन् । यिनै सम्पूर्ण लोक व्यवहारका विषयवस्तुलाई गीतमा प्रस्तुत गरिने हुँदा लोक तत्त्व तीजे गीतसँग सम्बन्धित पक्ष हो र कास्की जिल्लाको पो.ले. क्षेत्रमा पनि यस्ता किसिमका लोक तत्त्व भएका तीजे गीत गाइन्छन् । जस्तै :

- घर अगाडि कागक रायो १५ दिने पैले त,
  त्यै दिनदेखि खाना खाकी छैन मैले त ।
- मेरो पनि दाहिने आँखा फरफर गरिच,
  त्यै दिनदेखि मेरो मनमा पीर परिच ।

(परिशिष्ट क (४४) वेदनाको पोको)

यसरी उल्लिखित तीजे गीतमा घर अगाडि काग कराउनु, चिन्ताले खाना नखानु, आँखा फरफराउनु, पीर पर्नु जस्ता कुराहरू लोकतत्त्व बनेर आएका छन् ।

### ३.७.३ वाद्यवादन र नृत्य

तीजे गीत तीजपर्वको अवसरमा वनपात जाँदा एक्लै पनि गाइन्छ । यस अवस्थामा बाद्य र नृत्य विना गीत गाइन्छ । तर तीजे गीत गाउँदा महिलाहरू जम्मा भई घरको आँगन, पिढीँ, चउर वा चौतारीमा बसेर थपडीका साथ मादल, मुजुरा आदि बाद्यबादनको धुनसँग गाइन्छ । केबल थपडी मात्र मारेर पनि दिदीबहिनी, साथीसँगी एकै ठाउँमा बसी दुःख सुख, विरह वेदना, हाँसो खुसी पोख्ने गरिन्छ र तीजे गीतमा नृत्यको पनि आवश्यक पर्दछ । त्यसैले लेखनाथ क्षेत्रका तीजे गीतमा बाद्यबादन र नृत्य प्रस्तुत गरी गीत गाउने र नाच्ने गरिन्छ ।

### ३.७.४ श्रोता र दर्शक

तीजे गीत तीज पर्वको अवसरमा एक्लै पनि गायिकाले धक फुकाएर मनको बह पोख्छन् तर श्रोता र दर्शक तीजे गीतमा आवश्यक पर्दछ । तीजे गीत गाउँदा दर्शक र श्रोता भएमा तीजे गीत ओजपूर्ण बन्दछ । श्रोता र दर्शक हुँदा गाउन नाच्न अरु हौसला प्राप्त हुने भएकोले तीजे गीतसँग सम्बन्धित पक्ष हो । साथै श्रोता र दर्शक भएमा तीजे गीत बढी रमाइलो हुन्छ ।

### ३.७.५ पोशाक

तीज पर्वमा महिलाहरूले रातो साडी झपक्क गहनागुरिया, हातभरी चुरा लगाई सजीसजाउ भएर तीजे गीत गाउने नाच्ने गर्दछन् । तीज महिलाहरूको महान् चाड हो । त्यसैले तीज पर्वमा रातो साडी र गहना नै तीजको पोशाक महिलाहरूको विशेषता हो ।

### ३.७.६ अभिनय

तीजे गीत गाउँदा नाच्दा गीतले जे भनेको छ, त्यही पार ल्याएर वा अभिनय गरेर नाच्ने गरिन्छ । त्यस्तै गरी कास्की जिल्लाको पोखरा लेखनाथ क्षेत्रमा पनि गीतले भनेको अभिनय गरेर नाच्ने प्रचलन रहेको छ ।

## ३.८ तीजे गीतको परम्परा

तीजका गीत कहिलेदेखि सुरु भएको भन्ने कुरा थाहा पाउनका पौराणिक कालसम्म पुग्नुपर्ने हुन्छ । पौराणिक कालमा हिमालय पर्वतकी सुपुत्री पार्वतीले भगवान् शिवजीलाई पति पाऊँ भनी भाद्र शुक्ल तृतीयाका दिन पानी पनि नखाई व्रत बसेर सोही व्रतका कारणले नै शिवजीलाई पतिका रूपमा प्राप्त गर्न सफल भइन् । यसरी पार्वतीको इच्छा पूरा भएकाले नेपाली नारीहरूले पनि आफ्नो मनोकाङ्क्षा पूरा हुने मान्यताले तीजको व्रत बस्ने गरेको पाइन्छ । अविवाहिता नारीले असल पति पाउने उद्देश्यले र पति पाएका वा विवाहिता नारीहरूले पतिको सौभाग्य वृद्धिका कामना गर्दै व्रत बस्ने गरेको पाइन्छ ।

तीजले भाद्र शुक्ल तृतीया तिथिमा पर्ने चाडविशेषलाई बुझाउँछ । खास गरी यो चाड पनि त्यसै दिन मनाइन्छ । पौराणिक कालमा पनि गीत गाउने, नाच्ने, बजाउने, पार्वती आफ्ना साथीहरूका

साथमा बसेर रमाइलो गरेको हुनाले त्यो परम्परालाई अहिलेका नारीहरूले पनि यथावतै राखेको पाइन्छ ।

तीजका सम्बन्धमा अर्को किंवदन्ती यस्तो पनि रहेको पाइन्छ । शिवजी र पार्वतीको भोकै बस्ने होड चलेको थियो । शिवजी भाङ खाएर मस्त निदाएका थिए । उनलाई खानको वास्ता थिएन, तर पार्वती भोकले आत्तिएर विष्णु भगवान्लाई सम्फेको अनि विष्णु भगवान् आई सरस्वतीलाई बोलाएको त्यसपछि सरस्वतीले गीत गाउँदै वीणा बजाउँदै गरेकी विष्णु भगवान्ले थपडी बजाएका यो सबै सुनेर र पार्वती उठेर नाचेकी थिइन् । यसरी गीत गाएको, थपडी बजाएको, नाचेको, वीणा बजाएको आवाजले शिवजी ब्युँभिएका र नाचगान गरेको देखी खुसी भएर पार्वतीलाई यस्तो वरदान दिएछन्, "यो दिन जसजसले भोकै बसेर नाचगान गरी तिम्रो पूजा गर्छन्, उसको मनोकाङ्क्षा पूरा हुनेछ ।" यो दिन भाद्र शुक्ल तृतीया परेकोले बहुसङ्ख्यक महिलाहरूले भोकै बसी पूजाआजा गरी आफ्ना पतिको दीर्घायुको कामना गर्दछन् । यसरी त्यसै समयदेखि अहिलेसम्म यो परम्परा रहिआएको छ ।

वर्तमान समयमा कतिले त त्यस परम्परालाई वास्तविक ठानी पानी पनि नखाई, थुकसमेत निल्न नहुने भनी व्रत बसेको पाइन्छ । कोहीले अघिल्लो दिन खाएको दरले बिसन्चो गर्छ भनी भोलिपल्ट पानी फलफूल र चिया खाई व्रत बस्ने, गाउने नाच्ने गरेको पाइन्छ । भोलिपल्ट निराहार बस्नुपर्छ भनी मध्यरातसम्म गीत गाउने राति दर पकाउने, खाने गरेको पनि पाइन्छ । त्यसैगरी केही महिलाहरू भने आफूलाई भोकै बस्दा विसन्चो हुने, धेरै चिल्लो पनि खान नहुने, व्रत बस्दा आफ्नो स्वास्थ्यलाई असर पर्ने भएकाले भोकै नबसेको पनि पाइन्छ ।

## ३.९ निष्कर्ष

लोक साहित्यअन्तर्गत पर्ने पर्वगीतको रूपमा तीजे गीत पर्दछ । तीजे गीत तीज पर्वको अवसरमा नारीहरू द्वारा गाइने साथै नारीहरूका दुःख, सुख, आँसु, हाँसो, हर्ष, पीडा, उत्पीडन, छटपटी र विरह बेदनाको भाव सामूहिक रूपमा व्यक्त गर्नु नै तीजे गीत हो । तीजलाई विशेषतः महिलाहरूको महान् चाड भन्ने गरिन्छ । महिलाहरूले तीजको अवसरमा आफ्ना यथार्थलाई पोख्ने भएर पनि महिलाहरूको महान् चाड भन्ने गरिएको हो ।

यसरी तीजे गीतमा हुने विशेषता जस्तै : नारीको वेदना प्रस्तुत हुनु, अज्ञात र रचयिता, पर्व विशेषमा मात्र गीतको माध्यमबाट प्रस्तुत हुनु, सामूहिक भावभूमि, हर्ष र उमङ्ग देखाइनु, सरल सहज र मौलिक भाषामा प्रस्तुत हुनु, विषयगत विविधता हुनु आदि जस्ता विशेषताहरूको चर्चा गरि तीजे गीतको महत्वलाई विभिन्न बुँदामा स्पष्ट पारिएको छ । जस्तै : सामाजिक, आर्थिक, ऐतिहासिक, भाषा वैज्ञानिक, साँस्कृतिक आदि विभिन्न बुँदामा स्पष्ट गरिएको छ । त्यस्तै गरी तीजे गीतका तत्वहरूलाई विषयवस्तु, भाव, भाषा, शैली, लय/भाका, स्थायी अन्तरा थेगो आदिको बारेमा स्पष्ट पारी व्याख्या गरिएको छ । यसरी यस अध्ययन पत्रको तेस्रो अध्यायमा तीजे गीतको परिभाषा, विशेषता, महत्व र तीजे गीत गाउनाको उद्देश्यका बारेमा व्याख्या गर्ने काम भएको छ ।

## चौथो अध्याय

# तत्त्वविधानका आधारमा पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको अध्ययन

## ४.१ तत्त्वविधानका आधारमा पो. ले. क्षेत्रमा प्रचलित तीजे गीतको अध्ययन

तीज पर्व महिलाहरूको महान् चाड हो । वर्षभरि काम गरी थाकेका महिलाहरू एक दिन मात्र भए पनि आफ्नो माइतीघरमा आएर दिदीबहिनी, साथी, सङ्गिनीसँग भलाकुसारी गर्दै आफूले घरमा भोगेका पीडा, दुःख, दर्द अनि गुनासो सासू ससुरा, श्रीमान्, नन्द, देवर आदिबाट भएका थिचोमिचोलाई गीतका माध्यमबाट प्रस्तुत गरी आफ्नो मन हलुङ्गो पार्ने गर्दछन् । महिलाहरूले आफ्ना अधिकार र कर्तव्यलाई तीजे गीतमार्फत् व्यक्त गर्दछन् । तीजका गीतहरूले चेलीको भावना, दिदी, बहिनी र दाजुभाइप्रतिको प्रेम, बाल्यकाल र जन्मस्थलको सम्झना मात्र प्रस्तुत नगरी सामाजिक यथार्थहरूलाई पनि राम्ररी देखाउँछ (बन्धु चुडामणि, २०५८ : १६४) तीजे गीतमा तत्त्वगत विश्लेषण शीर्षकको प्रस्तुतिलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । लोकगीत बन्नका लागि चाहिने उपकरणलाई लोकगीतका तत्त्व भनिन्छ । यस्ता तत्त्वमध्ये कुनै एकको अभावमा यस विधाले पूर्णता प्राप्त गर्न सक्दैन । लोकगीतका बारेमा जानकारी लिन ती तत्त्वलाई बुझ्नु आवश्यक छ । तीजे गीतलाई विभिन्न तत्वका आधारमा जस्तै : विषयवस्तुका आधारमा सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक, राजनैतिक, मनोरञ्जनात्मक र समसामयिक गरी सात प्रकारमा र विभिन्न भाव भाषा, शैली, लय/भाका, स्थायी अन्तरा थेगो गरी तीजे गीतमा प्रयोग हुने अलङ्कार लोकतत्त्व र विम्बप्रतित्वबारेमा व्याख्या र विश्लेषण गर्ने काम निम्न प्रकार उल्लेख गरिएको छ :

## ४.२ सन्दर्भ

लोकगीतका आफ्ना निजी सन्दर्भ हुन्छन् । त्यसमध्ये तीजे गीत पनि पर्व विशेषमा गाइने गीत हो । त्यसैले तीजे गीतका त्यस्ता सन्दर्भहरू धेरै हुन्छन् । तिनलाई निश्चित बुँदामा समेटेर चिनाउन सकिन्छ । जस्तै : सामाजिक सन्दर्भ, धार्मिक सन्दर्भ, मनोरञ्जनात्मक सन्दर्भ, पार्विक सन्दर्भ, पोसाकगत सन्दर्भ आदि । यसरी विभिन्न सन्दर्भमा तीजे गीत गाउन सकिन्छ । गीतका अन्य तत्त्वले पुष्ट भए पनि यस्ता सन्दर्भले पुष्ट नभएको त्यो गेय अभिव्यक्ति अपेक्षित तीजे गीत हुन सक्दैन । त्यसैले तीजे गीतमा समाजमा भए गरेका क्रियाकलापलाई समेटेर, धर्म सम्बन्धी देवीदेवताको वर्णन गरेर, मनोरञ्जनात्मक सन्दर्भलाई समेटेर अनि पर्व विशेषको सन्दर्भलाई समेटेर ती गीत गाउने गरिन्छ । उदाहरणका लागि यहाँ तीजे गीतलाई मनन गर्न सकिन्छ । तीजे गीतले आफ्नो रूप चहक्याउन भाद्र महिनामा पर्ने

महिलाहरूको महान् चाड तीज पर्वमा गीत गाउने सन्दर्भ खोज्छ । महिलाहरूले रातो साडी लगाएर नाच्ने अनि माइत जानेको चहलपहल, माइती लिन आउने, माइत जान नपाउनेले आफ्नो दुखेसो गीतमार्फत पोख्ने आदि सन्दर्भ तीजे गीतले खोज्छ । तर विवाहमण्डपको आसपासमा बसेर गाउँदा त्यो गीत ओजपूर्ण तीजे गीत हुन सक्दैन । त्यसैले तीजे गीत गाउन तीज पर्वकै सन्दर्भ हुनुपर्दछ । तीज पर्वपछि गाएको तीजे गीत पनि ओजपूर्ण तीजे गीत हुँदैन । त्यसैले हरेक तीजे गीत पुष्टिनका लागि आफ्ना सन्दर्भ खोजेका हुन्छन् । हरेक देशका लोकगीतका भेदमा देश अनुसारका सन्दर्भ पोतिएका हुन्छन् । त्यस्तै नेपाली लोकगीतका विभिन्न विधाहरू मध्ये पर्वगीत अन्तर्गत पर्ने तीजे गीतका विभिन्न सन्दर्भ पनि नेपाली समाज, धर्म, पर्व, संस्कार तथा संस्कृति भाषा, लोकसङ्गीत, पोशाक अनुसारका सन्दर्भले सिंगारिएका हुन्छन् । सन्दर्भको बासना आएको गीत नै तीजे गीत हुन्छ ।

## ४.३ विषयवस्तुका आधारमा तीजे गीतको अध्ययन

तीजे गीत बन्नका लागि चाहिने प्रमुख तत्त्व विषयवस्तु र भाव हुन् साना बालगीत देखि ठूलाले गाउने लामो संरचनायुक्त गीतसम्मका सबै आकृतिका गीतमा कुनै न कुनै विषयवस्तु र भाव आएको हुन्छ । गीतको भाव सहज हुन्छ । विषयवस्तु आएका तीजे गीत सामाजिक सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक वैज्ञानिक, हाँस्य विषयसँग कुनै न कुनै भाव गाँसिएर आएको हुन्छ । जस्तै : धार्मिक रूपमा भक्तिभाव, प्रेम गीतमा प्रेम भाव, रत्यौली र हँस्यौली वा हास्य गीतमा हाँस्य भावको बहुलता हुन्छ । तीजे गीत गाउने क्रममा महिला दिदीबहिनीहरूले समाजमा भएका विभिन्न पक्षहरूलाई तीजे गीतको विषयवस्तु बनाएर गीत मार्फत व्यक्त गर्दछन् । जस्तै : नारीको विरह, देउरानीजेठानीको झगडा, सासू ससुरा, नन्द देवर साथै श्रीमानले गरेको अपहेलनाको बारेमा अनि तीजमा माइत जान नपाउनेको दुखेसो, नारी र पुरुषको हक बराबरी हो, गरीबको पीडा, आजकलका युवा तीज नारीहरूको महान चाड, संस्कृति जोगाऊँ विकृति हटाऊँ जस्ता विभिन्न प्रकारका विषयवस्तु बनाएर तीजे गीत गाउने गरिन्छ । विषयवस्तु र भाव नभई तीजे गीत अपूर्ण हुन्छ । त्यसैले विषयवस्तु र भावलाई तीज गीतको अनिवार्य तत्त्व भनिएको हो र कास्की जिल्लाको लेखनाथ क्षेत्रमा माथि उल्लेखित विषयवस्तु र भाव भएका तीजे गीतहरू गाइन्छन् ।

### ४.३.१ सामाजिक विषयवस्तु

तीजे गीत सामाजिक रूपमा महिलाहरूले गाउने पर्वगीत हो । तीजे गीतका रचनाकार गाउँका महिलाहरूनै हुन् । समाजमा भए गरेका विकृति विसङ्गतिहरूलाई प्रस्तुत गर्दै तीजे गीतहरूको रचना भएको पाइन्छ । समाजमा भएका वा हुने गरेका भेदभाव, दुर्व्यवहार, धनी, गरिब, वालविवाह, उचनिच जात, बहुविवाह सासूले बुहारीलाई गर्ने व्यवहार, सौतासौता बीचको टकराव, साथै नन्द

अमाजु देवर जेठाजुको व्यवहार आदिलाई प्रस्तुत गरेर सामाजिक खालका तीजे गीत गाउने गरिन्छ। त्यस्तै गरी लेखनाथ क्षेत्रमा पनि यस्तै खालका समाजमा व्याप्त हुने गरेका तीजे गीतहरू गाइन्छन्।

समाजमा व्याप्त विकृति, विसङ्गतिहरूलाई प्रस्तुत गी महिलाहरूले गाउने गीतलाई सामाजिक तीजे गीत भनिन्छ। समाजमा भए गरेका कुराहरूलाई गीतमा समेटी महिलाहरू एकजुट भइ गाउने गर्दछन्। लेखनाथ क्षेत्रका तीजे गीतको संरचना सारपूर्ण छन्। गीतमा संरचना दुई प्रकारका हुन्छन्। बाह्य संरचनाले गीतको आवरणलाई चिनाउँछ भने आन्तरिक संरचनाले गीतको सार कुरालाई बुझाउँछ।

सामाजिक तीजे गीत गाउँदा महिलाहरूले सरल र सबैले बुझ्ने खालको साथै समय परिवेशसँग मिल्दो भाषा प्रयोग गरेका हुन्छन्। त्यसैगरी लेखनाथ क्षेत्रमा गाइने तीजे गीतहरू पनि यस्तै खालका गाउने गरिन्छ। यस क्षेत्रमा गाउने सामाजिक तीजे गीत लोकजीवनमा प्रचलित सजिलै बुझ्न सकिने भाषाको प्रयोग गरेको पाइएको छ। विशेष गरी यस क्षेत्रमा गाइने तीजे गीतको भाषा प्रसाद गुणयुक्त गाइएको पाइन्छ। जस्तै :

- **नारी सक्षम भएदेखि दाइँजो किन चाहिन्छ ,**
  **स्वावलम्बी बनेर जीवन बिताइन्छ।**
- **नारीहरू एकजुट भई एकतामा बढौ न,**
  **दाइजो प्रथा विरोधमा अघि बढौ न।**

(परिशिष्ट क (३९) दाइजोप्रथा)

उपर्युल्लिखित तीजे गीतमा समाजमा भएका विकृतिलाई हटाउनुपर्छ। हाम्रो समाजमा छोरीको विवाह गर्दा धन सम्पत्ति दिनुपर्ने, यदि नदिएमा छोरीलाई घर परिवारले नराम्रो व्यवहार गर्ने र सधैं भरि रुनु पर्ने हुन्छ। अब यस्तो विवाहमा दाइँजो दिने प्रथा वा चलन अन्त्य गर्नुपर्छ। नारी सक्षम भए जीवन निर्वाह गर्न सजिलै सक्छन्। नारीहरू एकजुट भई अगाडि बढी समाजमा चलेको दाइँजो प्रथाको विरोधमा लाग्नु पर्छ। र समाजमा भएका हरेक विकृति र विसङ्गतिलाई जरै देखि उखेल्नु पर्छ भन्ने सन्देश उल्लिखित तीजे गीतले दिएको छ। त्यस्तै गरी अर्को सामाजिक तीजे गीतको नमुना यस प्रकार उल्लेख गरिएको छ :

- सिरफुल कमाउँदै बाकसुमा राखँदै,
  सौतेनीलाई होला कि मलाई बरिलै ?
- जुनीले रिजाउली ज्ञानले र गुनले,
  उसैलाई लरिकाइ दिम्ला बरिलै।

(परिशिष्ट क (१८) सौतेनीलाई होला कि मलाई बरीलै)

उपर्युल्लिखित सामाजिक तीजे गीतले हाम्रो समाजमा लोग्ने मान्छेले दुई, तीन विवाह गर्ने चलन अनि गहनगुरीया बनाइदिँदा जसुले राम्रो काम गर्छ, जसुले गुन र ज्ञानले परिवारका सदस्यलाई रिझाउँछ, भिजाउँछ उसैलाई गहना लगाइदिने परिपाटीलाई व्यक्त गरिएको छ ।

- नारी रूपले लिएर जन्म भयो लोकमा,
  थिचिएर बस्नुपर्ने सबै थोकमा ।
- बस्नुपर्ने पिजंडाको सुँगा सरी भएर,
  बोल्यो कि त उत्ताउली भन्छन् लौ हेर ।
- कुवाको भ्यागुतो भनी हाम्लाई ठान्दछन्,
  के कम छौ र राष्ट्रपति महिला बन्दछौँ ।
- पुरुषको अहंकार महिला दमन गर्नु छ,
  व्यर्थै यिन्लाई भगुवान हाम्ले ठान्नु छ ।

(परिशिष्ट क (२३) नारी हक अधिकार)

उल्लिखित तीजे गीतमा नारीको रूप लिएर यस धर्तीमा जन्मियौ । नारीहरू सबै कुरामा थिचिएर बस्ने परेको, पिजँडाको सुँगा झै कतै जान नपाउने, केही बोलेदखी उत्ताउली भन्ने र नारीहरूलाई कुवाको भ्यागुतो जस्तो घरभित्र मात्र सिमित हुन् भन्ने सोच राख्ने पुरुषवादी हैकम गीतमा प्रस्तुत भएको छ । तर नारीहरू भने पुरुष भन्दा आफू कम नभएको र राष्ट्रपति पनि बन्न सक्ने खुवी महिलाहरूमा पनि छ भनेर उल्लिखित तीजेगीतमा स्पष्ट पारिएको छ । त्यस्तै गरी अर्को सामाजिक तीजे गीतको नमुना तल उल्लेख गरिएको छ :

- गाउँका दाजु बुवा पनि तास बढी नखेलौँ,
  सुधारमा लागै अब जरै उखेलौ ।
  यो गाउँको विकृति त हटाउनै पर्ने वाइ,
  सक्छौ कि सक्दैनौ भन दाजुभाइ ?
- तीज आयो तीज आयो साडी हाम्लाई रेशम,
  कम गर चेलीबेटी बाहिरी फेसन ।
  यो गाउँको विकृति त हटाउनै पर्ने वाइ,
  सक्छौ कि सक्दैनौ भन दाजुभाइ ?
- हेप्पी बर्थ डे नानी बाबु दियो बाल ननिभाऊ,
  केक होइन हाम्रो खाना सेल पकाऊ ।
  यो गाउँको विकृति त हटाउनै पर्ने वाइ,
  सक्छौ कि सक्दैनौ भन दाजुभाइ ?

परिशिष्ट क (३३) सस्कृति जोगाऊँ विकृति हटाऊँ)

उपर्युल्लिखित तीजे गीतमा समाजमा हुने गरेका वा भएका नराम्रा काम वा विकृतिलाई जरै देखि उखेलौँ र गाउँका दाजुभाइ, बुबालाई तास खेल्नबाट रोकौँ । तास खेलेर कति दाजुभाइले घर खेत, धनसम्पत्ति सकेका छन् र छोरा छोरीलाई ऋणमा डुबाएका छन् । त्यसैले उनीहरूलाई सम्झाएर सुधारको बाटोमा लाग्नु पर्छ र गाउँको विकृति हटाउन सकिन्छ कि सकिदैन भनेर चेलीबेटीले दाजुभाइलाई प्रश्न गरेका छन् । त्यस्तै गरी हामी नारीहरूले पनि आफ्नो देशको भेषभुषा वा पोशाक साडी लगाऔँ बाहिरी फेसन नलगाऔँ । आफ्नै देशको पोशाक लगाएर तीज मनाऔँ, अर्काको देखासिकी नगरौँ र बाहिरी फेसन कम गर्न सक्छौ कि सक्दैनौ भन ? सबै मिले नसकिने आखिर के नै छ र भनेर प्रश्न गरिएको छ । त्यस्तै गरी बाहिरी संस्कृति पनि नभित्र्याऔँ, जन्मदिनको दिन हाम्रै परमपरा वा संस्कृति अनुसार दियो बालौ ननिभाऔँ र बर्थ डे को दिन विदेशी खाना केक होइन हाम्रै नेपाली खाना सेल रोटी पकाएर जन्म दिन मनाऔँ । अर्काले जे गरे त्यही देखासिकी नगरौँ र आफ्नै संस्कृति जोगाऔँ भन्ने भाव माथिको तीजे गीतमा उल्लेख गरिएको छ ।

- संस्कृति आफ्नो बचाउँ बरिलै,  
  चलन र चल्तीलाई जोगाउँ बरिलै ।
- केटाहरूको लामो कपाल छत्रे टोपी बाङ्गो,  
  केटीहरूको सकेसम्म आधा शरीर नाङगो ।  
  ओइलेको फुललाई रोपौँ बरिलै,  
  आधा त्यो शरीरलाई छोपौँ बरिलै ।
- घरमा मान्ने तीजलाई अहिले डिस्को धाउन थाले,  
  आफ्नै रीतिरिवाज अनि संस्कृति कहाँ फाले ।  
  नफाल समय खेर बरिलै,  
  भित्रियो विकृति हेर बरिलै ।
- सानो कुरा निकालेर गर्छन् नि बहाना,  
  लाउनै पर्ने अरे तीजमा सुनका गहना ।  
  हातमा हात मिलाउ ओई बरिलै,  
  के हुन्छ गहना लाई बरिलै ।

(परिशिष्ट क (२०) संस्कृति जोगाऔँ)

यसरी उपर्युल्लिखित तीजे गीतमा आफ्नो संस्कृति र चलनचल्तीलाई जोगाऔँ भनिएको छ । अहिलेको फेसन केटाहरूले कपाल पाल्ने, टोपी बाङ्गो गरी लाउने र केटीहरूले छोटा छोटा (एक वित्ताका) कपडा लगाउने र आधा शरीर नाङ्गो हुने यो चलनलाई सुधारौँ र शरीर ढाक्ने कपडा लगाऔँ भनी सुधार मुलक कुराहरू व्यक्त गरेको छ । साथै घरमा मान्ने तीजलाई अहिले पार्टीप्यालेस वा डिस्कोमा धाउन थालेको परिपाटी अनि यसरी समय खेर नफालौँ यसले गर्दा विकृति भित्रियो । एक

महिना पहिलेबाट दर खाने भनी पार्टीप्यालेस धाउने परिपाटीलाई कम गरेर आफ्नै घरमा गाउने, नाच्ने र जे छ त्यही खाएर तीज मनाउन पर्छ। तीजमा सुनका गहना लाउनै पर्छ भन्ने छैन आखिर सुनका गहना लगाएर के हुन्छ र भनी उल्लिखित तीजे गीतले स्पष्ट पारेको छ। त्यस्तै गरी अर्को सामाजिक तीजे गीतको नमुना यस प्रकार उल्लेख गरिएको छ :

- जाड रक्सी जुवातास साथी भाइको लतमा,
  यही कारणले घटेका छन् अनेक घटना ।
- काम गर्ने युवाहरू कुलतमा फँसेर,
  गाँजा चुरोट खाने गर्छन गल्ली पसेर ।
- छोरा छोरी कुलतमा फँसे कि त राखौ ध्यान,
  यही कारणले भविष्यमा जान सक्छ ज्यान ।
- बा आमाले ख्याल नगर्दा पछि पर्छ रुनलाई,
  बेलै माथि विचार गरौँ सजग बन्नलाई ।

(परिशिष्ट क (३४) आजकालका युवा)

उल्लिखित तीजे गीतमा अहिले हाम्रो समाजमा भएका जाँड, रक्सी, जुवातासले गर्दा अनेक घटना भएका छन्। युवाहरू पनि कुलतमा फँसेर गाँजा चुरोट लुकी छिपी खाने गर्छन्। त्यसैले अभिभावकले वा घरपरिवारले आफ्ना छोराछोरीको राम्रोसँग विचार गरौँ र यस्ता घातक लागु पदार्थ र कुलतमा लाग्नबाट आफ्ना छोरा छोरीलाई बचाऔँ साथै बेलैमा विचार गरौँ। यसमा हामी सबै सजग वा सचेत हुनु पर्छ भन्ने भाव उल्लिखित तीजे गीतले प्रस्तुत गरेको छ।

- घटना घट्छन समाजमा अकाल्पनिय दिनदिन ,
  नारीमाथि अन्याय र अत्याचार किन ?
- कोहीलाई यातना दिइन्छ कोहीलाई जिउँदै जलाइन्छ,
  बाटोघाटो बलत्कारको शिकार भइन्छ ।
- सृष्टिचक्र चलाउने धर्ती माता नारीलाई,
  खेलौनाको सामान हैनौ बुझ्र बरिलै ।
- पुरुषवादी हैकमको अन्त्य हाम्ले गर्नु छ,
  शोषणमुक्त समाजको निर्माण गर्नु छ ।

(परिशिष्ट क (४३) महिला हिँसा अन्त्य)

उपर्युल्लिखित तीजे गीतमा समाजमा अकल्पनीय घटना भएका छन्। नारीमाथि अन्याय र अत्याचार गरिएको, कोहीलाई दाइँजो ल्याइन भनेर यातना दिइन्छ, बाटोघाटोमा महिला माथि बलत्कारको सिकार भएको, सृष्टि चलाउने धर्तीमाता नारीलाई खेल्ने खेलौना नसम्झ भनेर पुरुषहरूलाई भनिएको कुरा उल्लिखित गरिएको छ। साथै महिला माथि हुने पुरुषको हैकम अन्त्य गर्नु

पर्छ र महिला माथि हुने शोषणमुक्त समाजको निर्माण गर्नु पर्छ भन्ने भाव माथिको तीजे गीतले प्रस्तुत गरेको छ ।

### ४.३.२ आर्थिक विषयवस्तु

अर्थ वा धनसम्पत्ति आदि पक्षलाई विषयवस्तु बनाई निर्माण गरिएका गीतहरूलाई आर्थिक तीजे गीत भनिन्छ । तीजे गीत बन्नका लागि चाहिने प्रमुख तत्त्व विषयवस्तु हो । विषयवस्तु आर्थिक पक्षलाई बनाई तीजे गीत निर्माण गरिएका हुन्छन् । तीजे गीतमा धनी गरिब, तीजमा दिदी बहिनी बट्याउनका टन्टो, जस्ता धनसम्पत्तिलाई विषयवस्तु बनाइ तीजे गीत गाउने गरिन्छ । साथै तीजमा आप्नो आर्थिक स्थिति कमजोर हुनेले तीज पर्व राम्रोसँग मनाउन नपाएको, आफ्ना छोराछोरीलाई भेदभाव गर्नुपरेको, अर्थको जोहो गर्न जस्तासुकै काम पनि गर्नुपरेको स्थितिलाई आर्थिक तीजे गीतको विषयवस्तु बनाई तीजे गीत मार्फत व्यक्त गर्ने गरिन्छ । जस्तैः गरिबको पीडा गरिबकी छोरी रैछे भन्छन् बरिलै आदि ।

- दिनुभयो बाबाले कालीलेक खोजेर,
  न पढेको न इलमी केटो रोजेर ।
- हुनी खानी माइती भए पढाइदिन्थे छोरीलाई,
  गरिबकी छोरी रैछे भन्छन् बरिलै ।
- घर बस्न नसकेर माइत आउन थाल्छे कि,
  भन्नुहुन्छ बाबाले इज्जत फाल्छे कि ?

(परिशिष्ट क (४६) गरिबकी छोरी रैछे भन्छन् बरीलै)

उपर्युल्लिखित आर्थिक विषयवस्तुका तीजे गीतमा आर्थिक रूपमा कमजोर भएकै कारण बाबाआमाले छोरीलाई नपढाएका, छिट्टै कलिलै उमेरमा विवाह गरिदिएका अनि श्रीमान् पनि नपढेको, जागिर नभएको जसका कारण घर परिवारका सदस्यबाट अपहेलित हुनुपरेको साथै बाबा आमाले घर बस्न नसकेर माइत आएर इज्जत फाल्छे कि भनेर डराउनु वा मन धमिलो हुनु करुण भाव उल्लिखित तीजे गीतमा प्रस्तुत गरिएको छ । त्यसै गरी आर्थिक तीजे गीतको अर्को एक नमुना तल प्रस्तुत गरिएको छ :

- तीज आयो तीज आयो भन्छन् सबै जनाले,
  कहिल्यै पनि पुगेन मलाई धनले ।
- सँगीसाथी सबै हेर्छु लाएको र खाएको,
  मलाई किन सधै भरि दुःख भएको ?

(परिशिष्ट क (२७) नारीको विरह)

उपर्युल्लिखित तीजे गीतमा आर्थिक जीवनको चित्रण गरिएको छ। आर्थिक रूपमा कमजोर भएकै कारण चाडबाड आए पनि आफ्नो मनमा आएजस्तो नलाग्ने, धन सम्पत्तिको सधैं अभाव वा दुःख खड्किने अनि सबै साथी सँगीले राम्रो राम्रो लगाएको देख्नु र आफूलाई धनले नपुगेर राम्रो लगाउन र मिठो खान नसकेको अवस्थालाई उजागर गर्दै तीजे गीतको माध्यमबाट आफ्ना मनका यथार्थलाई व्यक्त गरिएको छ। त्यस्तै गरी आर्थिक तीजे गीतको अर्को एक झलक तल उल्लेख गरिएको छ :

- दुबइ माने कसौडीलाई इटाको चुलो छ,
  धन सम्पत्ति छैन बाबा त्यसै ठूलो छ।
- उसिनेका चामलु नाङलामा केलाउनी,
  भित्र भात बसालेर बाहिर गनाउनी।
- दुबई मुठी चामलुमा पन्ध्र मुठी पानी,
  रसपस छैन बाबा क्यारी खानी।

(परिशिष्ट क (२४)चेलीको विलौना)

उपर्युल्लिखित आर्थिक तीजे गीतमा बाबाआमाले छोरीलाई धनसम्पत्ति केही नभएकोलाई दिएका त्यसमा पनि श्रीमान त्यसै सम्पत्ति भएजस्तो ठुलोपन भएको साथै आर्थिक स्थिति कमजोर भएका कारण नमिठो उसिनेका चामलको भात भित्र पकाउँदा बाहिर गन्हाउने त्यसमा पनि प्रसस्त नभएका कारण दुइ मुठी चामलमा पन्ध्र मुठी पानी हालेर छाक टार्नुपर्ने अवस्था आर्थिक कमजोरका कारण थोरैले धेरै दिन पुऱ्याएर खानुपर्नेपर्ने अवस्थालाई उल्लिखित गीतले प्रस्तुत गरेको छ। त्यस्तै गरी आर्थिक तीजे गीतको झलक तल उल्लेख गरिएको छ :

अरिकाको धान लगेर त्यसै खाम्ला भनेर,
लानी भए लैजा धान पैसा गनेर।
कति बचन लाउनु भयो अहिले एकै बातमा,
सुका पैसा छैन साउजी मेरो साथमा।
धान पाइएन भनेरै बाबा घर आउनु भो,
आमा त अलापेर रुन लाग्नु भो।

(परिशिष्ट क (४) गरिबको पिँडा)

पोखरा लेखनाथ क्षेत्रअन्तर्गत पर्ने तीजे गीतको अध्ययन गर्ने आधारहरूमध्ये आर्थिक जीवनको चित्रण पनि महत्त्वपूर्ण मानिन्छ। त्यसैले उल्लिखित तीजे गीतमा पैसा जीवनका हर क्षेत्रमा आवश्यक पर्दछ। तीज मान्ने क्रममा सबैसँग भेटघाट हुन पाइने तर आर्थिक स्थिति कमजोर भएका कारण साहुको ऋण तिर्न नसकेको तीज मान्नका लागि साहूसँग धान माग्दा, पैसा दिए मात्र दिने नत्र नदिने कुरा व्यक्त गरेको, तर आफूसँग पैसा नभएको, धान पाइएन भनेर बाबा रित्तै घर फर्केपछि अब तीज

पर्व कसरी मान्ने भनी आमाले पीर मानेर रुनु जस्ता दयनीय अवस्था उल्लिखित तीजे गीतमा प्रस्तुत गरिएको छ ।

### ४.३.३ धार्मिक विषयवस्तु

धर्मसँग सम्बन्धित विषयवस्तुलाई मूल आधार बनाएर गाइने तीजे गीतलाई धार्मिक तीजे गीत भनिन्छ। लेखनाथ क्षेत्रका मानिसहरू धर्ममा बढी विश्वास गर्ने, ईश्वरप्रति भक्तिभाव राख्ने, पाप धर्म, स्वर्ग नर्क आदिका कुरा गर्ने भएकाले धर्मसँग सम्बन्धित गीतहरू थुप्रै गाएको पाइन्छ। गीत सङ्कलनका क्रममा धेरै जसो बुढी आमाहरूले धर्मसँग सम्बन्धित वा धर्मलाई विषयवस्तु बनाएर गीत गाएको पाइयो जुन गीत पुराना, रमाइला र गहन भाव बोकेका छन्। जस्तैः धर्मलाई विषयवस्तु बनाएर गाइएका तीजे गीत निम्न प्रकार छन् :

- सुन्तलाको रुख चढी हेर भैया लक्षुमण,
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौ र महिनाको अष्टमीको राती,
  किस्नबाला जन्मेको हो कि होइन ?
- कृष्णजीको जन्म भयो मथुराको जेलैमा,
  कंश मामा आइपुग्यो त्यसै बेलामा ।

(परिशिष्ट क (१६) कृष्णबाला)

उल्लिखित धार्मिक तीजे गीतमा भाद्र महिनाको अष्टमीको रात भगवान् कृष्ण मथुराको जेलमा जन्मेको कुरा विभिन्न फलफूलका नाम लिंदै भन्दै गरिएको छ। त्यसैगरी पोखरा लेखनाथ क्षेत्रमा पनि भदौको कृष्णाष्टमीका दिन भोकै बसी रातीको बाह्र बजे भगवान् कृष्णको पूजा आरधाना गरिन्छ। भगवानकै गीत गाएर नाच्ने, गाउने गरिन्छ। यस क्षेत्रमा गाइने तीजे गीतको केही अंशलाई माथि प्रस्तुत गरिएको छ।

- फुका केश जुम्ला हात,
  ठूलो हाम्रो बरित ।
- ल्याउन बाबा ल्याउन आमा,
  बरितैको दियो है ।
- बरितैको दियो चेली,
  सातै भाइको साझो ।
- लैजाऊ चेली लैजाऊ चेली ,
  सुवर्णको दियो बरिलै ।

- सुवर्णको दियो चेली,
  हाम्रै ग्रिहे होला है ।

(परिशिष्ट क (२९) फुका केश जुम्ला हात)

यसरी पोखरा लेखनाथ क्षेत्रमा धार्मिक तीजे गीत गाउने गरिन्छ । उल्लिखित धर्मसम्बन्धी तीजे गीतले नारीहरूले भगवान् श्रीकृष्णको आरधना गर्दा केश (कपाल) फुकाएर दुइ हात जोडी नमस्कार गरी भगवान्को व्रत गर्नु बरितको दियो आफ्ना बाबा आमासँग माग्दा सात दाजुभाइको साझो हो दिन मिल्दैन त्यसैले सुवर्णको दियो लैजाऊ, सुवर्णको दियो हाम्रै घरमा छ भनी बाबा आमाले छोरीलाई भगवान्को पूजा गर्न सुवर्णको दियो दिएको भक्तिभाव तीजे गीतले प्रस्तुत गरेको छ ।

- शिरै लाउनी श्रीफूल भाग्य भए लाम्ला
  ऋषि हाम्रा दाजीलाई कहाँ पाम्ला ।
- कानै लाउनी ढुमरी भाग्य भए लाम्ला,
  काइँला हाम्रा दाजीलाई कहाँ पाम्ला ।
- हातै लाउनी चुरिया भाग्य भए लाम्ला,
  सातै भाइ सप्तऋषि कहाँ पाम्ला ।

परिशिष्ट क (१४) सप्तऋषि कहाँ पाउँला

उल्लिखित धार्मिक तीजे गीतमा नारीहरूले लगाउने सबै गहनागुरियाको वर्णन गरी सबै गहना भाग्य भए लाउन पाइन्छ तर आफ्ना दाजुभाइ र साते भाइ सप्तऋषि पाउन पाउन गाह्रो हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

- कुन बेला जाम्ला कुन बेला आम्ला,
  कुन बेला गरम्ला देउती ध्यान ।
- कसरी जाम्ला कसरी आम्ला,
  कसरी गरम्ला देउतीको ध्यान ।
- सरासरी जाम्ला सरासरी आम्ला,
  घुमी घुमी गरम्ला देवतीको ध्यान ।

परिशिष्ट क (१५) कुन बेला जाम्ला

उल्लिखित गरिएका धार्मिक तीजे गीतमा भगवान्को ध्यान गर्न बिहान सबेरै घाम उदाउँदा जाने र भगवान्लाई घुमेर (परिक्रमा) दुई हात जोडी नमस्कार गर्ने भनेर यस तीजे गीतमा भगवान्को स्मरण गरिएको छ ।

- कहाँ पो जान्छौ रानी चरी बगाल
  भगुवानलाई भेट्न नि बरिलै
- भगवान्लाई भेट्न जाँदा के के पाहु र चाहिन्छ,

त्यही हाम्लाई बनाइदेउन बरिलै ।

- एकुमा चाहिन्छ श्रीखण्ड चन्दन,
  दोसरी बेलपत्र नि बरिलै ।
- बेलपत्र समाइ दाइने ब्रत गरी,
  भगुवानलाई चढाउँला नि बरिलै ।

परष्शिट क (४८) भगुवानलाई चढाउँला नि बरिलै

उल्लिखित धार्मिक तीजे गीतमा भगवान्लाई दर्शन गर्न जाँदा श्रीखण्ड र बेलपत्र दाहिने हातले समाइ नमस्कार गरी भगवान्लाई चढाउँला भनेर तीजे गीतमा धर्म सम्बन्धी कुरा प्रस्तुत गरिएको छ ।

### ४.३.४ शैक्षिक विषयवस्तु

शिक्षा क्षेत्रसँग सम्बन्धित विषयवस्तु भएका गीतलाई शैक्षिक तीजे गीत भनिन्छ । त्यसैले शिक्षालाई विषयवस्तु बनाएर तीजे गीत गाउने गरिन्छ । जस्तैः छोराछोरी दुवैलाई पठाउनु पर्छ । शिक्षाले जगत्को भलो गर्दछ, महिला शिक्षा विना विकास असम्भव, नपढेकी श्रीमती, विनाशकारी भुकम्प आदि जस्ता शिक्षा सम्बन्धी विषयवस्तु राखेर तीजे गीतको शैक्षिक विषयवस्तु आएको छ । जस्तैः शैक्षिक विषयवस्तुमा आाधरित तीजे गीत :

- शिक्षकले भनेको सबै कुरा मानेर,
  ठूला मान्छे बन्छौ हामी सीप जानेर ।
- विद्या ज्ञानको ज्योति हो सबले लिनुपर्दछ,
  शिक्षाले नै जगत्को भलो गर्दछ ।
- सबै किताब हामीहरू मिलाएर पढ्दछौ,
  देश विकास गर्नलाई अघि बढ्दछौ ।
- सफा सुग्घर भइ बस्छौ सबका आँखा पर्दछन् ,
  भाइबैनीले तिनै कुरा सिको गर्दछन् ।

परिशिष्ट क (४१) शिक्षाले जगत्को भलो गर्दा

उल्लिखित शिक्षा सम्बन्धी तीजे गीतमा विधा ज्ञानको ज्योति हो । विद्यार्थीले शिक्षकले सिकाएको सीप सिकेर ठूलो मान्छे बन्छौ । शिक्षाले नै सारा जगत्को भलो सही बाटोमा हिँड्न सिकाउँछ । त्यसैले विद्यार्थीले सबै किताब मिलाएर पढ्छौ र देश विकासमा अघि बढ्छौ । गुरुले सिकाएको ज्ञान सिकेर ठूलो मान्छे बन्छौ भन्ने कुरा माथिको शैक्षिक तीजे गीतमा प्रस्तुत गरिएको छ ।

- बाबाका दैलामुनि ठूलो रुख बडर,
  धेरै छोरी भए भनि हेलाँ नगर ।
- धेरै छोरी भए पनि आफ्नै कर्म खानी हो,
  रुँदै रुँदै अरिकाको घर जानी हो ।

- धेरै छोरी भए पनि शिक्षा तालिम दिनुहोस् ,
  आफ्नै सन्तान सम्झेर समान गर्नुहोस् ।
- शिक्षा तालिम दिएपछि छोरी धेरै बुझ्नेछन्,
  बाबा आमा दुःख पाउँदा आँसु पुछ्नेछन् ।
- छोरीलाई पढाउनुहोस् आइ.ए.बी.ए. एम.ए पास,
  अशिक्षा र अन्धकारमा फेर्छन् लामो सास ।

परिशिष्ट क (४२) छोरी हेलाँ

उपर्युल्लिखित शिक्षा सम्बन्धी तीजे गीतमा छोरीले आफ्ना बाबा आमालाई धेरै छोरी भए पनि पठाइदिनुहोस् । शिक्षा तालिम दिनुहोस् आफ्ना सन्तानलाई समान व्यवहार गर्नुहोस् । शिक्षा हासिल गर्न पाए धेरै बुझ्ने हुने छन् र आफ्ना बाबा आमाको दुःखमा आँसु पुछ्नेछन् । त्यसैले छोरीलाई उनीहरूले पढ्न चाहेसम्म पढाइ दिनुहोस् । नारी शिक्षित भए पछि अन्धकारमा पनि सुखको अनुभूति गर्न सक्नेछन् भन्ने कुरा माथिको तीजे गीतमा प्रस्तुत गरिएको छ ।

- पुरुष जस्तै देश विकासमा महिलाको नि हात छ,
  अघि बढ दाजुभाइ हाम्रो साथ छ ।
- नारी शिक्षित भएपछि देश विकास हुनेछ,
  छिट्टै देशले प्रगतिको शिखर छुने छ ।
- महिला शिक्षित भएपछि बन्छ राम्रो परिवार,
  अब हामी नारीले नमानौ है हार ।
- गर्नुपर्छ सबै काम महिला पुरुष जुटेर,
  कसै हुन्न देश विकास महिला छुटेर ।
- अघि बढौँ सबैजना हातमा हात राखेर,
  काम गरौ प्रगतिको स्वाद चाखेर ।

परिशिष्ट क (४०) महिला विना विकास असम्भव

उल्लिखित शैक्षिक तीजे गीतमा वर्तमान समयमा नारी अगाडि बढेका छन् । देश विकासमा पुरुष जस्तै महिलाको पनि हात छ । हामी नारीहरू पनि दाजुभाइहरूसँग मिलेर समाजमा भएको रुढीवादी प्रवृत्ति फाल्नलाई साथ दिन्छौँ । नारी पुरुष मिलेर देश विकासमा लाग्यौ भने अवश्य देशको मुहार फेरिने छ । एउटी महिला शिक्षित हुनु भनेको एउटा परिवार शिक्षित हुनु हो । त्यसैले महिला विना विकास असम्भव छ । महिलाहरूले केही गर्न सक्दैनौ भनेर हार खानु हुँदैन हटेर हैन डटेर अघि बढ्नु पर्छ र देशलाई अँध्यारोबाट उज्यालोमा लम्काउनुपर्छ । त्यसैले देश विकासको कार्यमा महिला पुरुष एकजुट भएर अगाडि बढ्नुपर्छ भन्ने भाव माथि उल्लिखित तीजे गीतमा प्रस्तुत गरिएको छ ।

### ४.३.५ राजनीतिक विषयवस्तु

राजनीतिक विषयवस्तु भनेको देशका जनता र नेता साथै विकास निर्माण सम्बन्धी विषयवस्तु राखेर पनि तीजे गीत गाउने गरिन्छ । नेताहरूले पहिला भोट माग्ने बेलामा विकास गर्छौं भनेर चिल्ला भाषण गर्ने तर जनताले चुनावमा जिताएर पठाएपछि फर्केर नहेर्ने आफ्नो स्वार्थ मात्र पुरा गर्ने देश विकास नगर्ने कुर्ची तानातानमा मात्र तल्लीन हुने नेताहरूको बारेमा राजनीतिक विषयवस्तु राखेर तीजे गीत गाउने गरिन्छ । त्यसैले राजनीतिक विषयवस्तु तीजे गीतको तत्त्व बनेर आएको छ । जस्तै

- सुनीदेउन ध्यानपूर्वक यो मनको बेदना,
  ल्याउनु पर्ने भयो छिटै जनचेतना ।
- राजतन्त्र गए पनि सुख शान्ति आएन,
  गरिब दुःखी जनताले हाँस्न पाएनन् ।
- चुनाव जित्ने बेलामा गर्छन् चिल्ला भाषण,
  आफू माथि गएपछि जनता शोषण ।

परशिष्ट क (३०) जनचेतना

उपर्युल्लिखित पोखरा लेखनाथ क्षेत्रमा प्रचलित राजनीतिक विषयमा आधारित तीजे गीतले हाम्रो देशका नेतालाई जनताले आफ्ना मनका वेदना पोखेका छन् । हाम्रो देशमा राम्रो काम गर्ने चेतना ल्याउनुपऱ्यो जुन राजतन्त्र आए पनि जनताले सुख शान्ति नपाएको, गरिब दुःखी जनताले खुसीले हाँस्न नपाएको, नेताहरूले चुनाबको बेला आफूले जित्नको लागि मात्र विकासका काम गर्छौं । गरिब दुःखी जनतालाई गास, बास, कपासको व्यवस्था गर्छौ भनेर फुस्रो आश्वासन देखाउने, चुनाव जितेर गएपछि जनतालाई फर्केर नहेर्ने, दुःखी गरिबको घर चाडवाड मान्ने रासन पानी नहुँदा पनि वास्ता नगर्ने नेताहरूले जनताप्रति गरेको क्रियाकलापलाई माथिको तीजे गीतले प्रस्तुत गरेको छ । साथै नेताहरूको बोली एउटा व्यवहार अर्को गरेको कुरालाई व्यङ्ग्य गरेको छ । त्यस्तै गरी अर्को राजनीतिक तीजे गीत निम्न प्रकार उल्लेख गरिएको छ :

- नेता जति बस्न थाले सरकार मात्र फेरेर,
  कठैबरा जनता बस्छन् बाटो हेरेर ।
- तर यो देशमा राम्रो सरकार बनाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

  ×  ×  ×

- गणतन्त्र आएपनि खोइ त यो देश फेरेको,
  जुनै जोगी आए पनि कानै चिरेको ।

- तर यो देशमा गणतन्त्र सदुपयोग गर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ?

×   ×   ×

- नेपालको सीमा मिची भारतले लइसक्यो,
  हेर जनता नेपालको बेहाल भैसक्यो ।
- तर यो देश सबै मिली जोगाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ?

×   ×   ×

- नेपालको भेषभूषा सारङ्गीको धुन,
  हिमाल, पहाड ,तराई जाति सबै एक हौ न ।
- तर यो देशमा एकता बनाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ?

परिष्शिट क (३१) विकृति र विसङ्गति

उल्लिखित तीजे गीतमा देशको राजनीति सम्बन्धी नेताहरूको क्रियालकापलाई व्यङ्ग्य गरिएको छ । नेताहरू सरकार मात्र परिवर्तन गरेर बस्न थालेको, जनताप्रति वा विकासका कार्यमा वास्ता नगरेको, तर जनता भने नेताहरूले देश विकासका कार्य गर्छन् भनी बाटो हेरेर बसेका तर जनताले सोचे जस्तो काम नभएकोले जनताले अब सरकार राम्रो बनाएर देश विकास गर्न जनताले साथ दिनुपऱ्यो देशमा गणतन्त्र आए पनि देशले मुहार फेर्न सकेन जुन पार्टीको सरकार बने पनि उस्तै त्यसैले तीजे गीतमा जुन जोगी आए पनि कानै चिरेको भन्ने उखान प्रयोग गरिएको छ । जुन नेताले जितेर माथि गए पनि देश विकासमा ध्यान नदिएको ,उता नेपालको सीमा भारतले मिचेर लगेको र नेपालको बेहाल भएको अवस्था गीतमा प्रस्तुत गरिएको छ । त्सैगरी हामी नेपाली हिमाल, पहाड, तराइ एक भएर हातमा हात मिलाइ यो देशलाई जोगाउनु पऱ्यो र आफ्नो देशको सीमा विदेशीलाई हस्तक्षेप गर्न नदिन सबै नेपाली जागरुक भएर अगाडि बढ्नुपर्छ र आफ्नो देशलाई बचाउनुपर्छ भन्ने भाव माथिको राजनीतिक तीजे गीतले स्पष्ट पारेको छ ।

### ४.३.६ ऐतिहासिक विषयवस्तु

इतिहाससँग सम्बन्धित तीजे गीतलाई ऐतिहासिक तीजे गीत भनिन्छ । तीजे गीतहरू रचना गरी पछिसम्म राखिन्छ र पछिल्ला तीजहरूमा गाइन्छन् । इतिहाससँग सम्बन्धित तीजे गीतमा समाजसँग सम्बन्धित महत्त्वपूर्ण घटनाहरू क्रमैसँग राखिन्छन् । तीजमा पछि पढ्दा पछिका पिँढीहरूले जानकारी प्राप्त गर्न सक्छन् र पहिला देशको अवस्था कस्तो थियो र अहिले कस्तो अवस्थामा आएको छ र पहिला तीजे गीत कस्ता गाउँथे र अहिले कस्ता गाइन्छन् भन्ने कुरा थाहा पाउनका लागि

ऐतिहासिक विषवस्तु तीजे गीतको अनिवार्य तत्त्व वा मुटु नै बनेर आएको छ । पहिला घटेका घटनाको स्मरण गराउनका लागि पनि तीजे गीतमा ऐतिहासिक विषयवस्तु समावेश गर्न अति नै जरुरी हुन्छ ।जस्तैः समाजमा घटेका २०७२ सालको विनाशकारी भूकम्प यस अध्ययन पत्रको परिशिष्टमा उल्लेख गरिएको छ । जस्तै :

- २०७२ साल वैशाखको महिना,
  विनाशकारी भूकम्पको सुन बइन ।
- ११ बजेर ५६ मिनेट दिन थियो शनिबार,
  ७.८ को भूकम्पले पिडै सराबर ।
- एकै छिनको भूकम्पले सारा जमिन थर्कायो,
  पृथ्वी नै भासिन्छ कि जस्तो गरायो ।
- गर्ल्याङ गुर्लुङ ढल्न थाले घर अनि भवन,
  ऐतिहासिक धरहर नामै रहेन ।
- कति राम्रो थियो बारपाक त्यहीँ केन्द्र बनायो,
  १२००० घरमा चार अरु शुन्य भो ।
- सिन्धुपाल्चोक, काभ्रे, दोलखा ठूलै भयो क्षति नि,
  जनताको टुट्न थाल्यो जनताको बाँच्ने आशा पनि ।

परिशिष्ट क (४७) विनाशकारी भूकम्प

उपर्युल्लिखित ऐतिहासिक तीजे गीतमा २०७२ साल वैशाख १२ गतेको विाशकारी भूकम्पले नेपालमा ठूलो धनजनको क्षति गरेको कुरा, त्यस्तै गरी गोर्खाको बारपाकलाई केन्द्र बनाएको र नेपालभरि त्यसको पराकम्पनले काठमाडौँको धरहरा लगायत विभिन्न मन्दिरहरू, भवनहरू नाम निशाना नै नरही भत्किएको र भूकम्प पीडित जनताहरूको चिहीलविहील भएको साथै बेला बेलामा गएको पराकम्पनले मानिसहरू घरमा पनि बस्न डराएर बाहिर खुल्ला ठाउँतिर बस्न थालेको सन्दर्भ अनि भूकम्प पीडितलाई राहत बाँड्न भारतले जहाज पठाएको कुरा माथिको ऐतिहासिक घटनामा आधारित तीजे गीतले प्रस्तुत गरेको छ ।

### ४.३.७ मनोरञ्जनात्मक विषयवस्तु

तीजे गीतहरू केवल वेदना छटपटी, पिर व्यथा पोख्नका लागि मात्र नभई रमाइलाका लागि पनि प्रस्तुत गर्ने गरिन्छ । यस्ता रङ्ग रमाइलो, हाँसो साथै खुसीयाली व्यक्त गरिने गीतहरूलाई मनोरञ्जनात्मक तीजे गीत भनिन्छ । तीजे गीतको विषयवस्तु मनोरञ्जनात्मक खालको पनि बनाइन्छ । खुसीयालीका लागि वा रमाइलोका लागि मन रमाउने खालका विषयवस्तु राखेर गीत गाइन्छ । जस्तै छिड्केरी मारी खेलौला, आउ नानी घर जाम, आदि रमाइलो खालका विषयवस्तुमा समावेश गीतहरू गाउने गरिन्छ । जस्तै : बाबाको आँगन लिपी र लापी,

- पोखराको बजारमा श्रीफूलको राइँदाइँ,
  आयो रे देसिया बङ्गालाको छ्याइँ छ्याइँ ।
- आऊ नानी लगाउन लाउन्न मत नाइँ नाइँ,
  आऊ नानी घर जाम जान्न म त नाइँ नाइँ ।

परिशिष्ट क (११) आऊ म त नाइँ नाइँ

उल्लिखित हास्य तीजे गीतमा केटाले गाएजस्तो भए पनि केवल रमाइलोका लागि महिलाहरूले गाउँछन् । त्यस्तै भर्खरकी केटीलाई फर्काउँदै नचाउँदै छिटो छिटो गीत गाएर उसलाई थकाउँदै अत्यन्तै रमाइलो पाराले गीत प्रस्तुत गरेको पाइन्छ । यस गीतमा एउटाले आऊ जाम भन्दै र अर्काले जान्न भन्दै दुई जना नाचिन्छ । यसै गरी पोखरा लेखनाथ क्षेत्रमा यस्ता खालका मनोरञ्जनात्मक तीजे गीत गाउने गरिन्छ । त्यस्तै गरी अर्को एक नमुना निम्न प्रकार उल्लेख गरिएको छ ।

- बाबाको आँगन लिपि र लापी,
  छिड्केरी मारी खेलौला ।
- छिड्केरी मारी खेलनी चेलीको,
  शिरैमा छइन सिरफूल ।
- सिरफुल लाउनीलाई दिएथ्यौ र बाबा,
  अहिलेमा लाउँछौ वचन ।

परिशिष्ट क (१९) बाबाको आँगन लिपी र लापी

उपर्युल्लिखित मनोरञ्जनात्मक तीजे गीतमा छोरीले आफ्ना बाबाको लिपपोत गरी चिटिक्क बनाएको आँगनमा छिड्केरी मारी नाचौँला, खेलौँला भनेर खुसी भइ रमाएकी तर बाबाले भने रङ रमाइलोका साथ हसाउँदै छिड्केरी मारी खेलनी चेलीको गहना खै त ? गहना लगाएर नाचे पो राम्रो हुन्छ भन्नुहुन्छ । त्यसको उत्तरमा छोरीले पनि आफ्ना बाबालाई गरिबलाई विवाह गरिदिनुभयो । गहना कमाउन नसक्नेलाई दिने अहिले भने गहना लगाएर नाचे पो राम्रो भन्ने किन गहना कमाइदिन नसक्नेलाई दिनुभयो ? अहिले मलाई वचन लाउनुहुन्छ । धन सम्पत्ती भएकोलाई दिएको भए पो लाउँथे भन्दै रमाइलो पाराले हास्य भावका साथ उल्लिखित तीजे गीत प्रस्तुत गरिएको छ ।

### ४.३.८ समसामयिक तीजे गीत

पोखरा लेखनाथ क्षेत्रमा धेरै जसो मात्र सहरी इलाका थोरै ग्रामीण इलाका भए पनि यहाँका महिलाहरू अहिले धेरै नै अगाडि बढेका छन् । आफ्नो घरको काम धन्दा, बाल बच्चा र जागिरमा पनि धेरै नै प्रवेश गरेका छन् । रुढीवादी मान्यतालाई तोडेर आफ्नो काम सम्पन्न गरेका छन् । यस्तै गीत मध्येको तीजे गीतको अंशलाई यस प्रकार प्रस्तुत गरिएको छ :

- आँगनीको डिलमा बसी काली कौवा करायो ,
  उठ बज्यइ बत्ति बाल कलम हरायो ।

- तेरो जस्तो कलम मेरो पनि हरायो,
  भकरामा जान्छु म त भैँसी करायो
- जुठो भाँडो गरेर गाइलाई घाँस दिएर,
  अफिसमा आए बज्यइ चिया लिएर
- तँ जावीले भनेर म त कसै मान्दिन,
  तँलाई चिया लिएर म त आउँदिन ।

परिशिष्ट क (१७) आजकलका बुहारी

यसरी उल्लिखित समसामयिक तीजे गीतमा रुढिवादी मान्यतालाई तोडेको कुरा स्पष्ट भएको छ । पहिला पहिला बुहारी सासू सँग बोल्न पनि डराउँथे जे भने पनि नबोली बस्थे तर अहिल सासू ससुरा श्रीमान् जसलाई पनि नचाहिने कुरामा भुल्दा हिँड्दा हप्काउँदै काम गराएर आफू आफ्नो काम सम्पन्न गरेको कुरा तीजे गीतले प्रस्तुत गरेको छ ।

## ४.४ भावका आधरामा तीजे गीतको अध्ययन

कुनै पनि साहित्यिक कृतिको केन्द्रीय कथ्य नै भाव वा विचार हो । तीजे गीतमा पनि एकल साथै समूहगत रूपमा गाइएको गीतको भाव पक्ष महत्त्वपूर्ण हुन जान्छ । गहन भाव वा केही सन्देश दिने उद्देश्यले तीजे गीत रचना गरिएका हुन्छन् । सरल भाषा र गेयात्मक प्रस्तुति गीतको शरीर हो भने गीतको भाव वा मर्म यसको आत्मा हो । त्यसैल तीजे गीतको अनिवार्य तत्त्वको रूपमा रहेको छ । घरपरिवारका सदस्यको व्यवहार र समाजको चालचलन, संस्कृति चेतन र अचेतन आदिका माध्यमबाट व्यक्त हुने संवेदनशील पक्ष तीजे गीतमा भाव भई प्रस्तुत भएको पाइन्छ । जसले अन्य व्यक्तिको हृदयलाई छुन्छ र मनभित्र छाप बस्दछ । त्यसैले भाव वा विचार तीजे गीतको अनिवार्य तत्त्व बनेको छ । गीतको भाव पनि दुई प्रकाराका हुन्छन् ।

### ४.४.१ हास्य भाव

हास्य भाव भएका तीजे गीतहरू रमाइलो खालका हुन्छन् । यस्ता तीजे गीतमा रङ्ग रमाइलो हाँसो साथै खुसीयाली व्यक्त गरिने हास्य भावले भरिएका तीजे गीतहरू हुन्छन् । जस्तैः यस अध्ययनपत्रको परिशिष्टमा उल्ले खगरिएको छ । 'आऊ नानी घर जाम जान्न म त नाइँ नाइँ' ।

- आउ नानी लाउनलाई लाउन्न मन नाइँ नाइँ,
  आउ नानी घर जाम जान्न मत नाइँ नाइँ ।

परिशिष्ट क (११) आउ नानी घर जाम

### ४.४.२ भक्ति भाव

भगवान्का नाममा गाइएका तीजे गीतहरू भगवान्प्रति भक्ति भाव प्रस्तुत भएका हुन्छन् । जस्तैः जन्माष्टमीको दिन भगवान् कृष्णको भक्तिभाव झल्काउने खालका तीजे गीतहरू गाइन्छन् ।

साथै तीजको ऋषिपञ्चमीको दिनमा सप्तऋषिहरूको भक्तिभावना वा आरधना गरी भगवान्‌का नाममा गीत गाएर वा स्तुति गरेर भक्तिभाव व्यक्त गर्दछौँ । यस अध्ययनपत्रको परिशिष्टमा भगवान्‌प्रति भक्ति भाव व्यक्त गरी तीजे गीतहरू प्रस्तुत गरिएको छ । जस्तैः कृष्णबाला जन्मेको हो कि होइन, सप्तऋषि कहाँ पाउँला आदि ।

- भदौर महिनाको अष्टमीको रात,<br>कृष्णबाला जन्मेको हो कि होइन ?
- हातै लाउनी चुरिया भाग्य भए लाउँला,<br>सातै भाइ सप्तऋषि कहाँ पाउँला ।

परिशिष्ट क (१६) कृष्ण बाला जन्मेको हो कि होइन

उपर्युल्लिखित तीजे गीतमा भगवान् कृष्णको जन्म भदौ महिनाको अष्टमीको राति भएको र हातमा लगाउने चुरा त भाग्यमा भए लगाउन पाइन्छ तर सप्तऋषि भगवान् पाउन गाह्रो हुन्छ भनी भगवान्‌प्रति भक्ति भाव प्रकट गरिएको छ। त्यस्तै गरी भगवान्‌प्रति भक्ति भाव भएको अर्को एक नमुना तल उल्लिखित गरिएको छ :

- कहाँ पो जान्छौ रानी चरी बगाल,<br>भगुवानलाई भेट्न नि बरलै ।
- भगुवानलाई भेट्न जाँदा के के पाहु र चाहिन्छ,<br>त्यही हाम्लाई बनाइदेउन बरिलै ।
- एकुमा चाहिन्छ श्रीखण्ड चन्दन,<br>दोसरी बेलपत्र नि बरिलै ।
- बेलपत्र समाइ दाइने ब्रत गरी,<br>भगुवानलाई चढाउँला नि बरिलै ।

परिशिष्ट क (४८) रानिचरी बगाल

उल्लिखित भक्ति भावका तीजे गीतमा भगवान् शिवजीलाई भेट्न जाँदा वा दर्शन गर्दा एउटा हातमा श्रीखण्ड, चन्दन र अर्को हातमा बेलपत्र समाई भगवान् शिवजीलाई चढाउनुपर्छ भन्ने कुरा उल्लिखित तीजे गीतमा प्रस्तुत गरिएको छ ।

### ४.४.३ शृङ्गार भाव

तीजे गीतमा शृङ्गार भाव पनि आएको हुन्छ । माया प्रेम, दुःख सुख, मिलन विछोड उल्लास उमङ्गका भावहरू पोखिएका हुन्छन् । मिलन, विछोड, उल्लास, उमङगका भावहरू पोखिएका हुन्छन् । मीलन वा विछोडका आधारमा शृङ्गार भावलाई पनि दुई भागमा वर्गीकरण गरिएको छ। प्रेमि प्रेमिकाको मिलन वा संयोग अवस्था संयोग शृङगार र विछोड वा वियोग विप्रलम्भ शृङ्गार हो । जस्तैः

#### ४.४.३.१ संयोग शृङगारका तीजे गीत

- घर धानेर बस्यौ भने सुनको सिक्री ल्याइदिम्ला,
  माइत गई बस्यौ भने कान्छी ल्याइदिम्ला ।

परिशिष्ट क (४९) श्रीमान् श्रीमतीको बीच वार्ता

यसमा गायक गायिका बीचमा माया प्रेमको विजय आएको छ र स्रोतामा शृङ्गार रस उत्पन्न भएको छ । त्यसै गरी श्रीमान्ले श्रीमती र प्रेमभावले माइत नगइ घर बस्ने सुनको सिक्री र रातो साडी ल्याइदिने र माइत गए अर्को बिहे गर्ने प्रसङ्ग अनि श्रमिान्ले भनेको माने मिलन र नमाने विछोड हुने (संयोग र वियोग) भाव प्रस्तुत भएको छ ।

#### ४.४.३.२ विप्रलम्ब शृङगारका तीजे गीत

- जग्गा बेची श्रीमान्ले मोज मस्ती गरेका,
  म अभागी नारीका आँसु झरेका ।
- पढ्ने लेख्ने श्रीमान् हाइ स्कुलको मास्टर,
  नपढेकी श्रीमतीलाई भयो सास्तर ।

परिशिष्ट क (२५) नपढेकी श्रीमती

उल्लिखित तीजे गीतमा श्रीमान् श्रीमती बीचमा दुःख र आफू नपढेको हुँदा मनमा निराशाको भाव गीतमा देखा परेको छ । अनि श्रीमान्ले जग्गा बेची मोजमस्ती गरका आफूलाई भने दुःख भएको, अनि श्रीमान् पढेका र आफू नपढेको हुँदा श्रीमान्ले भनेको कुरा बुझ्न नसकेर दुःख पाएको भाव व्यक्त गरिएको छ ।

#### ४.४.४ करुण भाव

तीजे गीतमा करुण भावको प्रधानता रहेको हुन्छ । आफन्तको वियोग र विछोडले मनमा उत्पनन हुने शोक चिन्ता दुःख कष्ट विलाप आदिले करुण रस उत्पन्न गराउँछ । साथै विभिन्न घटित घटनाको वर्णन गरेर गाइने गीतहरू पनि करुण रस हुन् । त्यसै गरी कास्की जिल्लामा पर्ने पोखरा लेखनाथ क्षेत्रमा पनि करुण भाव भएका तीजे गीतहरू गाइन्छन् । जस्तैः

- तीजको बेलामा सबै जान्छन् माइत,
  आफ्ना माइती मुग्लान पारी छैन साइत ।

  × × ×

- भने जस्तो लाउन खान दिँदा पनि बाबाले,
  अर्कै बाटो रोजी छौ आमा तिमीले ।
- आमा आमा भनेर सपनामा कराउँदा,
  डाँको छोडी रुन्थे म बाले फुल्याउँदा ।

- जति माया पाए पनि थोरै भयो बाबाको,
  पाइन मैले न्यानो माया आफ्नै आमाको ।

परिशिष्ट क (३८) टहुरी छोरीको विलाप

उल्लिखित तीजे गीतमा करुण भाव प्रकट भएको छ । तीजको बेला सबै साथीसंगी आफ्नो माइती घर गएर आमाले पकाएको मिठो मिठो खाइ नाच गान गरेको आफू भने माइती टाढा भएको र रमाइलो गर्ने बेला काममा जानु परेको कारुणिक अवस्था प्रकट गरिएको छ भने त्यस्तै गरी टुहुरी छोरीको विलाप तीजे गीतमा आमाले आफ्ना बाबालाई छोडेर अन्तै गएकी र बाबाले अर्को बिहे गरेको, छोरीले दिन राती आमा सम्झेर रोएकी बाबले फुल्याउँदा मन रोएको र आफ्नी आमाले छोडेर गएको हुनाले आमाको न्यानो माया नपाएको कारुणिक भाव उल्लिखित तीजे गीतमा प्रस्तुत गरिएको छ ।

## ४.५ भाषाका आधारमा तीजे गीतको अध्ययन

तीजे गीतको अर्को प्रमुख तत्त्व भाषालाई मानिएको छ । तीजे गीतको भाषा सरल र सुबोध्य हुने गर्दछ । समसामयिक समय र परिवेशसँग मिल्दा भाषा गीतमा प्रयोग गरिएको हुन्छ । साथै लोकजीवनमा प्रचलित सजिलै बुझिने र स्वाभाविक किसिमको भाषा तीजे गीतमा राम्रो मानिन्छ । भाषाविना गीतको परिकल्पना गर्न सकिँदैन । तीजे गीतमा प्रसादगुण युक्त भाषा उपयुक्त मानिन्छ । भाषामा प्रयुक्त शब्दहरू लोकजीवनमा भिजेका हुन्छन् । भाषामा उखान, टुक्का पनि जोडिएको हुन्छ । भाषाले विषयको अर्थबोध र लयले साङ्गीतिक आनन्द दिन्छ । तीजे गीतमा विषय, अर्थ र लयको मिश्रित आनन्द पाइन्छ । त्यसैले भाषा अभिव्यक्तिको यस्तो माध्यम भएकाले लिखित र अलिखित साहित्यहरू भाषाद्वारा नै अभिव्यक्ति भए झैँ तीजे गीत पनि भाषाबाट निर्मित हुन्छ । तीजे गीतमा लोकभाषाको प्रयोग हुन्छ । यसमा झर्रा शब्द तथा स्थानीय भाषाको प्रयोग हुने हुँदा तीजे गीतको भाषा सरल र सुबोध्य हुन्छ । स्थानानुसार भाषा प्रयुक्त भए पनि त्यो नेपाली भाषा जनजिब्रोमा पचेको भाषा हुन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग हुँदा हुँदै पनि त्यो जटिल हुँदैन । यस प्रकारको शब्द हो भन्ने ज्ञान नभए पनि नेपाली जनजिब्रोमा खेलेको शब्द भएको महसुस गरी गीतमा प्रयोग हुन्छ । विद्या, धन, सम्पत्ति, इष्टमित्र जस्ता तत्सम शब्दहरू र दुध, भात, दही, हात जस्ता तद्भव शब्दहरू र विभिन्न भाषाबाट आएका डेसिया, इज्जत, सिनेमा, टाइम, गुन्द्रुक आदि आगन्तुक शब्दहरू प्रयोग भएको पाइन्छ ।

यस्तै लेखनाथ क्षेत्रमा गाइने तीजे गीतको भाषा सरल सबैले सजिलै बुझ्ने र स्वभाविक किमिसको भाषा तीजे गीतमा भएको पाइन्छ । जस्तैः

- सानोमा सानो दारको ठेकी,
  दुबइ माना दै जानी ।

- घरको दुःख नदेख्ने बाबाले,
  घरै जा भने भैजानी ।

परिशिष्ट क (७) सानोमा सानो दारको ठेकी

× × ×

- जेठा र बाबाका सातै दिदीबहिनी,
  रामपुरे फाँटमा अटाए ।
- हामरा बाबाकी म एउटी छोरी,
  सातै डाँडा कटाए ।

परिशिष्ट क (१३) करिमै मेरो चण्डाल

उल्लिखित तीजे गीतमा सामान्य सबैले जेठा बाबाका धेरै दिदी बहिनी भए पनि आफ्नै जग्गामा वा नजिकै दिएका र ाफूलाई भने एउटी छोरी भए पनि टाढा सात डाँडा पारी दिएको गीतमा जेठा बाबा, हामरा जस्ता शब्द सरल सबैले बुझ्ने खालका शब्द प्रयोग भएका छन् ।

यसरी लोकजीवनमा प्रचलित सजिलै बुझिने खालको भाषा तीजे गीतको मूल तत्त्व बनेर आएको हुन्छ । साथै तीजे गीतमा तत्सम, तद्भव र आगन्तुक शब्दहरू पनि आएको छन् । जस्तै :

| तत्सम→ | तद्भव | आगन्तुक | |
|---|---|---|---|
| कार्य- | काम | रेडियो- | अङ्ग्रेजी |
| भाद्र- | भदौ | टाइम- | अङ्ग्रेजी |
| श्रावण- | साउन | इज्जत- | अरबी |
| | | गरिब- | अरबी |
| दोस्रो- | दोसरी | दरबार- | फारसी |
| पूर्व- | पुटीन | क्याम्पस- | ल्याटिन |
| पुष्प- | फूल | स्कुल- | अङ्ग्रेजी |
| निद्रा- | नीद | हक- | अरबी |
| मित्र- | मीत | कलेज- | फ्रेन्च |
| अश्रु- | आँसु | | |

आदि जस्ता तत्सम, तद्भव र आगन्तुक शब्दहरू तीजे गीतमा आएका छन् ।

### ४.५.१ चरण टुक्का

तीजे गीतको मुख्य अंश वा कथ्य सन्देशलाई चरण टुक्का वा रिटक भनिन्छ । यो गीतको स्थायी हो । जो पटक पटक दोहोरिन्छ । चरण दुई पङ्क्तिका हुने हुँदा कसैले पहिलो पङ्क्तिलाई फेद र दोस्रो पङ्क्तिलाई टुप्पो भन्ने गरेका छन् । चरण र टुक्काका बारेमा धेरै मतभेदहरू देखिन्छन् । गीतलाई दोहोऱ्याइ तेहेऱ्याइ गाइने हुँदा त्यसलाई स्थायी भनिन्छ । एक पटक मात्र गाइने गीतलाई अन्तरा

भनिन्छ। कास्की जिल्लाको पोखरा लेखनाथ क्षेत्रमा गाइने तीजे गीत दुई पङ्क्ति र चार पङ्क्ति दुवै खाले गाइन्छन्। जस्तैः

- स्कूलमा पढ्दा हुन लडाइँमा लड्दा हुन,
  मौका पाए नारीले के के गर्दा हुन्। दुई पङ्क्ति

परिशिष्ट क (४१) तीज हाम्रो महान् चाड

- भित्रँदै छ देशमा अझै पश्चिमी संस्कृति, चार पङ्क्ति
  यसले गर्दा बढ्यो झन् देशमा विकृति । स्थायी
  चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन, गाउँछौ गीत विकृति हटाउन । अन्तरा

परिशिष्ट क (२२) चेतना फैलाउनुपर्छ

### ४.५.२ फेद र टुप्पो

तीजे गीत दुई वा चार पङ्क्ति दुवै खालका हुन्छन् र ती मध्ये पहिलो पङ्क्तिलाई फेद र दोस्रो पङ्क्तिलाई टुप्पो भन्ने चलन छ। जस्तैः

- पानी मीठो हुनी रैछ बजारिया नलीको (दुई पङ्क्तिको)
  दिदी बहिनी साथी संगी लाग्छ झलिको

परिशिष्ट क (४५) जन्म किन दिनु भो ईश्वर

- पदाँलाको चोली मेरो, फेद
  कस्मिराले सिउँला बरिलै ,
- सौता माथि दियौ बाबा,
  कति लेख्यौ जिउनी बरिलै। टुप्पो

परिशिष्ट क (९) पदाँलाको चोली मेरो

उल्लिखित तीजे गीतमा पहिलो पङ्क्ति फेद र अन्तिमको पङ्क्ति टुप्पो हो।

### ४.५.३ थेगो, वथन, फुँदा र रहनी

थेगो, वथन, फुँदा र रहनीलाई धेरै विद्वान्हरूले समानार्थी शब्दका रूपमा हेरेका छन्। तर तीजे गीतको प्रसङ्ग यिनीहरूमा केही भिन्नता छ। त्यही सूक्ष्म भिन्नतालाई केलाउन यसमा प्रयास गरिएको छ।

### ४.५.४ थेगो

तीजे गीतमा लय मिलाउनका लागि आउने चरणसँग असम्बद्ध निरर्थक पद वा पदावली नै थेगो हो । थेगो शब्द र रहनी शब्द पनि वथन शब्दकै पर्यायवाची शब्द हुन् भनिए पनि थेगो र रहनीमा भिन्नता छ । हे, बरिलै आदि अप्रासङ्गिक पदावली गीतको अगाडि बीचमा र अन्तमा आउँछ भने त्यसलाई थेगो भनिन्छ । जस्तैः

- हे, बाबाका दैलामुनि ठूलो रुख बडहर,
  धेरै छोरी भए भनि हेलाँ नगर ।

परिशिष्ट क (४२) छोरी हेलाँ

× × ×

- हाम्रा बाबाकी म एउटी छोरी,
  बरिलै पुऱ्यायौ प्युठान ।
  प्युठानमा कामको धेरै दुःख,
  बरिलै ल्याउ आमा घिउ खान ।

परिशिष्ट क (५) माथिबाट मैनाचरी आयो

× × ×

- दैलामुनिको हरियो दुबो,
  काटेको नभन गाइले खाएको ।
  रुखा र बचन नलाउ मेरो दाजु,
  के अघि लाइदिनी छौ र बरिलै ।

परिशिष्ट क (२) दैलामुनिको हरियो दुबो

उपर्युल्लिखित गीतमा हे, गीतको अगाडि बरिलै गीतको बीचमा र अन्तमा आएका छन् । यी शब्दहरू थेगो हुन् । यिनले गीतको मुख्य अर्थलाई केही फरक पारेका छैनन । यी वेअर्थका छन् तर तीजे गीतमा लय मिलाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् र भाका समेत मिलाएका छन् ।

### ४.५.५ फुँदा

फुँदालाई फाँकी पनि भनिन्छ वा टाकटुक कुरा मिलाउनुलाई फुँदा भनिन्छ । त्यसैगरी तीजे गीतमा पनि मुख्य भनाइलाई अर्थपूर्ण र बढी प्रासङ्गिक बनाउनका लागि ल्याइएको पदावली वा वाक्यहरू फुँदा हुन् । गीतको एक वाक्य जसले निश्चित अर्थ दिन्छ यस भनाइ अनुसार फुँदा तीजे गीतलाई प्रभाव पूर्ण बनाउने थप अंश हो । फुँदालाई भट्याउने पनि भनिन्छ । कास्की जिल्लाको लेखनाथ क्षेत्रमा फुँदा गाँसेर गाइने गीत यस प्रकारका छन् । जस्तैः

| भट्याउने | अन्य |
|---|---|
| बिहानै उठेर, | हम्क्याइलो । |

| | |
|---|---|
| दयली लिपेर, | हम्क्याइलो । |
| पाँचै पाथि धान, | हम्क्याइलो । |
| कुटी केलाई भ्याएँ, | हम्क्याइलो । |
| उज्याली भएन, | हम्क्याइलो । |
| टाढाको पँधेरो, | हम्क्याइलो । |
| पाँचै खेप पानी ल्याएँ, | हम्क्याइलो । |
| उज्याली भएन, | हम्क्याइलो । |

परिशिष्ट क (१०) हम्क्याइलो

यसरी भट्याइएका रूपमा आएको विहानै उठेर देखि उज्याली भएनसम्म आएको लामो गन्थन फुँदा हो ।

### ४.५.६ रहनी

तीजे गीतमा दोहोरिने अंश रहनी हो । यो रहनी नै गीतको भाका हो । रहनीलाई थेगो वा टेकपद भनिए पनि रहनी र थेगोमा अन्तर छ । थेगोले गीतमा लय मिलाउँछ र बेअर्थको हुन्छ भने रहनी सार्थक हुन्छ । रहनीले चरणको अर्थलाई स्पष्ट पार्ने मात्र नभई एउटा महत्त्वपूर्ण भनाइ राख्दै नयाँ सन्देश दिएको हुन्छ । जस्तैः लेखनाथ क्षेत्रमा गाइने रहनी सहितका तीजे गीत

- गाउँका चेली बेटीलाई सम्झ आफ्नै घरका,
  इज्जत सम्मान देऊ सबैलाई वरपरका ।
- यो गाउँको विकृति हटाउनै पर्ने बाइ,
  सक्छौ कि सक्दैनौ भन दाजुभाइ ?

परिशिष्ट क (३५) संस्कृति जोगाऊँ विकृति हटाऊँ

उल्लिखित तीजे गीतमा चरण अंशमा गाउँका चेलीबेटीलाई आफ्नै घरका परिवार जस्तै सम्झनुपर्ने र आफ्ना वरपरका सबैलाई समान इज्जत दिनुपर्ने कुरा गीतमा व्यक्त गरिएको छ । यस चरणलाई सबै रहनीले अझ स्पष्ट पारेको छ । हामीले गाउँको विकृति हटाउन हामी सबै लागि पर्नुपर्छ भन्ने अर्थ रहनीले दिएको छ । साथै गाउँको भएका विकृति हटाउन सक्छौ कि सक्दैनौ हामी सबै दाजुभाइले भनौ भन्ने कुरा बढी जोड गर्दै रहनी अर्थपूर्ण र सान्दर्भिक हुन्छ र यही रहनी नै तीजे गीतको भाका हो ।

### ४.५.७ झर्रा शब्दहरूको प्रयोग

तीजे गीत विशेषतः अपठित र अशिक्षित व्यक्तिहरूको लयात्मक गेय अभिव्यक्ति हो । झर्रा शब्दहरूको प्रयोगले तीजे गीतको संरचनालाई अति सुन्दर बनाएको हुन्छ । जस्तैः तीजे गीतमा झनक्क फरक्कै, गमक्क, डमक्क आदि जस्ता केही मात्रामा झर्रा शब्दहरू प्रयोग भएका हुन्छन् । झर्रा शब्दले

गीतलाई सुन्दर बनाएको हुन्छ । झर्रा शब्द प्रयोग भएका तीजे गीतको केही अंश तल उल्लेख गरिएको छ । जस्तैः

- बहिनी त बस्ली बाबा सोफा माथि डमक्क,
  क्याम्पसका लेक्चर्नीको कुरे गमक्क ।

  ×    ×    ×

परिशिष्ट क (२८) नपढेकि छोरीको बेदना

- वर्ष दिनमा तीज आउँछ फरक्कै फर्केर,
  सम्झँदा नि यो मन रुन्छ धर्केर ।

परिशिष्ट क (२९) नारीको विरह

उपर्युल्लिखित तीजे गीतमा डमक्क, गमक्क, फर्केर, धर्केर जस्ता झर्रा शब्दहरू प्रयोग गरिएको छ ।

### ४.५.८ स्थानीयता

तीजे गीतमा स्थानीय परिवेश झल्किएको हुन्छ । तीजे गीत गाउने क्रममा आफ्नो गाउँको डाँडा, पाखा, खोला, नाला, भन्ज्याङ, चौतारी, छहरा, पहरा आदिको नाम उल्लेख गरेका हुन्छन् । त्यसैले कास्की जिल्लाको लेखनाथ क्षेत्रमा गाइने तीजे गीतमा पनि स्थानीयता झल्किएको छ । जस्तैः

- सात तालको बगैँचा लेखनाथ क्षेत्रका,
  विकासका कार्य गर्न बनाऊ तालिका ।
- ठूलाकोटको डाँडाबाट सातै ताल देखिने,
  सात तालको बाटिका नाम लेखिने ।
- गडुवा खोलाले सिंचाइ राम्रो भको छ,
  त्यसको छेउमा खेतीपाती अनि जङ्गल छ ।

परिशिष्ट क (१) सात तालको बगैँचा

उपर्युल्लिखित तीजे गीतमा सात ताल, ठूलाकोटको डाँडा, गडुवा खोला जस्ता शब्दले त्यहाँको स्थानीयता झल्काएको छ । त्यस्तै गरी ठूलाकोटको डाँडाबाट सात वटा तालहरू देखिने छ । अनि गडुवा खोला असार साउनमा भयंकर ठूलो हुने आसपासका खेतीयोगय जमिन ढाकेर खेती नै नष्ट हुने खालको हुन्छ र हिउँदमा गडुवा खोलामा पानी सुक्छ । त्यसले गर्दा वर्षा याममा खेती राम्रो हुन्छ । यसरी आफ्ना तीजे गीतमा  लेखनाथ क्षेत्रको स्थानीयता झल्किएको छ ।

## ४.६ लय/भाकाका आधारमा तीजे गीतको अध्ययन

तीजे गीतका तत्त्वहरूमध्ये लय/भाका पनि एक प्रमुख तत्त्व हो। लोकगीतका फरक फरक लय भेटिन्छन्। त्यस्तै गरी तीजे गीत पनि विभिन्न लयमा गाउन सकिन्छ। कुनै तीजे गीत लामो भाकामा र कुनै तीजे गीत छोटो र छिटो छिटो गाउने गरिन्छ। त्यस्तै गरी तीजै आयो राजै 'लय' एक किसिमको हुन्छ भने हम्क्याइलो र कइकदमै 'लयका तीजे गीत कम मात्रामा पाउन सकिन्छ। लय वा भाका ३ प्रकारका हुन्छन्। जस्तैः

### ४.६.१ द्रुत लय

द्रुत लय भनेको छिटोछिटो गाउने गीत हो। धेरै जसो तीजे गीत गाउँदा बरिलै भाकाका गीतहरू द्रुत लय वा छिटोछिटो गाउने खालका हुन्छन्,र नाच पनि छिटो छिटो हुन्छ।
जस्तैः

- माथिबाट मैना चरी आयो,
  बरिलै हरियो विऊ खान।
- हाम्रा बाबाकी म एउटी छोरी,
  बरिलै पुऱ्यायौ प्युठान।
- प्युठानमा कामको धेरै दुःख,
  बरिलै ल्याऊ आमा घिउ खान।

परिशिष्ट क (५) माथिबाट मैना चरी आयो

### ४.६.२ विलम्बित लय

कुनै तीजे गीत विलम्बित लय वा ढिलो गाउने खालका वा ढिलो भाकामा गाइन्छन्। लाईल ढिलो गाउने गीतलाई विलम्बित लय भनिन्छ, जस्तै : लेखनाथ क्षेत्रमा गाइने तीजे गीतको बिलम्बित लय

- सुन्नुहोला दिदीबहिनी सुन्नुहोला दाजुभाइ
  वेदनाको पोको खोल्छु हजुरहरूलाई
- घरमा उस्तै शोषण छ बाहिर झनै अति भो,
  यो चेलीको जिन्दगानी दुरगति भो।
- जग्गा बेची श्रीमान्ले मोजमस्ती गरेका,
  म अभागी नारीका आँसु झरेका।
- न सम्पत्ति आफ्नो नाममा कस्को भर पर्ने हो,
  दुःख पर्दा बिमार हुँदा कसो गर्ने हो।

परिशिष्ट क (३४) नारी उत्थान हाम्रो अभियान

**४.६.३ मध्यम लय**

तीजे गीत विभन्न लय वा भाकामा गाउन सकिन्छ। कुनै गीत छिटो भाकामा कुनै लामो भाकामा र कुनै गीत मध्यम न छिटो न ढिलो भाकामा गाइन्छन्। लेखनाथ क्षेत्रमा तीजे गीत सङ्कलन गर्ने क्रममा मध्यम भाकाका तीजे गीत गाएको पाइयो। यस क्षेत्रमा तीजे गीतका ३ वटै लयमा गीत गाइन्छन्। जस्तैः

- सुन्तलाको रुख चढी हेर भैया लक्षुमण,
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौरे महिनाको अष्टमीको रात,
  किस्नबाला जन्मेको हो कि होइन ?
- किस्नजीको जन्मभयो मथुराको जेलैमा,
  कंश मामा आइपुग्यो त्यसै बेलामा
- अम्बाको रूख चढी हेर भैया लक्षुमण,
  पोखरमिा चिसो जल छ कि छइन ?
- भदौरे महिनाको अष्टमीको रात,
  किस्नबाला जन्मेको हो कि होइन ?

परिशिष्ट क (१७) किस्नबाला जन्मेको हो कि होइन

यसरी विभिन्न लय/भाकामा तीजे गीत गाइन्छ। तर हम्क्याइलो लयका तीजे गीत कता कति बूढी आमाहरूले मात्र गाउने गरेको पाइन्छ। बढी मात्रामा छिटो, ढिलो र मध्यम लयका गीतहरू गाइन्छन्। त्यसैले लयद्वारा नै गीतलाई भावनात्मक गहिराइमा पुऱ्याउने काम हुन्छ। गीतलाई रागात्मक अनुभूति प्रदान गर्ने काम लय/भाकाले गर्दछ। त्यस्तै गरी मध्यम लयका तीजे गीत पनि यस क्षेत्रमा गाइन्छन्, जस्तै :

- पदाँलाको चोली मेरो,
  कस्मिराले सिउँला बरिलै।
- सौता माथि दियौ बाबा,
  कति लेख्यौ जिउनी बरिलै।

परिशिष्ट क (९) पदाँलाको चोली मेरो

त्यस्तै गरी लेखनाथ क्षेत्रमा पनि कता कति बूढी आमाहरूले हम्क्याइलो भाकामा गीत गाएको पाइन्छ। जस्तै :

- बिहानै उठेर, हम्क्याइलो।
  पाँचै पाथी धान कुँटे, हम्क्याइलो।

- उज्याली भएन, हम्क्याइलो ।
  टाढाको पँधेरो, हम्क्याइलो ।
- पाँचै खेप पानी ल्याए, हम्क्याइलो ।

परिशिष्ट क (१०) हम्क्याइलो)

यसरी विभन्न लयमा तीजे गीत गाउने गरिन्छ । त्यसैले जुनसुकै गीतमा पनि 'लय' गीतको मेरुदण्ड नै हो । तीजे गीतलाई लामो 'लय' छोटो लय र मध्यम लयमा गायकले गीत गाउन सक्छन् । त्यस्तै गरी कास्की जिल्ला पोखरा लेखनाथ क्षेत्रमा छिटो भाका ढिलो भाका र मध्यम भाका जुनसुकै लयमा पनि तीजे गीत गाउने गरिन्छ । त्यसकारण 'लय' तीजे गीतको अनिवार्य तत्त्व बनेर आएको छ ।

## ४.७ शैलीका आधारमा तीजे गीतको अध्ययन

शैलीलाई गीतको प्रस्तुति वा तरिका पनि भनिन्छ । शैलीविना गीत अपूर्ण बन्न पुग्दछ । शैली भनेको तीजे गीत प्रस्तुत गर्ने तरिका, अभिव्यक्तिको ढाँचा वा रीति भन्ने बुझिन्छ । गीतको शैलीमा लोकतत्त्व रहेको हुन्छ । शैली तीजे गीतको अनिवार्य तत्त्व हो। शैलीका यिनै अर्थलाई मनन गर्दै भन्ने हो भने विषय वा विचारको कथनलाई समेटिएको ढाँचा नै शैली हो । तीजे गीत प्रस्तुत गर्दा लोकतत्त्व, प्रचलन, विश्वास धर्म नीतिशिक्षा, पुनर्जन्म र ईश्वरप्रतिको भक्तिभाव जटिल शैली वा तरिकाले नभई साधारण वा सरल तरिकाबाट तीजे गीत गाइन्छ । तीजे गीत प्रस्तुत गर्ने वा गाउने तरिका वा शैलीका पनि विभिन्न भेद छन् । जस्तै : सरल शैली, वर्णनात्मक शैली, संवादात्मक शैली, आलङ्कारिक शैली आदि ।

आजभोलिका दोहोरी गीतमा आलङ्कारिक शैली प्रचुर मात्रामा पाइन्छन् भने तीजे गीतमा सरल शैली र संवादात्मक शैलीको प्रयोग पाइन्छ । किनकि तीजे गीतमा घरका सासू, ससुरा, नन्द, देवर, लोग्ने, जेठाजु, अमाजु आदिको बारेमा वर्णन गरेर लोकजीवनले बुझ्ने खालको सरल र वर्णनात्मक शैलीमा तीजे गीत गाइन्छ तर शेली विभन्नि किसिमका हुन्छन् । जस्तै पोखरा लेखनाथ क्षेत्रमा गीत गायन शैलीका प्रकार निम्न लिखित उल्लेख गरिएको छ :

क) सरल शैली
ख) तार्किक शैली
ग) वर्णनात्मक शैली
घ) आत्मपरक शैली
ङ) संवादात्मक शैली
च) वादविवादात्मक शैली
छ) मनोवाद शैली
ज) आलङ्कारिक शैली

### ४.७.१ सरल शैली

सबैले बुझ्ने गरी सरल शब्द वा जनजिब्रोमा पच्ने खालका शब्द प्रयोग गरी गाइने तीजे गीतलाई सरल शैली भनिन्छ । यो शैली तीजे गीतमा बढी प्रयोग गरिन्छ । त्यस्तै गरी लेखनाथ क्षेत्रमा गाइने तीजे गीत सरल शैलीमा व्यक्त भएका छन् । जस्तैः

- नमस्कार साउजी भन्नु भयो बाबाले,
  अरू के पो सक्थ्यो र गरिव जाबाले ।

परिशिष्ट क (४) गरिबको पीडा

× × ×

- कुन बेला जाम्ला कुन बेला आम्ला,
  कुन बेला गरम्ला देउती ध्यान ।

परिशिष्ट क (१५) कुन बेला जाम्ला

उल्लिखित तीजे गीतमा सबैले बुझ्ने खालका शब्दहरू जस्तै साउजी, नमस्कार, गरिब, जाम्ला, आम्ला र देउती जस्ता सबैको जनजिब्रोमा पचेका शब्दहरू प्रयोग गरिएको छ । त्यसैले तीजे गीत प्रस्तुत गर्ने शैली सरल किसिमको छ ।

### ४.७.२ तार्किक शैली

तार्किक शैली भनेको तर्क गर्नु हो । त्यस्तै गरी तीजे गीतमा तर्क गरेर पनि गीत गाउन सकिन्छ । जस्तैः

- गण्डकी पारी नदिए बाबा,
  तीजको खाजा को खाला ?
- कान्छा र बाबाका आँगनीमा,
  सातै बहिनी खेल्दा हुन् ।
- हामरा बाबाका आँगनीमा,
  भोटे कुकुर भुक्तो हो ।
- त्यतिको गाह्रो नमान चेली,
  जेठा र दाजुलाई लिन पठाउँला ।

परिशिष्ट क (३) चेलीको विलौना

उपर्युल्लिखित तार्किक शैलीका तीजे गीतमा आफ्ना बाबालाई छोरीले टाढा नदिनु, तीजको खाजा कसले खान्छ कान्छा बाबाका आँगनीमा सातै दिदी बहिनी जम्मा होलान् तर म टाढा भएको हुनाले हाम्रा बाबाका आँगनमा कोही नभएर भोटे कुकुर भुक्तो हो भन्ने तर्क गरी गीत गाइएको छ ।

### ४.७.३ वर्णनात्मक शैली

वर्णनात्मक शैलीमा घरका परिवारले दिएको दुःख वा गरेका व्यवहारका बारेमा वर्णन गरेर तीजे गीत गाइन्छ । जस्तैः

- जति काम गरे पनि जस दिन्नन सासूले,
  बाटो घाटो पाउनि छैनन मेरा आँसुले ।

परिशिष्ट क (२९) नारीको विरह)

× × ×

- घरभरि नन्ददेवर बिरालाका छाउरा झै,
  खानुपिउनु छैन बाबा सुकेँ दाउरा झैँ ।

परिशिष्ट क (४५) जन्म किन दिनुभो ईश्वर

उल्लिखित तीजे गीतमा घरका सबै परिवारको वर्णन गरिएको छ ।

### ४.७.४ आत्मपरक शैली

आत्मपरक शैछढ िभनेको आफ्ना मनका कुरा व्यक्त गर्नु हो । ऋाफ्नौले तीजे गीत गाउँदा आफ्ना दुःख सुखका कुराहरू गीत मार्फत व्यक्त गरिन्छ । जस्तैः कास्की जिल्लाको लेखनाथ क्षेत्रमा गाइने आत्मपरक तीजे गीत :

- सानोमा सानो पछ्यौरी मेरो,
  रिमझिमे पानीमा धोइरहनु छ ।
  कति कर्यो घर दिनु भयो बाबा,
  सधैँ मलाई रोइरहनु छ ।

परिशिष्ट क (६) सानोमा सानो पछ्यौरी मेरो

× × ×

- उडीमा आयो बन्जरा चरी,
  बसैरै मार्‍यो मन्डल ।
- बाबाले होइन आमाले होइन,
  करिमै मेरो चन्डाल ।

परिशिष्ट क (१४) करिमै मेरो चण्डाल

### ४.७.५ संवादात्मक शैली

संवादात्मक शैलीमा दुई जनाको कुराकानी जस्तै सल्लाह गरेर दुई जना बीच गीतमार्फत दुई जनाको संवाद गरेर गीत गाइन्छ । जस्तैः

- केटण ीगर्न सकिन म पिँढीबाट झरेर,
  तीजमा माइत जाऊ बुहारी पालो गरेर ।
- कान्छी तिमी पोरै गयौ अहिले त म जाने हो,
  बाबा आमा सँगै बसी दर खाने हो ।

परिशिष्ट क (४८) सासु बुहारी

उपर्युल्लिखित तीजे गीतमा सासुले पिढीबाट झरेर केही गर्न सकिन तिमीहरू पालो गरेर माइत जाऊ भनेर बुहारीहरूलाई भनेकी छन् त्यसकारण जेठानीले देउरानीलाई तिमी पोहोर गयौ अहिले मेरो पालो हो । म जान्छु भनेर देउरानीसँग भनेकी छन् र यसरी सासु, जेठानी र देउरानी विच संवाद भएको छ ।

### ४.७.६ वादविवादात्मक शैली

वादविवादात्मक शैलीमा तीजे गीत गाउँदा दुई जना बीच वा एकअर्का बीच खण्डन गरी गाउने गीत हो । जस्तै : लेखनाथ क्षेत्रमा गाइने  गीतको केही अंश निम्न प्रकार उल्लेख गरिएको छ ।

- गोबर माटो चाहिँदैन पानी मात्र सलल,
  बुहारीले दैलो पोत्ता सूर्य झलल ।
- एक हात कापी कलम अर्को हात रेडियो,
  उठ बज्यै दैलो पोत पढ्न हिँडियो ।
- यो छुरमुखे बुहारीको हेर बोली कस्तो छ,
  बोली सुन्दा अतिचारै माते जस्तो छ ।
- जुठोभाँडो गरेर गाइलाई घाँस दिएर,
  वार्तलीमा आए बजेइ चिया लिएर ।
- यति दुःख गरेर मइले छोरो पढाउनी,
  तँ मास्टर्नी भएर मलाई कजाऊनी ।

परिशिष्ट क (१८) आजकलका बुहारी

उपर्युल्लिखित तीजे गीतमा सासु र बुहारी बीच वादविवाद भएको कुरा गीत मार्फत व्यक्त गरिएको छ । सासूले अहिलेका बुहारीले दैलो पोत्ता गोबर माटो नमिलाई पानी मात्र पोखेर, उज्यालो भएपछि पोत्छन् । बुहारीले एउटा हातमा कपि कलम र अर्को हातमा रेडियो लिएर पढ्न हिडेकी सासुलाई दैलो पोत भनेर काम गराइ हिडेको प्रसङ्ग फेरी सासूले बुहारीलाई छुरमुखेको बोली कति नराम्रो मलाई काम गराउने कति मातेको बोली रहेछ भनी बुहारीलाई भनेकी छन् । सासूलाई जुठो भाँडो गरी गाईलाई घासपानी दिएर चिया लिएर आउन भनी अह्राएकी छन । फेरी सासूले मैले कति

दुःख गरेर छोरो पढाँए अहिले तँ मास्टर्नी भएर मलाई काम गराउने भनी बुहारीलाई भनेकी छन् । यसरी तीजे गीतमा सासु बुहारी  विच वादविवाद भएको छ ।

### ४.७.७ मनोवाद शैली

मनोवाद शैली भनेको एक्लै मनमनै कुरा गर्नु वा गुनगुनाउनु हो । त्यस्तै गरी तीजे गीत गाउँदा पनि आफ्ना मनका कुरा गीत मार्फत व्यक्त गरिन्छ । जस्तैः

- सबैका दिन आए तर मेरा मात्र आएनन्,
  यो दिलमा घाम पनि कहिल्यै लाएनन् ।

परिशिष्ट क (२९) नारीको विरह

उपर्युल्लिखित तीजे गीतमा सबैका दिन आए तर मेरो मात्र आएन कहिले सुख भएन यो मनमा कहिले खुसी छाएन भनी आफ्ना मनका कुरा व्यक्त गरिएका छन् । यसरी तीजे गीतका विभिन्न शैली भए तापनि बढी मात्रामा सरल शैली र वर्णनात्मक शैलीमा तीजे गीत गाउने गरिन्छ ।

### ४.७.८ आलङ्कारिक शैली

अलङ्कारले तीजे गीतलाई सुन्दर बनाउँछ । तीजे गीत गाउने क्रममा वा तीजे गीत रच्ने बेलामा अलङ्कार आफै प्रयोग भएका हुन्छन् । तीजे गीतमा अन्त्यानुप्रास मिलाउनु पर्छ । यही शब्द मिलानका क्रममा अन्य अलङ्कार स्वतः प्रकट भएका हुन्छन् । त्यसैले कास्की जिल्लाको लेखनाथ क्षेत्रमा गाइने तीजे गीतमा अलङकारको प्रयोग भएको पाइन्छ । जस्तैः

- संस्कृतिको जगेर्ना गर्नुपर्छ हेर,
  प्राकृतिक स्रोत साधन गएको छ खेर ।

परिशिष्ट क (२२) चेतना फैलाउनुपर्छ

उल्लिखित तीजे गीतमा हेर, खेर जस्ता अलङ्कार प्रयोग भएका छन् ।

## ४.८ उद्देश्य

गीतहरू कुनै न कुनै प्रयोजनका लागि गाइन्छन् । गीतको यही प्रयोजनलाई गीतको यही प्रयोजनलाई उद्देश्य भनिन्छ ।

### ४.८.१ मनोरञ्जन

मनोरञ्जन प्रदान गर्ने हेतुले गायिकाहरू आफ्ना मनका विरह वेदना, हाँसो, खुसी, दुःख पीडा मनका भावनाहरू साथी सङ्गी बीच पोखेर मन हलुङ्गो पारी रमाउने गर्दछन् । मनोरञ्जनका लागि तीज पर्वको अवसरमा महिला दिदी बहिनीहरू एकै ठाउँमा जम्मा भइ तीजे गीत गाउने नाच्ने हाँसो खुसी, व्यक्त गर्नु तीजे गीतको उद्देश्य हुन्छ । जस्तैः

- दैलामुनिको हरियो दुबो,  काटेको नभन गाइले खाएको ।
  कालो कपालमा रातो मेन्दी लाएको,
  नक्कले नभन चल्ती आएको ।
- वाङ्गा खुट्टामा अग्ला चप्पल लाएको,
  नक्कले नभन चल्ती आएको ।
- आँखा परेलीमा आइस्याडो लाएको,
  नक्कले नभन चल्ती आएको ।

(परिशिष्ट क (१३) नक्कले नभन चल्ती आएको

उपर्युल्लिखित मनोरञ्जनात्मक तीजे गीतमा नक्कले नभन चल्ती आएको, कालो कपाल रातो बनाएको, खुट्टामा अग्ला चप्पल, आँखाको परेलीमा रातो (आइस्याडो) लगाएर राम्रो बन्न खोजेको कुरा रमाइलोका साथ हसाँउने कुराहरू व्याङ्ग्य गरिएको छ । नक्कल पारेको होइन समय वा चलन चल्ती अनुसार गरेको हो भन्ने कुरा हास्य भावमा प्रस्तुत गरिएको छ ।

**४.८.२ शिक्षा नीति**

तीजे गीतले मनोरञ्जनका साथै शिक्षा तथा नीतिका कुरा सिकाएर उपदेश दिनु पनि यसको उद्देश्य हो । साथै पढ्न, लेख्न, सिक, नारी पुरुष बराबरी मान्नु, कलिला युवायुवतीहरूलई कुलतमा नलागी आफ्नो कर्तव्य पथमा लम्कनु, धनी गरिब बीचको व्यवहार बराबरी गर्नु, महिला विना विकास असम्भव, जनचेतना फैलाउनु, समाजमा भए गरेका अन्याय अत्याचारलाई रोक्नु जस्ता विभिन्न कुराहरूको शिक्षा तथा नीतिका कुरा उपदेश दिनु तीजे गीतको उद्देश्य मानिन्छ । जस्तैः

- नलाउ दिदी बहिनी हो महङगा गरगहना,
  सबै मिली देशमा भाको विकृति रोकौँन ।
  चेतना फैलाउनुपर्छ ………… विकृति हटाउन ।

- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।
- तडकभडक नगरी चाडवाड मनाऔँ,
  देखासिकी छोडौ सबले सभ्य नागरिक बनौँ ।

- लागुपदार्थ ड्रक्स चुरोट हानिकारक हुन्छ,
  त्यसको सेवन गर्दा खेरी ज्यानै जान सक्छ ।

(परिशिष्ट क (२४) चेतना फैलाउनुपर्छ)

× × ×

- चढ बरु पहाड झर बरु मदेश,
  स्वदेशलाई उजाडेर नजाऊ विदेश ।

(परिशिष्ट क (२७) नजाऊ विदेश

उपर्युल्लिखित तीजे गीतले शिक्षा मुलक सन्देश दिएको छ। हाम्रो समाजमा भएका तडकभडक देखाएर महङ्गा गहना, कपडा नलगाऔँ आफ्नो स्तर अनुसार चाडबाड मनाऔँ। अरुको देखासिकी गरेर बढी खर्च गरी चाडबाड नमनाऔँ। समाजमा भएको विकृतिलाई रोकेर आफ्नो संस्कृति जोगाऔँ र सभ्य नागरिक बन्न सिकौँ। लागुपदार्थ, ड्रग्स, चुरोट हानिकारक हुन्छ। यसको सेवनले ज्यानै जान सक्छ। त्यसैले हामी सबै मिलेर चारै तिर चेतना फैलाउनु पर्छ र समाजका विकृतिलाई जरै देखि उखेल्नु पर्छ भन्ने शिक्षा मुलक सन्देश दिएको छ। साथै आफ्ना देशका युवाहरूलाई बरु आफ्नो देशको पहाड चढ, मधेश झर तर स्वदेश छोडेर नजाऊ भन्ने शिक्षा दिएको छ।

### ४.८.३ यथार्थको प्रकटीकरण

यसै गरी तीजे गीतमा यथार्थको प्रकटीकरण गर्नु पनि तीजे गीतको उद्देश्य हुन्छ। समाजमा व्याप्त क्रियाकलाप जस्ताको तस्तै प्रकट गर्नु साथै ऐतिहासिक कुनै घटनाको वर्तमानको राजनीतिक परिस्थितिको, पौराणिक कथामा आधरित कथावस्तुको यथार्थलाई तीजे गीतले प्रस्तुत गरेका हुन्छ। समाजमा जे भइरहेछ त्यो गीतमार्फत व्यक्त गरिने हुँदा तीजे गीतमा यथार्थको प्रकटरीकरण हुन्छ। जस्तैः

- गुनिउ चोली बिर्से अचेल नयाँ फेसन आको छ,
  बाउ बाजेको शिरको टोपी लोप भको छ ।

(परिशिष्ट (क) (३१) विकृति र विसङ्गति

× × ×

पढ्ने लेख्ने बहानामा फेसबुक र च्याटमा,
मिनिस्कट लगाएर केटा साथमा ।

(परिशिष्ट (क) (३३) संस्कृति जोगाऔँ विकृति हटाऔँ

उपर्यल्लिखित तीजे गीतमा अहिले हाम्रो समाजमा चलेको फेसन गुनिउ चोली लगाउन छोडेर विदेशी फेसन लगाउने गरेको र मोबाइलको फेसनले केटाकेटीहरू फेसबुक र च्याटमा व्यस्त भएका अनि छोटा छोटा (एक वित्ताका) कपडा लगाएर केटाकेटी सँगै हिड्न थालेका यस्ता हाम्रो समाजमा भएका क्रियाकलपालाई यथार्थ रूपमा समाजमा जे भइरहेको छ त्यो जस्ताको तस्तै गीत मार्फत उल्लिखित गरिएको छ ।

## ४.९ स्थायी

स्थायी अन्तरा र थेगो वा रहनी तीजे गीतका ऐच्छिक तत्त्व हुन् । स्थायी भनेको गीतमा पटक पटक दोहोरिने पङ्क्ति वा पङ्क्ति समूह हो । लोकसमाजले स्थायीलाई रिटक वा रहनी पनि भन्ने गर्दछ ।

स्थायीलाई पटक पटक गाइन्छ । मादलको तालमा नृत्य पनि गरिन्छ ।

स्थायी वा रहनी ३ प्रकारका हुन्छन् : अत्ति नै छोटो, मध्यम, लामो

- काशीका देवताको पिताम्बरे फरिया ,                    अत्ति नै छोटो
  फरर फरर हुन्छ बरिलै ।

(परिशिष्ट (क) (८) पिताम्बरे फरिया

- कुन बेला जाम्ला कुन बेला आम्ला,            मध्ययम
  कुन बेला गरम्ला देउतीको ध्यान ।
- उदाय जाम्ला अस्ताए आम्ला,
  मध्यान्यीमा गरम्ला देउतीको ध्यान ।

(परिशिष्ट (क) (१५) कुन बेला जाम्ला

- हिमचुली र बरचुलीले छेकिहाल्यो माझैमा,              लामो
  मलाई सम्झी नरोऊ आमा झम्के साँझैमा

(परिशिष्ट (क) (४५) जन्म किन दिनुभो ईश्वर

### ४.९.१ अन्तरा

गीतको स्थायी रुपलाई अरू विस्तार गर्नका लागि आउने अंशलाई अन्तरा भनिन्छ । गीतमा यसलाई टुक्का भन्ने गरेको पनि पाइन्छ । सबै गीतमा स्थायी हुन्छ । तर सबै तीजे गीतमा अन्तरा हुँदैन । अन्तरालाई एक पटक गाइन्छ तर मादल बजाइँदैन तथा नृत्य पनि गरिँदैन । जस्तै :

- गाउँका दाजु बुबा पनि तास बढी नखेलौं,
  सुधारमा लागौ यसको जरै उखेलौं  ।          स्थायी

यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,

सक्छौ कि सक्दैनौ भन दाजुभाई ?            अन्तरा

परिशिष्ट क (३३) संस्कृति जोगाऔँ, विकृति हटाऔँ

### ४.९.२ थेगो

तीजे गीतमा बारम्बार दोहोरिने तर निरर्थक वा त्यसै स्तरको पद वा पदावली थेगो हो। थेगोले गीतको लय मिलाउन मद्दत गर्छ। थेगो तीजे गीतको सुरुमा बीचमा र अन्त्यमा जहाँ पनि आउन सक्छ। जस्तैः कास्की जिल्लाको लेखनाथ क्षेत्रमा हे' बरिलै, हम्क्याइलो सुरुमा, बीचमा र अन्तिममा थेगो राखेर थेगो प्रयोग गरी गाइने तीजे गीतको नमुना निम्न प्रकार उल्लेख गरिएको छ।

- हे, नारी पुरुष मिलेर देश विकासमा जुटौँ न,            सुरुमा थेगो
  कमजोर अब बन्न हुन्न छिट्टै उठौँ न।

- हाम्रा बाबाकी म एउटी छोरी,
  बरिलै पुऱ्यायौ प्युठान ।            बीचमा थेगो
- प्युठानमा कामको धेरै दुःख ,
  बरिलै ल्याउ आमा घिउ खान।
- पशुपतिका देवताको पिताम्बरे फरिया ,            अन्तिममा थेगो
  फरर फरर हुन्छ बरिलै।

परिशिष्ट क (८) पिताम्बरे फरिया

बिहानै उठेर,            हम्क्याइलो।

दयली लिपेर,            हम्क्याइलो।

पाँचै पाथि धान,            हम्क्याइलो।

कुटी केलाई भ्याएँ,            हम्क्याइलो।

उज्याली भएन,            हम्क्याइलो।

परिशिष्ट क (१०) हम्क्याइलो

### ४.१० तीजे गीतमा लोकतत्त्व

उद्देश्य, गायक, भाव, स्थायी, अन्तरा, थेगो आदि तीजे गीतका अनेक तत्त्वहरू छन्। यिनको चिनारी तीजे गीतको सैद्धान्तिक पक्षमा गरी सकिएको छ। तीजे गीत लयात्मक भएको हुँदा लोक

तत्त्वका बारेमा विश्लेषण गर्नै पर्ने हुन्छ। लोक र तत्त्व दुई शब्दहरूले योगबाट लोक तत्त्व शब्द बनेको छ। लोकको अर्थ समाज हो भने तत्त्वको अर्थ महत्त्वपूर्ण सार हो। त्यसैले लोक समाजले स्वीकार गरेका महत्त्वपूर्ण अंश वा परम्परादेखि लोकमा प्रचलित रुढ तत्त्वहरू नै लोकतत्त्व हुन्। लोकतत्त्व भनेको लोकको आस्था र विश्वास हो। तीजे गीतमा लोकतत्त्वका बारेमा धेरै विद्वान्हरूले कलम चलाएका छन्। लोकतत्त्व लोकजीवनमा रहेको आस्था र निष्ठाको संयोजित रूप हो (पराजुली, २०६८ : २८) भन्दै लोकतत्त्वभित्र लोकविश्वास र अन्धविश्वास भनी ती विश्वासका आधरामा गरिने क्रियाकलापहरूलाई पराजुलीले समेटेका छन्। तीजे गीतमा लोकले भोगेका र व्यवहारमा ल्याएका यावत व्यवहारहरू समाहित हुने हुँदा यसमा लोकतत्त्वको प्रधानता रहन्छ। त्यस्तै गरी कास्की जिल्लाको लेखनाथ क्षेत्रमा गाइने तीजे गीतमा पनि लोक तत्त्वको प्रधानता पाइन्छ। लोकतत्त्वका आधारमा तीजे गीतलाई निम्नानुसार हेर्न सकिन्छ।

### ४.१०.१ स्वैर कल्पनाप्रतिको विश्वास

अयथार्थको माध्यमबाट यथार्थको प्रस्तुति नै स्वैरकल्पना वा अति कल्पना हो। यसलाई परिकल्पना पनि भनिन्छ। मानिसले प्राचीन कालदेखि नै असाधारण शक्ति भएका देवी देवता, भूत, प्रेत, बोक्सी आदिको कल्पना गर्दै आएका छन्। यिनै विश्वसालाई गायकहरूले तीजे गीतबाट अभिष्टताका गरेका हुन्छन्।

### ४.१०.२ बहुलोक सम्बन्धी विश्वास

पुराणहरूमा पृथ्वीभन्दा माथि छ लोक र पृथ्वीभन्दा तल ७ लोक गरी यस ब्रह्माण्डमा १४ लोक भएको कुरा उल्लेख छ। मानिसहरूलाई के थाहा छ भने पृथ्वीभन्दा माथि स्वर्ग छ मुनि नरक छ। स्वर्गमा देवताहरू बस्छन् र नरकमा पापीजनहरू बस्छन् भन्ने विश्वास छ। यही लोकहरूको उल्लेख भएका तीजे गीतहरू पनि गाइन्छन्। त्यस्तै गरी कास्की जिल्लाको पोखरा लेखनाथ क्षेत्रमा पनि यी लोकहरूको उल्लेख भएका तीजे गीतहरू गाइन्छन्। जस्तैः

- मलाई जन्म दिने त बाबा र आमा हुन्,
  मेरो कर्म लेखिदिने उनै राम हुन्।

परिशिष्ट क (२७) नारीको विरह

उल्लिखित तीजे गीतमा जन्म दिने बाबा आमा हुन् भने कर्म लेखिदिने उनै भगवान् राम हुन् भन्ने भाव प्रस्तुत गरिएको छ। यसरी यस जुनीमा धर्म, कर्म गरे अर्को जुनीमा स्वर्ग जान पाउने र अरूलाई धोका दिए वा असत गरे नरक जानु पर्ने भाव गीतमा रहेको छ।

### ४.१०.३ ईश्वर देवी देवता सम्बन्धी विश्वास

विशेषतः अपठित ग्रामीण जनजीवनमा दैवी शक्ति सम्बन्धी ठूलो विश्वास रही आएको छ । यो संसार ईश्वरको सृष्टि हो ईश्वरले रक्षा गर्छन् भन्ने विश्वासका साथ देवी देवताको भाकल गर्ने चलन छ । तीजे गीतमा पनि विभिन्न देवी देवताको चर्चा गरी तीजे गीत गाएको अध्यात्मिक रूपमा पाइन्छन् । त्यस्तै गरी कास्की जिल्लाको पोखरा लेखनाथ क्षेत्रमा पनि देवी देवताको चर्चा गरी तीजे गीत गाइन्छन् । जस्तैः

- मुक्तिनाथका देवताले अन्जुली भारी बसेका,
  जाम कि नजाम ज्ञान राई भन तिमीले ।

परिशिष्ट क (१५) कुन बेला जाम्ला

× × ×

- पशुपतिका देवताको पिताम्बरे फरिया,
  फरर फरर हुन्छ बरिलै ।

परिशिष्ट क (८) पितम्बरे फरिया

### ४.१०.४ शकुन अपशकुन सम्बन्धी विश्वास

मानव जीवनमा कुनै काम गर्दा वा कहि टाढा जाने क्रममा साइत कुसाइको ख्याल गर्ने चलन छ । कहीँ जाने साइत गर्दा भरी गाग्री भेटिए, लास भेटिए, देउरे आँखो फरफराए, धेरै दिनसम्म घर अगाडि काग कराए, कपाल कोर्दा काइयो खसे, पञ्चेबाजा अगाडि परे साइत परेको मानिन्छ भने रित्तो गाग्री, विरालोले बाटो काटे वा कुनै सामान फुटे, पोखिए कुसाइत भएको भन्ने विश्वास छ । त्यस्तै गरी सुस्वप्ना र दुस्वप्नाको कुरामा पनि हामी विश्वास गर्छौं । सपनामा पाकेको फलफुल, उदाउदो सुर्य, देवी देवता देख्यो भने लाभ हुने र धमिलो पानी, भत्केको घर, दात फुक्लेको ,कपाल काटेको देखे अशुभ हुन्छ भन्ने धारणा छ । त्यस्तै गरी शकुन अपशकुनका तीजे गीतहरू यस प्रकार छन् :

- मैले पनि सपनीमा घर भत्केको देखेको,
  के हुने हो लौन बुढी के छ लेखेको ।
- घर अगाडि काग करायो १५ दिन पहिले त,
  त्यै दिनदेखि खान खाकी छैन मैले त ।
- मेरो पनि दाहिने आँखा फरफर गरिच,
  अस्ति देखि मलाई पनि पीर परिच ।
- काम गर्दै थिए बाबा साथी र म बसेर,
  दाहिने खुट्टा भाँचियो नि तल खसेर ।

परिशिष्ट क (४४) वेदनाको पोको

उपर्युल्लिखति शकुन, अपशकुनको विश्वास गरिएका कुरामा बाबा आमाले नराम्रो दुस्वप्ना देखेको र विदेशमा भएका छोराको काम गर्दा अचानक लडेर खुट्टा भाँचिएको कुरा विपनामा सुन्नु नराम्रो सपनाको विश्वास उल्लिखित तीजे गीतले प्रस्तुत गरेको छ ।

## ४.११ तीजे गीतमा विम्ब र प्रतीक

तीजे गीत ग्राम्य जीवनको उद्गार हो । यो सरल सरस र सहज हुन्छ भन्ने सर्वमान्य सिद्धान्त हुँदा हुँदै पनि यसमा साहित्यिक बिम्ब र प्रतीक हुन्छन् । अहिलेका गायक गायिकाहरूले बिम्ब र प्रतीक राखेर गीत गाउन थालेका छन् । बिम्बले वस्तुको प्रतिच्छायाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । जीवन जगत्का व्यापक सामग्रीले नै विम्बकै काम गर्छन् । थोरेबाट धेरै भन्न सकिने वा प्रस्तुतबाट अप्रस्तुत सन्दर्भ बुझाउने पद्धति नै प्रतीक हो । गायक गायिका अशिक्षित हुन्छन् । उनीहरूलाई गीतमा विम्ब प्रतीक र अलङ्कार के हो थाहा हुँदैन । उनीहरूले गायका गीतमा स्वतः विम्ब प्रतीक आउँछ । त्यस्तै गरी कास्की जिल्लाको लेखनाथ क्षेत्रमा गाइने तजि गीतमा पनि बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । जस्तैः

- नेपालको भेषभूषा सारङ्गीले धुन,<br>हिमाल पहाड तराई जाति सबै एक हौ न ।
- तर यो देशमा एकता बनाउनै पर्ने काम,<br>साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

परिशिष्ट क (३१) विकृति र विसङ्गति

उल्लिखित तीजे गीतमा विम्बात्मक अर्थ छ । नेपालको भेषभूषा सारङ्गीको धुन जस्तै र हिमाल पहाड तराई सबै एकजुट हुनका लागि देशका जनता एकजुट हुनुपर्नेमा साथ दिन्छौ कि दिँदैनौ भनेर प्रश्न सोधिएको छ । यसरी प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु नै विम्ब हो । जस्तैः

प्रतीक अवलम्बन गरिएको सानो गीतको एउटा नमुना

- मरीद कि छोरी भए लडी जुधी खाम्ला बरिलै,<br>नामर्द कि छोरी भए लरकेरै जाम्ला बरिलै ।

परिशिष्ट क (९) पदँलाको चोली मेरो

माथिको गीतमा खुपी भए लडेर खाऊँला नसक्ने कि छोरी भए त्यसै जाऊँला भनेर थोरैबाट धेरै भनिएको र प्रस्तुतबाट अप्रस्तुत भाव बुझाएको हुँदा यो प्रतीकात्मक अर्थको तीजे गीत हो । यसरी यस लेखनाथ क्षेत्रका तीजे गीतमा बिम्ब प्रतीकको पनि प्रयोग गरिएको छ ।

## ४.१२ अलङ्कार

अलङ्कार भनेको गहना हो । भौतिक गरगहनाले एउटी युवती सुन्दरी देखिए जस्तै साहित्यिक अलङ्कारले काव्यलाई सुन्दर बनाउँछ । कविले मिठास र माधुर्य भर्नका लागि शब्द छानी छानी चयन

गरेर कवितामा अलङ्कार भर्दछन् तर लोक गायकहरूका गीतमा स्वतः अलङ्कार आएका हुन्छन् । गीतका माध्यमबाट आफ्ना कुरा भन्ने क्रममा अलङ्कार आफै प्रयोग भएका हुन्छन् । जुन कुरा गायकलाई थाहै हुँदैन । लोक गायकलाई यति मात्र याद छ कि गीतमा अन्त्यानुप्रास मिलाउनुपर्छ अनि गीतको प्रत्येक पङ्क्तिका अन्त्यमा बस्यो खायो, भकुर्छ, दकुर्छ जस्ता आनुप्रासिक शब्दको खोजी गर्छन् । यसरी यही शब्द मिलानका क्रममा अन्य अलङ्कारहरू स्वतः स्फूर्त रूपमा प्रकट भएका हुन्छन् । शिष्ट साहित्यमा धेरै प्रकारका अलङ्कारहरू प्रयोग गरिएका हुन्छन् तर गीतमा स्वभाविक रूपमा केही अलङ्कारहरू प्रयोग भएका हुन्छन् । त्यसैगरी कास्की जिल्लाको लेखनाथ क्षेत्रका तीजे गीतमा अलङ्कारको प्रयोग गरी गाइन्छन् । जस्तैः

- वर्षैपिच्छे तीज आउँछ फरक्कै फर्केर,
  सम्झँदा नि यो मन आउँछ धर्केर ।

परिशिष्ट क (२७) नारीको विरह

उल्लिखित तीजे गीतमा फर्केर, धर्केर शब्दले अन्त्यानुप्रसा मिलाई गीतमा अलङ्कार प्रयोग भएको छ ।

## ४.१३ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा तीजे गीत लोकसाहित्य अन्तर्गत पर्ने पर्वगीत मध्येको महत्त्वपूर्ण गीत हो । यस अध्ययनपत्रको प्रस्तुत अध्ययनमा पोखरा लेखनाथ वडा नं. २६ र २७ मा प्रचलित तीजे गीतको तत्त्वहरूको विश्लेषण गरिएको छ । जीवनयापन गर्ने क्रममा मानिसको जीवनमा दुःख सुख, हाँसो, खुसी, रोदन छटपटी आदि आइरहने छन् । तीजलाई विशेषतः महिलाहरूको महान् चाड भन्ने गरिएको छ । महिलाहरूले तीजको अवसरमा आफ्ना मनका यथार्थतालाई पोख्ने भएर पनि महिलाहरूको चाड भन्ने गरिएको हो । पोखरा लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतहरू विभिन्न किसिमका भाव बोकेका पाइयो ती भावहरूमध्ये गीतको मूल मर्मलाई मध्यनजर गरी तत्त्वविधानका आधारमा तीजे गीतको विश्लेषण गरिएको छ । साथै विषयवस्तुका आधारमा, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, ऐतिहासिक, मनोरञ्जनात्मक र समसामयिक आदि त्यस्तै गरी भावका आधारमा, भाषाका आारमा, शैली, लय भाकाका आधारमा पोखरा लेखनाथ वडा नं. २६ र २७ का तीजे गीतको विश्लेषण गरिएको छ । साथै यस क्षेत्रका तीजे गीतमा लोकतत्त्व, देवी देवताप्रति विश्वास, स्वर्ग नर्कका कुराहरू, स्थानीयता तथा तीजे गीतमा हुने विभिन्न विम्ब प्रतीक र अलङ्कारको प्रयोग भएका तीजे गीत उल्लेख गरिएको छ ।

पाँचौं अध्याय

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

लोक साहित्यअन्तर्गत पर्ने पर्वगीत मध्येको महत्त्वपूर्ण गीत नै तीजे गीत हो । तीजे गीत अपठित ग्रामीण महिलाहरूले गाउने अभिव्यक्ति साथै उनीहरूका सुख, दुख, हाँसो, खुसी, उत्पीडन, छटपटी विरह, वेदनाको भाव सामूहिक रूपमा व्यक्त गर्नु नै तीजे गीत हो ।

तीजपर्व प्रत्येक वर्ष भाद्र कृष्णाष्टमीदेखि पञ्चमीसम्म मनाउने चलन छ । तीजका अवसरमा विवाहिता नारीलाई माइतीहरू लिन आउँछन् कृष्णाष्टमीदेखि ऋषिपञ्चमीसम्म तीजे गीत गाउने, नाच्ने दर खाने, रमाइलो गर्ने चलन रही आएको छ । हिमालयकी पुत्री पार्वतीले शिवजीलाई स्वामी पाउनका लागि रातभर जाग्राम बसी व्रत गरेकाले अहिले पनि नेपाली महिलाहरू व्रत बसी पूजा आरधना गर्ने चलन यथावतै रहेको छ । तीजे गीतलाई 'भदौरे' गीत पनि भनिन्छ । हरितालिकाको अघिल्लो दिनको राती उठेर दर खाने चलन रहेको छ किनकि भोलिपल्ट हरितालिकाको निराहार व्रत बसी शिवजीको आरधना गर्ने भएकाले अघिल्लो राती उठेर दर खाने चलन रही आएको छ ।

लेखनाथ क्षेत्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चल कास्की जिल्लाको पोखराको नजिकै पर्ने सात तालको बगैँचाको नामले प्रख्यात रहेको छ । यहाँ भिरपाखा, वनजङ्गल, खोलानाला विभिन्न किसिमका फलफूलहरू भएका बगैँचा, केहीँ समथर फाँट, कहीँ कच्ची बाटो प्रशस्त मात्रामा निजी स्कुल र केही मात्रामा सरकारी स्कुल, केही स्कुलमा स्नातकसम्मको पनि पढाइ हुने हुनाले यस क्षेत्रमा शैक्षिक साथै पर्यावरणीय सन्तुलन मिलेको पाइन्छ । यहाँका मानिसहरू कोही व्यापार, व्यवसायमा संलग्न भएका छन् त कोही कृषिमा, कोही डाक्टर कोही अधिकृत, कोही सुब्बा, वि.नि., प्राध्यापक, शिक्षक जस्ता उच्च पदमा रहेका छन् । कोही खेतीपाती साथै पशुपालन गर्ने खालका पनि रहेका छन् । यस क्षेत्रमा बाटोघाटो, पानी बत्ती आदि सबै विकास भएको कारण नगरपालिका बन्न पुगेको हो । यस क्षेत्रमा भौतिक सुविधाहरूमा ने.बै.लि., नेपाल एस.वि.आई बैंक साथै विभिन्न किसिमका सहकारी संस्था, त्यसमा कृषि सहकारी संस्था, तथा वचत तथा ऋण सहकरी संस्थाहरू रहेका छन् । अन्य सरकारी र गैरसरकारी कार्यालय जिल्लाको पोखरा लेखनाथ महानगरपालिकामा रहेका छन् । यहाँ प्रमुख संस्थाहरूमा पोखरा विश्वविद्यालय, ३ नं. बाहिनी अड्डा विजयपुर, कृषि अनुसन्धान केन्द्र (मत्स्य) वेगनास लेखनाथ उद्योगवाणिज्य सङ्घ आदि रहेका छन् ।

मानवीय जीवनका विविध पक्षसँग सम्बन्धित लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको तत्त्वगत विश्लेषण गर्ने कार्य यस अध्ययनपत्रमा भएको छ । समाजका विभिन्न पक्षलाई बोकेर आएका यी गीतहरू नेपाली समाजका ऐना हुन् । समाजमा भएका अनेकौँ विकृति परम्परालगायत मानव जीवनका

मूल्यमान्यता र धारणालाई अङ्कमाल गर्दै समाजको यथार्थ चित्रण तीजे गीतहरूमा भएको पाइन्छ । यसैगरी यहाँका तीजे गीतहरूका तत्त्वहरूको विश्लेषण गर्दा यहाँका तीजे गीतमा विषयवस्तु र भाव भाषा स्थायी अन्तरा थेगो, लय र शैली गरी छ वटा तत्त्वहरूद्वारा निर्मित भएको पाइयो । यहाँका तीजे गीतले परम्परागत एवम् आधुनिक जीवनका नवीन पक्ष, जीवनमा आइपर्ने बाध्यता, कटु यथार्थता विसङ्गति अनि सम्पूर्ण नारी जगत्को मार्मिक कथा व्यथाको गहन चित्रण गरेको पाइन्छ ।

अध्ययनपत्र तयार गर्ने क्रममा गीत गाउने र नाचगान गर्ने क्रममा महिलाहरूसँग प्रत्यक्ष भेटघाट र कुराकानी गरेर गीत सङ्कलन गरी तीजे गीतका तत्त्वहरूको विश्लेषण गरियो । विश्लेषणको क्रममा यस लेखनाथ क्षेत्रका तीजे गीतमा लामो भाकाका गीत र छोटा भाकामा बरिलै थेगो प्रयोग गरी गीत गाएको पाइयो । साथै एकल तथा सामूहिक रूपमा गाएका गीतहरूमा आधुनिक सङ्गीतको प्रयोग नगरी केबल थपडी र मादलकै प्रयोग भएको पाइयो । साथै प्रतियोगिताको हिसाबले गीत गाउँदा विभिन्न सङ्गीतहरूको प्रयोग गरेको पनि पाइयो । आजभोलि बढी मात्रामा तीजे गीतको ढाँचा लोप हुँदै गएको पनि देखिन्छ । वास्तवमा तीजे गीत सामूहिक रूपमा थपडी मारी महिलाहरूले मात्र गाएर हाम्रो संस्कृतिलाई जोगाउनु पर्दैछ । यदि प्रतियोगिताको रूपमा तीजे गीतलाई प्रोत्साहन दिइयो भने केवल भाग लिने दिदीबहिनीहरूले मात्र तीजे गीत गाउने गर्दछन् तर अन्य महिलाहरूका कथा, व्यथा, दुःख, सुख त्यसै गुम्सिएर रहने गर्दछन् । उनीहरूले सबै सामू आफ्ना भावना पोख्न पाउँदैनन् ।

त्यसैले हामी सम्पूर्ण महिलाहरूले आफ्नो संस्कृति जोगाइ राख्न र भोलिका पुस्तालाई पनि तीजे गीत चिनाउनका लागि केबल प्रतियेगिताको रूपमा नभइ सामूहिक रूपमा थपडी र मादलको प्रयोग गरी तीजे गीत गाउनु नै हाम्रो संस्कृति जोगाउनु हो ।

समग्रमा नारीमनका जटिलता, सामाजिक विविधता यथार्थ घटना, पारिवारिक असन्तोष, प्राकृतिक वर्णन र समयको परिवर्तनले गर्दा जीवन जगत्मा देखा पर्ने नवीन चेतनाका स्वरहरूलाई यस क्षेत्रका तीजे गीतहरूले बोकेर आएको पाइन्छ । यसरी समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक आदि जीवनको विविध पक्षको चित्रण र तीजे गीतका तत्त्वहरूको खोजी गर्नु नै यस शोध प्रबन्धको उद्देश्य हो ।

समयको परिवर्तनले हाल बजारमा चलेका तीजका नाममा बनाइएका गीतहरू त यति विभेदकारी छन् कि ती मध्ये धेरैले मनोरञ्जनका नाममा महिलाहरूको अस्तित्व र गरिमाको नै खिल्ली उडाउँछन् । महादेव जस्तो पति पाउन पतिदेवको आयु बढाउन मात्रै होइन अब त महादेवलाई पुकारेर मलाई कहिले यस्तो पति दिलाइदिन्छौ भनेर अनुरोध गरेका गीतहरू बज्न थालेका छन् । यसै क्रममा कोमल ओलीको पोइला जान पाउँ र नाच्छौ हामी डिस्कोमा तीज, त्यस्तै पशुपति शर्माको बाजी ठोकम आऊ, पोखरा घुम्नलाई, अनि चोलेन्द्र पौडेल र रामजी खाँणको संयुक्त प्रस्तुति मायाको प्यास मेट्न बोलाउँछु, हाइ मेरो कालुलाई भेट्न बोलाउँछु आदि गीतहरूलाई संस्कृतिको नाममा विकृतिको दर्जा दिँदा कुनै पनि अयुक्ति नहोला भन्न सकिन्छ । त्यस्तै गरी पोखरेली चर्चित लोकप्रिय गायिका हरिदेवी कोइरालाका हम्क्याइलो गीतमा नेपाली संस्कृति झलकाउने पुराना गीतहरू सुन्न सकिन्छ ।

अध्ययनपत्रको पहिलो अध्यायमा शीर्षक, अध्ययनको प्रयोजन, समस्याकथन, उद्देश्यकथन, क्षेत्र र सीमा पूर्वकार्यको समीक्षा अध्ययनको औचित्य, सामग्रीसङ्कलन, अधयाय विभाजन जस्ता विषयहरू रहेका छन् । दोस्रो परिच्छेदमा लेखनाथ क्षेत्रको परिचय गर्ने काम भएको छ । तेस्रो अध्यायमा तीजे गीतको सैद्धान्तिक परिचय र चौथो अध्यायमा लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको तात्त्विक विश्लेषण गरिएको छ । पाँचौँ अध्यायमा उपसंहार तथा निष्कर्ष खण्ड राखी अध्ययनपत्रको सारलाई निष्कर्षको रूपमा दिने काम भएको छ । अन्त्यमा परिशिष्टअन्तर्गत यहाँ प्रचलित तीजे गीतको सङ्कलन र सन्दर्भकृति सूची राखिएको छ ।

समग्रमा तीजे गीत कुनै प्रतियोगिता वा आयोजनामा मात्र गाउनमा सीमित नभएर समूहमा वा सामूहिक रूपमा गाउनुपर्ने नारीहरूले मौखिक रूपमा गाएर तीजे गीतलाई महत्त्व दिनु पर्दछ । तीजे गीत सामाजिक भेदभाव अन्त्य गर्ने खालका नारी प्रधान हुनुपर्दछ । तीजे गीतको गायनमा पुरुषको सहभागिता हुनु राम्रो हुँदैन । किनकि तीजे गीत महिलाहरूको विशेष चाड हो तर अहिलेको परिवशेलाई नियाल्दा विभिन्न पक्षले तीजे गीत आफ्नो स्वार्थपूर्ति गर्नका निम्ति प्रचार प्रसारको माध्यम बनाएको पनि देख्न सकिन्छ । यसले गर्दा तीज पर्वको महत्त्व घटन सक्दछ ।

त्यसैले तीज पर्वको सांस्कृतिक महत्त्वलाई घट्न नदिन सबै सचेत हुन अति आवश्यक छ । समाजका लोकसांस्कृतिक हाम्रा सामाजिक सम्पत्ति हुन् । राष्ट्रिय स्तरबाट मात्र यसको सम्बर्द्धनमा टेवा पुग्न सक्दैन । त्यसकारण हामी सबै मिली सांस्कृतिकको सुरक्षा तथा विकृतिको अन्त्य गर्नमा अग्रसर हुनुपर्दछ । यसकारण कसैले पनि आफ्नो स्वार्थ पूर्ति गर्ने माध्यमका रूपमा हाम्रा संस्कृति र मान्यतालाई माध्यम बनाइनु हुँदैन । यसतर्फ हामी सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी सदैव सजग रहनु पर्दछ ।

## ५.२ तीजे गीतको सम्बन्धमा सुझाउहरू

लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतको सङ्कलन र तत्त्वगत विश्लेषण गर्ने क्रममा गीतका सम्बन्धमा केही कमजोरीहरू पनि देखिएका छन् । ती पक्षको समाधानका लागि निम्न सुझाउहरू प्रस्तुत गरिएको छ :

१. समयको परिवर्तनले गर्दा विभिन्न ठाउँमा विभिन्न सङ्घ संस्था खोलिएका छन् । यस क्षेत्रमा पनि तीजे गीत सङ्कलन कार्यक्रम सञ्चालन साथै व्यक्तितत्व विकासका लागि बालबालिका युवा तथा वृद्धवृद्धाका भावना एवम् प्रतिभा प्रस्फुटनका लागि अवसर प्रदान गर्नुपर्ने र यस्ता कार्यका लागि ठाउँ ठाउँमा समिति गठन गर्नुपर्ने ।

२. तीजे गीतको अस्तित्व जोगाइराख्नका लागि महिला दिदीबहिनीहरूले सामूहिक रूपमा थपडी र मादलका साथ गीत गाउनुपर्ने ।

३. गठन गरिएका समितिलाई सल्लाह र सुझाउका लागि सोही क्षेत्रका बुद्धिजीवीहरूलाई सल्लाहाकारका रूपमा राख्नुपर्ने ।

४. छोरीलाई अर्काको घरमा दिने जात हो भनी पहिले गरिएको भेदभावको केही प्रभाव परेको अहिले पनि पाइएको छ । विवाह गर्ने केटाकेटीभन्दा जेठै हुनुपर्ने, केटाले जागिर खाएकै हुनुपर्ने, केटीले भन्दा केटाले धेरै पढेकै हुनुपर्ने जस्ता मान्यतालाई तोड्नुपर्ने ।

५. विवाहित पुरुषले आर्थिक कारोबार र महिलाले घरायसी काम मात्र नगरेर महिला पुरुष दुवैले आर्थिक, घरायसी काम सभा सम्मेलन आदिमा समान सहभागी भई आफ्ना व्यावहारिक काम सम्पन्न गरी समाजको विकास गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भकृतिसूची


अधिकारी, नारायणप्रसाद (२०४३), **स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन,** त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तरको शोधपत्र ।

अधिकारी, रविलाल (२०६५), **नेपाली लोकसाहित्य झलक,** पोखरा : साहित्य शृङ्खला ।

कोइराला, शम्भुप्रसाद (२०५६), **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** काठमाडौँ ।

गौतम, शोभाकान्त (२०५४), **लुम्ले गाविसमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण,** त्रि.वि. पृथ्वीनारायण क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तरको भिलेज प्रोफाइल ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

................ र हंसपुर सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०४४), **पैयुंखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तरको शोधपत्र ।

पराजुली, मोतीलाल र अन्य (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

पौडेल, सुमित्रा (२०५५), **पोखरेली तीजे गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि. पृथ्वीनाराण्ण क्याम्पस, नेपाली विभागमा प्रस्तुत स्नातकोत्तरको अध्ययनपत्र ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स ।

राष्ट्रिय जनगणना (२०६८)

लेखनाथ नगरपालिकाको स्मारिका २०५४ ।

लेखनाथ नगरपालिकाको वार्षिक नगर विकास योजना २०७३।०७४ ।

लेखनाथ नगरपालिकाको राजस्व शाखा ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **लोकवार्ता विज्ञानको र लोकसाहित्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तुलसीमान (२०७०), **झ्याउरे गीतको अध्ययन,** काठमाडौँ : श्रीमती भगवती श्रेष्ठ ।

## परिशिष्ट (क)

## पोखरा लेखनाथ २६ र २७ मा प्रचलित तीजे गीतको सङ्कलन

लेखनाथ क्षेत्रमा प्रचलित तीजे गीतलाई लोकगायिकाहरूको जनजिव्राबाट जुन रूपमा प्रस्तुत भएको छ सोही गीतलाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ। तीजे गीतका गायिका तथा रचनाकारहरूको नाम, उमेर र ठेगाना साथै गीतको क्रमसङ्ख्या, गीतको शीर्षक र गीतहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| **क्रम सङ्ख्या** | **गीतको शीर्षक** |
|---|---|
| १. | सात तालको बगैँचा लेखनाथ क्षेत्र |
| २. | दैलामुनिको हरियो दुबो |
| ३. | चेलीको विलौना |
| ४. | गरिबको पीडा |
| ५. | माथिबाट मैना चरी आयो |
| ६. | सानोमा सानो पछ्यौरी |
| ७. | सानोमा सानो दारको ठेकी |
| ८. | पिताम्बरे फरिया |
| ९. | पदाँलाको चोली मेरो |
| १०. | हम्क्याइलो |
| ११. | आऊ नानी घर जाम |
| १२. | नक्कले नभन चल्ती आएको |
| १३. | करिमै चन्डाल |
| १४. | सप्तऋषि कहाँ पाउँला |
| १५. | कुन बेला जाउँला |
| १६. | किस्नवाला जन्मेको हो कि होइन |
| १७. | आजकलका बुहारी |
| १८. | सौतालाई होला कि मलाई बरिलै |
| १९. | बाबाको आँगन लिपि र लापी |
| २०. | संस्कृति जोगाऊँ |
| २१. | सुन्तलाका हाँगा र विगा |
| २२. | चेतना फैलाउनुपर्छ |
| २३. | नारीका हक अधिकार |

२४.	चेलीका विलौना
२५.	नपढेकी श्रीमती
२६.	कलियुग
२७.	नारीको विरह
२८.	नपढेकी छोरीको वेदना
२९.	छोरीको मर्म
३०.	फुका केश जुम्ला हात
३१.	जनचेतना
३२.	नारी उत्थान हाम्रो अभिभारा
३३.	संस्कृति जोगाउन विकृति हटाऊ
३४.	आजकालका युवा
३५.	तीजको बेलामा
३६.	टुहुरो छोरीको विलाप
३७.	नजाउ विदेश
३८.	तीज हाम्रो महान चाड
३९.	दाइजे प्रथा
४०.	महिला विना विकास असम्भव
४१.	शिक्षा नै जगत्को ज्योति
४२.	छोरी हेलाँ
४३.	महिला हिंसा अन्त्य
४४.	वेदनाको पोको
४५.	जन्म किन दिनुभो ईश्वर
४६.	गरिबकी छोरी रैछे
४७.	विनाशकारी भूकम्प
४८.	कहाँ पो जान्छौ रानी चरी बगाल
४९.	श्रीमान् श्रीमतीको वार्ता

## १. सात तालको बगैंचा

मिति : २०७३।१२।१२

**सबी सापकोटा**, वर्ष ३८,

पो.ले.म.न.पा.-२६, ढलेपीपल

आफ्नै घरमा

- २०७३ साल फाल्गुनको महिना,
  पो.ले.मा बनेको सुन बइन ।
- साविक लेखनाथ नगरपालिका पोखरासँग मिलेर,
  महानगरपालिका बन्न पुग्यो सङ्ख्या पुगेर ।
- पो.ले.मा दुवै मिलि ३३ वडा भएका,
  त्यसमा पनि लेखनाथमा ८ रहेका ।
- सात तालको बगैंचा लेखनाथ क्षेत्रका,
  विकासका कार्य गर्ने बनाउँ तालिका ।
- लेखनाथ प्रचार भयो कविको यो नामले
  पुस्तौ पुस्ता नाम रह्यो उनका कामले ।
- ठूलाकोटको डाँडाबाट सातै ताल देखिने,
  सात तालको बाटिका नाम लेखिने ।
- पर्यटकको ओइरो लाग्छ सात ताल हेर्नलाई,
  कमल फूल टिपेर आनन्दको लाई ।
- लेखनाथमा धेरै जाति बस्छन् अलग भेषभूषा,
  अनेकतामा एकता यसको विशेषता ।
- प्रत्येक तालमा पुगेर कमल फूल टिँपदा,
  आनन्द नै लाग्छ फेरि बजार हेरँदा ।
- ठाउँ ठाउँमा शिवजी र कृष्णजीको मन्दिर,
  भक्तजनलाई दर्शन गर्न हुन्छ आतुर ।
- लेखनाथको जनजीवन हावापानी राम्रो छ,
  बाटोघाटो पानीको विकास भाको छ ।
- धेरै मानिस शिक्षित छन् कोही आश्रित कृषिमा,
  संलग्न भएका छन् पशुपालनमा ।

- लेखनाथको ठाउँठाउँमा सहकारी संस्था छन्,
  आर्थिक वचत हुन्छ भनी त्यसमा बस्दछन् ।
- गाउँगाउँमा टोल सुधारको विकास पनि भाको छ,
  राम्रो काम गर्नेलाई अनुदान छ ।
- लेखनाथ क्षेत्रको छुट्टै पहिचान विशेषता,
  पक्की बाटो बन्ने भनी आँछ बजेट ।
- कवि लेखनाथको गाउँ पर्छ अर्चले,
  गाउँको विकास गर्ने हो आको खर्चले ।
- स्वच्छ वातावरण सात तालको बगैँचा,
  त्यसै माथि पर्यटकको हुन्छ रमिता ।
- कवि लेखनाथको जन्म भयो अर्घौंमा,
  त्यसैले त चिनारी गऱ्यो देशभरमा ।
- कोहीले गर्छन् खेतीपाती कोहीले गर्छन् व्यापार,
  त्यसैमा छ मानिसको आर्थिक अपार ।

## २. दैलामुनिको हरियो दुबो

मिति : २०७३।१२।१३

**देवी सापकोटा**, वर्ष ३४,

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- दैलामुनिको हरियो दुबो काटेको नभन,
  गाइले खाएको ।
- रुखा र वचन नलाउ मेरा बाबा,
  के अघि लाइदिनी छौ र बरिलै ।
- दैलामुनिको हरियो दुबो काटेको नभन,
  गाइले खाएको ।
- रुखा र वचन नलाऊ मेरी आमा,
  के अघि लाइदिनी छौ र बरिलै ।
- दैलामुनिको हरियो दुबो काटेको नभन,
  गाइले खाएको ।

- रुखा र वचन नलाउ मेरा दाजु,
  के अघि लाइदिनी छौ र बरिलै ।
- दैलामुनिको हरियो दुबो काटेको नभन,
  गाइले खाएको ।
- रुखा र वचन नलाउ मेरी भाउजू,
  के अघि लाइदिनी छौ र बरिलै ।

## ३. चेलीको बिलौना

मिति : २०७३।५।१५

**नानीमाया भण्डारी**, वर्ष ८०,

पो.ले.म.न.पा., खरानेफाँट

- गण्डकी पारी नदिए बाबा,
  तीजको खाजा को खाला ?
- कान्छा र बाबाका आँगनीमा,
  सातै बहिनी खेल्दा हुन् ।
- हामरा बाबाका आँगनीमा,
  भोटे कुकुर भुक्तो हो ।
- त्यतिको गाह्रो नमान चेली,
  जेठा र दाजुलाई लिन पठाउँला ।
- सातै डाँडा पारी दिनुभयो बाबा,
  लिन र भेट्न आएनौ ।
- बाबाले दिएको गरदुवा मेरो,
  थाल र कचौरा चौरी मेरो गाई ।
- कहिलेमा कहिले म माइत आउँदा,
  हाँसेर बोले है कान्छा मेरा भाइ ।
- ठाडो लाउनी मुवा माला,
  तेर्सो लाउनी बीज ।
- दाजुभाइ नहुनेलाई,
  किन आउँछ तीज ।

## ४. गरिबको पीडा

मिति : २०७३।५ १०

**कृष्णकुमारी बास्ताकोटी**, वर्ष ६०,

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- आयो आयो वर्ष दिनमा तीज आयो,
  धनीलाई त के भयो गरिब रुवायो ।
- एक मानो खानी भए पाँचमुठी खानी हो,
  जाऊ भो बाबु दिदी लिन कति रुवाउनी हो ।
- भाइ गयो दिदी लिन आमा लाइन् टोलाउन,
  बाबा उठी जानुभयो साहुजी बोलाउन ।
- नमस्कार साहुजी भन्नु भयो बाबाले,
  अरू के पो सक्थ्यो र गरिव जाबाले ।
- अरिकाको धन लगेर त्यसै खाउला भनेर,
  लानी भए लैजा धन पैसा गनेर ।
- कति वचन लाउनु भयो अहिले एकै बातमा,
  सुका पैसा छैन साहुजी मेरो साथमा ।
- धान पाइन भनेर बाबा घर आउनु भो,
  आमा त अलापेर रुन लाग्नु भो ।
- धान पाइएन भनेर पीर नलेउ आमाले,
  गरिबलाई जनिम नदेउ रामले ।

## ५. माथिबाट मैनाचरी आयो

मिति : २०७३।५।७

**दुर्गादेवी पौडेल**, वर्ष ५५

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- माथिबाट मैनाचरी आयो,
  वरिलै हरियो विऊ खान ।
- हाम्रा बाबाकी म एउटी छोरी,
  बरिलै पुऱ्यायो प्युठान ।
- प्युठानमा गाह्रो हुन्छ काम गर्न,
  बरिलै ल्याउ आमा घिउ खान ।

- घिउ खान दिन्नउ भने आमा,
  बरिलै जाऊ आफै प्युठान ।

## ६. सानोमा सानो पछ्यौरी मेरो

मिति : २०७३।५।५

**राधा घिमिरे**, वर्ष ३५

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- सानोमा सानो पछ्यौरी मेरो,
  रिमझिमे पानीमा धोइरहनु छ ।
- कति कर्रो घर दिनुभयो बाबा,
  सधैँ मलाई रोइरहनु छ ।
- बुझ्दैनौ मरिम जा भन्दछौ घरमा,
  पर्दैन मेरो ज्यानको आश गरन ।
- हेर्छु खोली दोभान फाल्छु बरु यो ज्यान,
  के भन्छौ बाबाले अब लौ भन ।
- जान्न आमा म घर भनी चेली भनदा,
  फकाइ फकाइ आँगनीमा झारिन बरिलै ।

## ७. सानोमा सानो दारको ठेकी

मिति : २०७३।५।५

**गंगा सुवेदी**, वर्ष ४०

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- सानोमा सानो दारको ठेकी,
  दुबइ माना दही जानी ।
- घरका दुःख नदेख्ने बाबाले,
  घरै जा भने भैजानी ।
- रम र झम तीजै र आयो,
  कमाइदेऊ राजै सिरफूल ।
- तिमी त नारी काली पो छौ र,
  सुहाउँदै सिरफूल ।

- वेदका अक्षर काला पो हुन्छन्
  नपढ राजै पुस्तक ।
- गोठमा रमाइलो गजु भन्ने गाइले,
  माइतैमा रमाइलो दाजुभाइले ।
- बनमा रमाइलो वनका चराचरीले,
  घरैमा रमाइलो छोराछोरीले ।
- खेतमा रमाइलो धानको बाला झुल्नाले,
  आँगनीमा राम्रो तुलसी फुल्नाले ।

## ८. पिताम्बरे फरिया

मिति : २०७३।५।१२
**विष्णुमाया सापकोटा**, वर्ष ५६
पो.ले.म.न.पा.-२६, ढलेपीपल

- काशीका देवताको पिताम्बरे फरिया,
  फरर फरर हुन्छ बरिलै ।
- मुक्तिनाथका देवताको पिताम्बरे फरिया,
  फरर फरर हुन्छ बरिलै ।
- पशुपतिका देवताको पिताम्बरे फरिया,
  फरर फरर हुन्छ बरिलै ।

## ९. पदालाको चोली मेरो

मिति : २०७३।५।१४
**नारायणी अधिकारी**, वर्ष ६३
पो.ले.म.न.पा.-२६, ढलेपीपल

- पदाँलाको चोली मेरो,
  कस्मिराले सिउँला बरिलै ।
- सौता माथि दियौ बाबा,
  कति लेख्यौ जिउनी बरिलै ।
- मरिद कि छोरी भए,
  लडी जुधी खाम्ला बरिलै ।

- नामर्द कि छोरी भए,
  लरकेरै जाम्ला बरिलै ।

## १०. हम्क्याइलो

मिति : २०७३।५।१५
**बेलकुमारी भुजेल**, वर्ष ५५
पो.ले.म.न.पा.-२७, बिर्ता

| | |
|---|---|
| बिहानै उठेर, | हम्क्याइलो । |
| दयली लिपेर, | हम्क्याइलो । |
| पाँचै पाथि धान | हम्क्याइलो । |
| कुटी केलाई भ्याएँ, | हम्क्याइलो । |
| उज्याली भएन, | हम्क्याइलो । |
| टाढाको पँधेरो, | हम्क्याइलो । |
| पाँचै खेप पानी ल्याएँ, | हम्क्याइलो । |
| उज्याली भएन, | हम्क्याइलो । |

## ११. आऊ नानी घर जाम

मिति : २०७३।५।१६
**सरीता सापकोटा,** वर्ष ३२
पो.ले.म.न.पा.-२६, ढलेपीपल

- पोखराको बजारमा श्रीफूलको राइँदाइँ,
  आयो रे देसिया बङ्गालाको छ्याइँ छ्याइँ ।
- आऊ नानी लगाउन लाउन्न मत नाइँ नाइँ,
  आऊ नानी घर जाम जान्न म त नाइँ नाइँ ।
- काठमाडौँको बजारमा चुरियाको राइँदाइँ,
  आयो रे देसिया बङ्गलाको छयाइँ छ्याइँ ।
- आउनानी लाउनलाई लाउन्न म त नाइँ नाइँ,
  आऊ नानी घर जाम जान्न म त नाइँ नाइँ ।
- बुटवलको बजारमा चुरियाको राइँदाइँ,
  आयो रे देसिया बङ्गालाको छयाइँ छ्याइँ ।
- आऊ नानी लाउनलाई लाउन्न मत नाइँ नाइँ ,
  आऊ नानी घर जाम जान्न मत नाइँ नाइँ ।

## १२. नक्कले नभन चल्ति आएको

मिति : २०७३।५।३

**तुलसी आचार्य,** वर्ष ४५

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- दैलामनिको हरियो दुबो काटेको नभन गाईले खाएको,
  कालो कपालमा रातो मेन्दी लाएको नक्कले नभन चल्ती आएको ।
- बाङ्गा खुट्टामा अग्ला चप्पल लाएको,
  नक्कले नभन चल्ती आएको ।
- आँखा परेलीमा आइस्याडो लाएको,
  नक्कले नभन चल्ती आएको ।
- हाम्रा बाबा पल्टनका लाहुरे,
  खै मलाई ल्याएको चम्चा पिलेट ।
- त्यो घरको रुखो वचन सम्भँदा,
  बस्न मन लाग्दैन पाँचै मिनेट ।

## १३. करिमै मेरो चण्डाल

मिति : २०७३।५।८

**नारायणी अधिकारी,** वर्ष ६३

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- उडीमा आयो बन्जरा चरी,
  बसैरै मार्‍यो मन्डल ।
- बाबाले होइन आमाले होइन,
  करिमै मेरो चन्डाल ।
- जुन दिन आइती बदला सौता,
  उही दिन बिग्र्यो घरीबार ।
- जेठा र बाबाका सातै दिदीबहिनी,
  रामपुरे फाँटमा अटाए ।
- हामरा बाबाकी म एउटी छोरी,
  सातै डाँडा कटाए ।

- दाजु र भाइलाई नपठाए बाबा,
  हली र गोठाला पठाए ।
- दर खाँदाको दिन आइपुग्न भने,
  मोरिच भन्ने खटाए ।

## १४. सातै भाइ सप्तऋषि कहाँ पाउँला ?

मिति : २०७३।५।१

**कमला अधिकारी,** वर्ष ५५

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- शिरै लाउनी श्रीफूल भाग्य भए लाउँला,
  ऋषि हाम्रा दाजीलाई कहाँ पाउँला ।
- शिरै लाउनी शिरै बन्दी भाग्य भए लाउँला,
  माइला हाम्रा दाजीलाई कहाँ पाउँला ।
- कानै लाउनी ढुमरी भाग्य भए लाउँला,
  काइँला हाम्रा दाजीलाई कहाँ पाउँला ।
- हातै लाउनी चुरिया भाग्य भए लाउँला,
  सातै भाइ सप्तऋषि कहाँ पाउँला ।

## १५. कुन बेला जाम्ला

मिति : २०७३।५।९

**कल्पना बस्ताकोटी,** वर्ष ४४

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- कुन बेला जाम्ला कुन बेला आम्ला,
  कुन बेला गरम्ला देउती ध्यान ।
- उदाए जाम्ला अस्ताए आम्ला,
  मध्यान्यीमा गरम्ला देउतीको ध्यान ।

- मुक्तिनाथका देवताले अँजुली मारी बसेका,
  जाम कि नजाम ज्ञान राई भन तिमीले ।

- कुन बेला जाम्ला कुन बेला अम्ला,
  कुन बेला सकम्ला देवतीको ध्यान ।
- उदाए जाउँला अस्ताए आम्ला,
  मध्यान्यीमा सकम्ला देउतीको ध्यान ।

- कसरी जाम्ला कसरी आउँला,
  कसरी गरम्ला देउतीको ध्यान ।
- सरासरी जाम्ला सरासरी आउँला,
  घुमी घुमी गरम्ला देउतीको ध्यान ।

## १६. किस्नवाला जन्मेको हो कि होइन

मिति : २०७३।५।१७

**शान्ता बस्ताकोटी**, वर्ष ३९

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- सुन्तलाको रुख चढी हेर भैया लक्षुमण,
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौरे महिनाको अष्टमीको रात ,
  किस्न वाला जन्मेको हो कि होइन ?
- किस्नजीको जन्म भयो मथुराको जलैमा ,
  कंश मामा आइपुग्यो त्यसै बेलामा ?
- अम्बाको रुख चढी हेर भैया लक्षुमण,
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौरे महिनाको अष्टमीको रात,
  किस्नवाला जन्मेको हो कि होइन ?
- आँपको रुखमा चढी हेर भैइया लक्षुमण,
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौरे महिना अष्टमीको रात,
  किस्नवाला जन्मेको हो कि होइन ?
- निवुवाको रुख चढी हेर भैया लक्षुमण
  पोखरीमा चिसो जल छ कि छइन ?
- भदौर महिनाको अष्टमीको रात,
  किस्नबाला जन्मेको हो कि होइन ?

## १७. आजकालका बुहारी

मिति : २०७३।५।६

**दुर्गादेवी पौडेल,** वर्ष ५१

पो.ले.म.न.पा.-२६, ढलेपीपल

- पोखराको बजारमा सिरफुलको लइन,
  आजकालका बुहारकिो सुन बइन ।
- गोबरमाटो चाहिँदैन पानी मात्र सलल,
  बुहारीले दैलो पोत्दा सूर्य झलल ।
- एक हात कापी कलम अर्को हात रेडियो,
  उठ बज्यै दैलो पोत पढ्न हिँडियो ।
- आँगनीको डिल बसी काली कौवा करायो,
  उठ बज्यै बत्ती बाल कलम हरायो ।
- तेरो मात्रै हराछैन मेरो पनि हरायो,
  गएँ म त गोठतिर भैँसी करायो ।
- जुठो भाँडो गरेर गाईलाई घाँस दिएर,
  वार्तलीमा आए बज्ये चिया लिएर ।
- यो छुरमुखे बुहारीको हेर बोली कस्तो छ,
  बोली सुन्दा अतिचारै माते जस्तो छ ।
- तँ जावीले भनेर म त कसै मान्दिन,
  तँलाई चिया लिएर म त आउँदिन ।
- यति दुःख गरेर मैले छोरो पढाउनी,
  तँ मास्टर्नी भएर मलाई कजाउनी ।

## १८. सौतालाई होला कि मलाई बरिलै

मिति : २०७३।५।६

**विष्णुमाया बराल,** वर्ष ५१

पो.ले.म.न.पा.,

- सिरफूल कमाउँदै बाकसुमा राखँदै,
  सौतालाई होला कि मलाई बरिलै ।

- जुनले रिजाउला ज्ञान र गुनले,
  उसैलाई लरिकाइ दिउँला बरिलै ।
- हामीले रिजाउला ज्ञानले र गुनले,
  हामीले नै लरिकाइ लाउँला बरिलै ।
- शिरबन्दी कमाउँदै बाकसमा राखँदै,
  सौतालाई होला कि मलाई बरिलै ।
- जुनले रिजाउला ज्ञानले र गुनले,
  उसैलाई लरिकाई दिउँला बरिलै ।
- ढुमरी कमाउँदै बाकसमा राखँदै,
  सौतालाई होला कि मलाई बरिलै ।
- जुनले रिजाउला ज्ञानले र गुनले,
  उसैलाई लरिकाइ दिउँला बरिलै ।
- हामीले रिजाउँला ज्ञानले र गुनल,
  हामीले नै लरिकाइ लाउँला बरिलै ।

## १९. बाबाको आँगन लिपि र लापी

मिति : २०७३।५।११

**लक्ष्मी त्रिपाठी,** वर्ष ३५

पो.ले.म.न.पा.-२७, पैते

- बाबाको आँगन लिपि र लापी,
  छिड्केरी मारी खेलौला ।
- छिड्केरी मारी खेलनी चेलीको,
  शिरैमा छइन सिरफूल ।
- शिरैकि सिरफुल भाग्य भए लाम्ला,
  दिदीबहिनी खेलीरन कहाँ पाम्ला ।
- बाबाको आँगन लिपि र लापी,
  छिड्केरी मारी खेलम्ला ।
- छिड्केरी मारी खेलनी चेलीको,
  शिरैमा छइन सिरफुल ।
- शिरबन्दी लाउनीलाई दिएथ्यौ र बाबा,
  अहिलेमा लाउँछौ वचन ।

## २०. संस्कृति जोगाऊँ

मिति : २०७३।५।१५

**शिरोमणि आमा समूह**

पो.ले.म.न.पा.-२७, अर्घौं अर्चले

- संस्कृति हो चाडबाड समाजको संस्कार,
  सर्वप्रथम दुई हात जोडी गर्दछौ नमस्कार ।
- तीजको गीत सबैलाई सुनाम बरिलै,
  दुई हात जोडी प्रणाम गर्छौं बरिलै ।

- नियतिको खोल ओडी गर्छन् रे सामना,
  जस्तो चलन त्यस्तै चल्ती आयो जमना ।
- संस्कृति आफ्नो बचाउँ बरिलै,
  चलन र चल्तीलाई जोगाऊ बरिलै ।
- केटाहरूको लामो कपाल छत्रे टोपी बाङ्गो,
  केटीहरूको सकेसम्म आधा शरीर नाङ्गो ।
- ओइलेको फुललाई रोपौ बरिलै,
  आधा त्यो शरीरलाई छोपौँ बरिलै ।

- होटलमा केटाकेटी मिली जाँदा नि,
  व्यस्त हुन्छन् मोबाइलमा खाना खाँदा नि ।
- भन्छन् नि हुने भो फाइदा बरिलै,
  गऱ्यो नि मोबाइलले काइदा बरिलै ।
- हलभित्र फिलिमको हमाल बरिलै,
  अचेलको ट्युसनको कमाल बरिलै ।

- ट्युसन पढ्छे मेरी छोरी भन्छन् बाबा घरमा,
  छोरी उता उठेदेखि मोबाइलकै भरमा ।
- छोरा र छोरीको विश्वास बरिलै,
  गएको थाहा हुन्न इज्जत बरिलै ।

- घरमा मान्ने तीजलाई अहिले डिस्को धाउन थाले,
  आफ्नै रीतिरिवाज अनि संस्कृति कहाँ फाले ।
- नफाल समय खेर बरिलै,
  भित्रियो विकृति हेर बरिलै ।

- सानो कुरा निकालेर गर्दछन् नि बाहाना,
  लाउनै पर्ने अरे तीजमा सुनका गहना ।
- हातमा हात मिलाउ ओइ बरिलै,
  के हुन्छ गहना लाई बरिलै ।

- विदेश गाको बुढालाई रुँदै घुर्की लाउँदछन्,
  दुःख गरी कमाएको पैसा उठाउँछन् ।
- नबन कसैको बोझ बरिलै,
  एकचोटि राम्ररी सोच बरिलै ।

## २१. सुन्तलाका हाँगा र मिगा

मिति : २०७३।५।१

**रमा घिमिरे,** वर्ष ३०

पो.ले.म.न.पा.-२८

- सुन्तलाका हाँगा र मिगा,
  टुप्पै बस्यो जुरेली नि बरिलै .... २ ।
- त्यो जुरेलीलाई म मार्न जान्छु,
  ल्याउन भाउजू गुँदेली नि बरिलै .... २ ।
- तिमरा दाजु पल्टनका लाउरे,
  छैन नानी गुँदेली नि बरिलै .... २ ।

## २२. चेतना फैलाउनुपर्छ

मिति : २०७३।५।१५

**सिर्जनशील आमा समूह**

पो.ले.म.न.पा. २६, ढलेपीपल

- नारीहरूको महान् चाड आएको छ तीज,
  विकृतिको अन्त्य गर्न गाएका छौ गीत ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- विकृतिलाई हटाएर गरौन आविस्कार,
  दुई हात जोडी गर्छौ हामी सबैलाई नमस्कार ।
- चेतना फैलाउनु पर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- भित्रदैछ देशमा अझै पश्चिमी संस्कृति,
  यसले गर्दा बढ्यो झन देशमा विकृति ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- बस्छन् ब्रत शिवजीको खीर दर खाई,
  फेसन जस्तै बनाएका छन् विकृति भित्र्याई ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- परिश्रम गर्थे पहिले दुध र मही पिएर,
  अहिले हातमा लिन्छन् युवा रक्सी वियर ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- लागुपदार्थ ड्रक्स चुरोट हानिकारक हुन्छ,
  त्यसको सेवन गर्दा खेरी ज्यानै जान सक्छ ।

- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- नलाउ दिदीबहिनी हो महंगा गरगहना,
  सबै मिली देशमा भाको विकृति रोकौ न ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- तडकभडक नगरी चाडवाड मनाऔँ,
  देखासिकी छोडौ सबले सभ्य नागरिक बनौ ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- संस्कृतिको जगेर्ना गर्नुपर्छ हेर,
  प्राकृतिक स्रोत साधन गएको छ खेर ।
- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौ गीत विकृति हटाउन ।

- चेतना फैलाउनुपर्छ संस्कृति सबैले जोगाउन,
  संगिनी नाच्नलाई आउन गाउँछौँ गीत विकृति हटाउन ।

## २३. नारी हक अधिकार

मिति : २०७३।५।१४

**माया भण्डारी,** वर्ष ३८

पो.ले.म.न.पा. २६, खरानेफाँट

- नारी रूप लिएर जन्म भयो लोकमा,
  थिचिएर बस्नुपर्ने सबै थोकमा ।
- बस्नुपर्ने पिँजडाको सुगा सरी भएर,
  बोल्यो किन उत्ताउली भन्छन् लौ हेर ।
- सत्य साँचो बोल्न हुन्न पोथी बास्यो भनने,
  अझै पनि यो समाजले कुरा काट्ने ।

- मेलापात चुल्हो चौकी सबै हाम्रा जिम्मा छन्,
  यी नारीको भित्री मर्म कसले बुझ्दछन् ।
- घर मेला अफिससम्म उपस्थित हाम्रो रे,
  अझै पनि भन्छन् पुरुष नारी तल्लो रे ।
- कुवाको भ्यागुतो भनी हाम्लाई ठान्दछन्,
  के कम छौ र राष्ट्रपति हामी बन्दछौ ।
- विचार बुद्धि विवेक हामी मानी छैन र,
  यो सृष्टिलाई धानेको हाम्ले हैन र ?
- व्यवहारमा उतार्देनौ मुखले किन भन्दछौ,
  ३३ प्रतिशत अधिकार किन ठान्दछौ ।
- २१ औँ शताब्दी हो ढुङ्गे युग हैन नि,
  नारीलाइ नी पुरुष समान हक चाहियो नि ।
- पुरुषको अहंकार नारी दमन गर्नु छ,
  व्यर्थै यिनलाई भगवान् हाम्ले ठान्नु छ ।
- फकाई फुल्याइ पुऱ्याकाछन् विदेशको कोठीमा,
  यी महिलाको हुन्छ कठै ज्यानै जोखिम ।

## २४. चेलीको विलौना

मिति : २०७३।५।१८

**दुर्गादेवी पौडेल,** वर्ष ५५

पो.ले.म.न.पा. २६, जरुवा

- बाबाज्यूका दैलामुनि ठूलो गह्रो रापट,
  कर्रो घर दियौ बाबा पऱ्यो आपत ।
- दुःखी घर भनौ भने सिरको सिन्दुर चोखै छ,
  धनी घर भनौ भने पेट भोकै छ ।
- दुबै माने कसौडीलाई इटाको चुलो छ,
  धन सम्पत्ति छैन बाबा त्यसै ठूलो छ ।
- स्याङ्जा बजार झरे बाबा रासनपानी सस्तो छ,
  एकैपटक आए बाबा घर कस्तो छ ।
- दिएको सम्पत्ति सबै फिर्ता हुन्छ कि,
  घर नबने छोरीको मुटु खान्छ कि ।

- छोरीलाई लाउन खान कस्तो घर चाहिन्छ,
  एकैपटक आउनु बाबा विचार पाइन्छ ।
- उसिनेका चामल नाङ्लामा बनाउनी,
  भित्र भात बसालेर बाहिर गन्हाउनी ।
- बाघ जस्ती सासू छन् आगो जस्ती नन्न छ,
  महिनी खामो काटेर जानै बन्द छ ।
- दुबइमुठी चामलुमा १५ मुठी पानी,
  रसपस छैन बाबा क्यारी खानी ।

## २५. नपढेकी श्रीमतीको व्यथा

मिति : २०७३।५।३

**राधा सापकोटा,** वर्ष ३८

पो.ले.म.न.पा. २६, जरुवा

- आज मैले घाँस काटे चामले खरुले,
  कति कलास पढिछौ भन्छन् अरूले ।
- पढ्ने लेख्ने बेलामा भेडा बाखा हेरियो,
  'क' को अक्षर लेख्छु भन्दा धर्को केरियो ।
- पढ्ने लेख्ने श्रीमान् हाइ स्कुलको मास्टर,
  नपढेकी श्रीमतीलाई भयो सास्तर ।
- समीज्यूले पानी मागे अङ्ग्रेजमिा वाटर,
  नबुझेर दिएँ मैले कटर ।
- अङ्ग्रेजीमा भन्दा रेछन् हावालाई यएर,
  नुझेर गएँ म बाखा फोएर ।
- अङ्ग्रेजीमा भन्दा रेछन् झ्याललाई उइन्डो,
  नबुझेर ल्या मैले काँचो कुभिन्डो ।

## २६. कलियुग

मिति : २०७३।५।१५

**सविता पोखरेल,** वर्ष ४५

पो.ले.म.न.पा. २६, पैते

- आजकालका केटाकेटी क्याम्पसमा जोइन,
  यो कलियुगको सुन बइन ।
- केटी हेर्न भनेर आयो केटो कडकेर,
  मनपऱ्यो भनेर गयो फर्केर ।
- केटी देख्दा केटालाई अति मन परेको,
  के के दिन्छ दाइजो भनी सही गरेको ।
- हातमा घडी साइकल चाहिनी होला चस्मा नी,
  जन्ती रिजर्व गरनी मिनी बस पनि ।
- जन्ती रिजर्व गरेपछि मैरै होला बस पनि,
  छोरी दिनी बाबाको छैन होस पनि ।
- तेरो मेरो पढाइमा के छ केटा सवाल,
  कति गर्छस् केटा तैंले धनको कबल ।
- धनै खोज्न आको भए लैजा भैंसी तानेर,
  बसिँदैन सामन्तीलाई पुरुष मानेर ।
- हजुरलाई मन परे हाम्ले पाइन देखाउँछौ
  अब के के चाहिन्छ यहीँ लेखाउँछौ ।
- पहिलो साडी ल्याउनुहोला नयाँ नौलो बजारको,
  दोस्रो साडी ल्याउनुहोला २५ हजारको ।
- बुलुज ल्याउनुहोला टेलिकटन ट्रेर्लिङ,
  सातै तोला सुनको कानमा यर्लिङ ।
- कानमा लाउने यर्लिङ सात तोला सुन भको,
  घडीको कम्ती मोल पैतिस हजारको ।
- रातो मेरो पहिरनलाई डोली भित्र राखेर,
  लैजनुहोस् आफैले टेक्सी हाँकेर ।

## २७.  नारीको विरह

मिति : २०७३।५।६

**धना जि.सी.** वर्ष ४३

पो.ले.म.न.पा. २६, सुन्दरीबजार

- वर्षैपिच्छे तीज आउँछ फरक्कै फर्केर,
  सम्झदाँ नि यो मन आउँछ धर्केर ।
- तीज आयो तीज आयो भन्छन् सबै जनाले,
  कहिल्यै पनि पुगेन मलाई धनले ।
- संगीसाथी सबै हेर्छु लाएको र खाएको,
  मलाई किन सधैं भरी दुःख भएको ।
- दुःख पनि सानो होइन ठूलै दुःख भाको छ,
  भित्रभित्रै यो मन कति रोको छ ।
- सबैका दिन आए तर मेरा मात्र आएनन्,
  यो दिलमा घाम पनि कहिल्यै लाएनन् ।
- मलाई जन्म दिने त बाबा र आमा हुन्,
  मेरो कर्म लेखिदिने उनै राम हुन् ।
- फुटालेर हेरौ भने छालाले छेकेको,
  छैटौ दिनमा भावीले दुःख लेखेको ।
- आफ्नो कर्म देखेर आफै हुन्छु धिक्कार,
  मैले जन्म लिएको त भयो बेकार ।
- माइतमा सानीमा घरमा कडा सासू छन्,
  सधैंभरि आँखामा मेरा आँसु छन् ।
- पातलो आँसीले घाँस काटे बिसाउनी,
  किन होला मेरा समी सधैं रिसाउनी ।
- दिन बित्छ सधैं मेरा हाँसेर र बोलेर,
  रात जान्छ मेरो त सधैं रोएर ।
- बाबाले दिनुभयो विजयपुर तारेर,
  राम्रो ठाउँमा दिएँ छोरी भन्ने पारेर ।
- घाँस काट्न जानुपर्छ विजयपुर तरेर,
  घर फर्किन गाह्रो भयो खोला बढेर ।

- धुरुधुरु रुन्छु म त त्यही भीरमा बसेर,
  परान जाँदो रैनछ आँसु खसेर ।

## २८. नपढेकी छोरीको बेदना

मिति : २०७३।५।६
**बसुन्धरा तिमल्सेना,** वर्ष ५५
पो.ले.म.न.पा. २७, खरानेफाँट

- दिनभरि काम गऱ्यो बिहान गोबर हिलोमा,
  नपढेकी छोरीको सुन बिलौना ।
- पढेकि छोरीलाई गुन्द्रीमाथि काम्लो,
  नपढेकी छोरीलाई आँसी नाम्लो ।
- अउटिमीटिक साइको घडी बहिनीको हातमा,
  चुरा लाउनी पैसा छैन मेरो साथमा ।
- बहिनी त होली बाबा क्याम्पसमा लेक्चर,
  म छोरी रोएको कसले देख्छर ।
- बहिनीले लाउनी बाबा हील चप्पल डबल,
  म छोरीको छैन बाबा पाएल चप्पल ।
- बहिनी त बस्ली बाबा सोफा माथि डमक्क,
  क्याम्पसका लेक्चर्नीको कुरै गमक्क ।

## २९. तीजको पञ्चमीको गीत (फुका केश जुम्ला हात)

मिति : २०७३।५।१५
**सीता भण्डारी,** वर्ष ३५
पो.ले.म.न.पा. २७ बिर्ता

- फुका केश जुम्ला हात ठूलो हाम्रो बरीत,
  ल्याउन बाबा ल्याउन आमा बरितैको दियो है ।
- बरितैको दियो चेली सातै भाइको साझो,
  लैजाऊ चेली लैजाऊ चेली सोवर्णको दियो ।
- सोवर्णको दियो चेली,
  हाम्रै ग्रिहे होला है

- कुन बेला जाम्ला कुन बेला आउँला,
  कुन बेला गरम्ला देवतीको ध्यान ।
- उदाय जाम्ला अस्ताए आउँला,
  मध्यान्यीमा गरम्ला देउतीको ध्यान ।
- गंगामा जाम्ला निर्मल जल ल्याम्ला,
  कन्याका पाउँ धुम्ला है ।
- कन्याका पाउ धोएर तिमीले,
  केऊको वर माग्छेऊ नि है ।
- केहीको वर चाहिँदैन हामीलाई,
  जुगैभरिको अभिभाँत ।
- कदमका रुखमा बसेका कृष्णजी,
  भुइँमा झर कृष्ण जी पूजा चलेन ।
- सासू दैलो पोतनी बुहारीले हेरनी,
  यो घर लच्छिन् छैन केलाई झरनी ।
- सिरफुलकी दु:ख भएँ गोकुलमा जान्छु जी,
  सुन विनती ।
- गोकुलमा को छन् तिम्रा कल्ले लाउँछन् बाटो जी,
  सुन विनती ।
- गोकुलमा कृष्ण होलान्, उनले लाउलान् बाटो जी,
  सुन विनती ।

## ३०. जनचेतना

मिति : २०७३।०५।४

**माया भण्डारी,** वर्ष ३८

पो.ले.म.न.पा. २७, खरानेफाँट

- विकासका निम्ति सयौ गर्नुपर्छ आविष्कार,
  आयोजक र निर्णायकलाई पहिला नमस्कार ।
- दोस्रो नमस्कार हाम्रो आमाबुबाहरूलाइ,
  निर्णायक र दाजुभाइ सज्जनवृन्दलाई ।
- सुनीदेउन ध्यानपूर्वक यो मनको बेदना,
  ल्याउनु पर्ने भयो छिटै जनचेतना ।

- राजतन्त्र गए पनि सुख शान्ति आएन,
  गरिब दुःखी जनताले हाँस्न पाएनन् ।
- चाडपर्व आयो तर घरमा छैन रासन,
  सुनीदैछन् नेताका चिल्ला भाषण ।

## ३१. विकृति र विसङ्गति

मिति : २०७३।०५।१५

**उन्नतिशील आमा समूह**

पो.ले.म.न.पा. २७, बतासे स्कुलको चौरमा

- पहिलो चरण नमस्कार निर्णायक गुरुलाइ,
  दोस्रो चरण नमस्कार दर्शकहरूलाई ।
- तर तीजैको अवसर लिई यहाँसम्म आका छौ,
  ध्यान दिएर सुन्नुहोस् केही सन्देश ल्याका छौ ।

- दुर्व्यवहार र विकृति त झन् झन बढ्दै गाको छ,
  यही कारणले देशमा नयाँ नियम आको छ ।
- तर यो देशमा विकृति हटाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- एकादेशकै कहानी भो भाषा र संस्कृति,
  झन् चढ्दै छ झन् बढ्दै छ नयाँ विकृति ।
- तर यो देशमा संस्कृति जोगाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- नेता जति बस्न थाले सरकार मात्र फेरेर
  कठैबरा जनता बस्छन् बाटो हेरेर ।
- तर यो देशमा राम्रो सरकार बनाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।
- प्रकृतिको घटनाले जनधन क्षति भाको छ,
  विपत आपत हजुर हामीलाई अति भाको छ ।

- तर यो देशको प्रकृति जोगाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- कुरीति र कुसंस्कारले समाज नै विग्रन्छ,
  दुर्व्यवहार र बलत्कार बढ्दै गाको छ ।
- तर यो देशमा दुर्व्यवहार हटाउनै पर्ने काम,
  साथ दिन्छौ दिदैनौ भन ए जनता ।

- गणतन्त्र आएपछि खोइ त यो देश फेरेको,
  जुनै जोगी आए पनि कनै चिरेको ।
- तर यो देशमा गणतन्त्र सदुपयोग गर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- नेपालको भेषभूषा सारङ्गीको धुन,
  हिमाल पहाड तराई जाति सबै एक हौ न ।
- तर यो देशमा एकता बनाउनै पर्ने काम
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- गुनियो चोली बिर्से अचेल नयाँ फेसन आको छ,
  बाउबाजेको शिरको टोपी लोप भाको छ ।
- तर यो देशमा भेषभूषा जोगाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- नेपालको सीमा मिची भारतले लइसक्यो,
  हेर जनता नेपालको बेहाल भैसक्यो ।
- तर यो देश सबै मिली जोगाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- नेपाल आमाको मन त झन रुन सम्म रोको छ,
  अन्याय र अत्याचार बढ्दै गाको छ ।

- तर यो देशमा अन्याय हटाउनै पर्ने काम,
  साथ दिन्छौ दिँदैनौ भन ए जनता ।

- धनी गरिब जनजाति सबै एक समान,
  हामी सबै एकै हुने आयो जमना ।
- तर यो देशमा गरिबी हटाउनै पर्ने काम,
  साथ दिन्छौ दिदैनौ भन ए जनता ।

## ३२. नारी उत्थान हाम्रो अभियान

मिति : २०७३।०५।१५

**जनहित आमा समूह**

पो.ले.म.न.पा. २७, लाम्पाटा (अर्चले)

- सुन्नुहोला दिदीबहिनी सुन्नुहोला दाजुभाइ,
  वेदनाको पोको खोल्छु हजुरहरूलाई ।
- घरमा उस्तै शोषण छ बाहिर झनै अति भो,
  यो चेलीको जिन्दगानी दुरगति भो ।
- जग्गा बेची श्रीमान्ले मोजमस्ती गरेका,
  म अभागी नारीका आँसु झरेका ।
- न सम्पत्ति आफ्नो नाममा कस्को भर पर्ने हो,
  दुःख पर्दा बिमार हुँदा कसो गर्ने हो ।
- दिनैभरि घाँस दाउरा घरको काम गरे नि,
  कठै भन्ने कोही छैन आफू मरे नि ।
- बाहिर कतै हिड्न हुन्न गाली गर्ने स्वामीले,
  हात बाँधी कति दिन बस्ने हामीले ।
- कति चेली बेचिएछन् बाहिरी देशमा लगेर,
  छाती फुलाई हिँड्छन् दलाल धनी भएर ।
- जति जुनी बिते पनि महिला हिंसा त्यस्तै छ,
  जुन संविधान आए पनि हाम्लाई यस्तै छ ।
- सधैभरि थिचोमिचो गर्न कहाँ पाइन्छ,
  बाबाज्यूको आधा अंश हाम्लाई चाहिन्छ ।

- एउटै धर्ती एउटै आकाश बसौँ दिल खोलेर,
  कोही सानो हुँदैन है मिठो बोलेर ।
- अन्धविश्वास त्यागौँ अब कुरीतिलाई छोडौ है,
  सभ्य समाज निर्माण गर्न लागी परौँ है ।

## ३३. संस्कृति जोगाऊ विकृति हटाऊ

मिति : २०७३।०५।१५

**उन्नतिशील आमा समूह**

पो.ले.म.न.पा. २७, अर्चले

- फेरि पनि आयो तीज नयाँ रङ बोकेर,
  साथी संगी मिलेर गाउँछौ यो गीत
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- गाँजा रक्सी चुरोटको लतै नलाउ दाजुभाइ,
  उन्नति त कहिल्यै हुन्न ज्यानै लिन्छ बाइ ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- गाउँका दाजु बुबा पनि तास बढी नखेलौ,
  सुधारमा लागौ यसको जरै उखेलौँ ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- पढ्ने लेख्ने बाहानामा फेसबुक र च्याटमा,
  चट्ट मिनी लगाएर केटा साथमा ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।
- ढाक्न थाले गाउँका बन चौतारा नि यिनैले,
  बढ्न थाल्यो विकृति त रात दिनै ले ।

- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- गाउँका चेलिबेटीलाई सम्झ आफ्नै घरका,
  इज्जत सम्मान देऊ सबैलाई वरपरका ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- तीज आयो राम्रो साडी हामीलाई रेशम,
  कम गर चेलीबेटी बाहिरी फेसन ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ?

- हेप्पी वर्थ डे नानी बाबु दियो बाल ननिभाऊ,
  केक होइन हाम्रो खान सेलरोटी पकाऊ ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

- चाडपर्व संस्कृतिलाई जगाउँदै लैजाऊ,
  विदेशीको होइन ढाँचा आफ्नै जोगाऊ ।
- यो गाउँको विकृति त हटाउनै पर्ने बाइ,
  सकिन्छ कि सकिँदैन भन दाजुभाइ ।

## ३४. आजकालका युवा

मिति : २०७३।०५।१५

**शिरोमणि आमा समूह**

पो.ले.म.न.पा. २७, अर्घौं अर्चले

- सर्वप्रथम नमसकार आयोजक कमिटी,
  गाउँछौ अब विकृतिका गीत समेटी ।
- जाँड रक्सी जुवातास साथी भाइको लतमा,
  यही कारणले घटेका छन् अनेक घटना ।

- काम गर्ने युवाहरू कुलतमा फँसेर,
  गाँजा चुरोट खाने गर्छन् गल्ली पसेर ।
- पढ्न हो भनेर बाआमालाई झुक्काउन,
  ललाइफकाइ गरिकन पैसा फुकाउन ।
- दिएको पैसा जाँडरक्सी साथीभाइको मोजमा,
  छोराछोरी के गर्दैछन् छैन खोजमा ।
- घरपरिवार ढुक्क हुन्छन् गयो छोरो स्कुल,
  बाआमालाई खर्च भर्न भयो मुस्किल ।
- छोराछोरी कुलतमा फसेँ कि त राखौ ध्यान,
  यहीँ कारणले भविष्यमा जान सक्छ ज्यान ।
- बाआमाले ख्याल नगर्दा पछि पर्छ रुनलाई,
  बेलै माथि विचार गरौँ सजक हुनलाई ।
- सामाजिक विकृतिलाई आजैबाट फाल्नलाई,
  सुरु गरौँ विकासका पाइला चाल्नलाई ।
- यै गीतले समाजमा ल्याओस् नयाँ चमत्कार,
  यति भन्दै बिदा हुन्छौ हस्त नमस्कार ।

## ३५. तीजको बेलामा

मिति : २०७३।५।१

**मधुमाया योगी** वर्ष ६५

पो.ले.म.न.पा. २७ ढलेपीपल ि

- तीजको बेलामा सबै जाछन् माइत,
  आफ्नो माइती मुग्लान पारी छैन साइत ।
- यो रमाइलो बेलामा जानु पर्‍यो मेलामा,
  मै छोरीको आँसु खस्यो दैला ठेलामा ।
- साउले गर्दा माइती गए नौडाँडा काटेर,
  सम्झी ल्याउँदा रुन्छ मेरो मनै फाटेर ।
- दोष छैन आमा बालाई न त दाजुभाइलाई ,
  दोष पनि रिस पनि बैरी मोरालाई ।

- अब आउने तीजमा घर घर गएर,
  मै जस्ता दुःख पाउने जम्मा भएर ।
- लड्न परे लडौँला मर्न परे मरौँला,
  मैदानमा उत्रेर नै कुरा गरौँला ।
- गाउनु पऱ्यो स्वर मिलाई, मास्नु पऱ्यो बैरीलाई,
  अनि हामी नाँचौला बरिलै लै ।
- हेर दिदी पूर्वतिर कति राम्रो झुल्के घाम,
  बैगुनी त्यो डरले ठोक्छ कुलेलम ।

## ३६. टुहुरी छोरीको विलाप

मिति : २०७३।५।३

**विष्णुमाया बराल,** वर्ष ४१

पो.ले.म.न.पा. २७, अर्चले

- कालो घुम्टो ओढेर आफ्नै मुटु चुँडेर,
  कहाँ गयौ मेरी आमा मलाई छोडेर ।
- भने जस्तो लाउन खान दिँदा पनि बाबाले,
  अर्के बाटो रोजी छौ आमा तिमीले ।
- जानै थियो भने पनि गए हुन्थ्यो मारेर,
  अहिले किन रुनुपर्थ्यो आँसु झारेर ।
- आमा आमा भनेर सपनामा कराउँदा,
  डाँको छोडी रुन्थे म बाले फुल्याउँदा ।
- वर्ष दिनमा अर्को बिहे गर्नुभयो बाबाले
  खटनपटन गर्न थालिन् नौली आमाले ।
- खान लाउन दिए पनि उनकै दया ज्ञानले,
  जे भने नि नराम्रै सुन्छ कानले ।
- जति माया पाए पनि थोरै भयो बाबाको,
  पाइन मैले न्यानो माया आफ्नै आमाको ।
- साथीसँगी रमाउँछन् बा आमाको काखमा,
  साउनको झरी सरी आफ्नो आँखामा ।

- सधैँ भरि टुहुरी मलाई किन पिरायौ,
  आमा तिम्ले कस्तो दिनमा बाटो बिरायौ ।
- कहाँ जान्छौ बटुवा मलाई पनि पर्खन,
  गाह्रो भयो टुहुरीको दिन फर्कन ।

## ३७. नजाऊ विदेश

मिति : २०७३।५।३

**सीता भण्डारी,** वर्ष ४०

पो.ले.म.न.पा. २७, खराने फाँट

- बन्दुकको रहर भए विदेसिने छोरालाई,
  यहीँ मार्न पाइन्छ बैरी मोरालाई ।
- नेपालीको तातो रगत विदेशीलाई चढाइ,
  पराइको लागि किन लड्छौ लडाइँ ।
- चढ बरु पहाड झर बरु मदेश,
  स्वदेशलाई उजाडेर नजाऊ विदेश ।
- घरखेत साहुले खाएको छ बन्दकी,
  विदेशमा बित्छ तिम्रो आधा जिन्दगी ।
- मुक्ति युद्ध लडेका जनतालाई मार्दैछ,
  जहाँ पनि गोर्खालीलाई अघि सार्दैछ ।
- कति मरे फक्ल्यान्डमा कति मरे श्रीलङ्का,
  सम्झी ल्याउँदा कसको मन हुन्न भरङ्ग ।
- कति काख रित्तियो कति सिउँदो पुछियो,
  व्यर्थै हाम्रो रगत त्यसै खेर गैगयो ।
- रिनले तिम्लाई सतायो साहुले साह्रै अत्यायो,
  घरखेत हडपेर डाँडा कटायो ।
- गोर्खा भर्ती खोलेर मान्छे बेच्ने चलन,
  रहेसम्म नेपालीको इज्जत हुँदैन
- विदेशका फर्की आउ, स्वदेशका नजाउ,
  बरु यहीँ विजयको बाजा बजाउ ।
- आमा दिदीबहिनीको इज्जत धान्नै जगजगी,
  शोषकले गरे सारै गाउँमा चकचकी ।

- झट्टै फर्क नेपाल हाम्रो माया छ भने,
  सगरमाथा पहाड तराई, तिम्रै हो भने ।

## ३८. तीज हाम्रो महान् चाड

मिति : २०७३।५।१६

**राधा सापकोटा,** वर्ष ३८

पो.ले.म.न.पा. २६, ढलेपीपल

- तीज हाम्रो महान् चाड तीज हाम्रो मेला हो,
  दुःख सुख मनका कुरा पोख्ने बेला हो ।
- मुटुभरि विरहका दुःख पीर बोकेर,
  जुनि बित्छ गहभरि आँसु रोकेर ।
- जुठो चुलो मेलापात हाम्रो ठेक्का छँदै छ,
  सधैँभरि आमाको दिल रुँदैछ ।
- नारी पनि मान्छे हुन् फुक्का भइ बाँच्न देऊ,
  आमाको ममतालाई फुल्न फल्न देऊ ।
- चन्द्रमामा पुगेनन् कि सगरमाथा चढेनन्,
  संसारमा नारीले के पो गरेनन् ।

- स्कुलमा पढ्दा हुन लडाइँमा लड्दा हुन्,
  मौका दिए नारीले के के गर्दा हुन् ?
- घरै हाम्रो बन्धन परै हाम्रो बन्धन,
  स्वामी ज्यूको पाउको धुलो शीरको चन्दन ।
- आमा कै सिहारले ठूलो हुन्छ बालक,
  भविष्यमा बन्छ उही विश्व चालक ।
- दशै मैना बोकेर दश धारा ख्वाएर,
  जीवनदाता नारीलाई सधैँ रुवाएर ।

## ३९. दाइजो प्रथा

मिति : २०७३।५।१८

**राधा घिमिरे,** वर्ष ३५

पो.ले.म.न.पा. २७, ढलेपीपल

- पहिलो स्वागत गर्छौ हामी जलेश्वर मन्दिरलाई,
  दोस्रो स्वागत गर्छौ हामी निर्णायक मण्डललाई ।
- सबै मिली जोगाउनु पर्छ तीजको पर्वलाई,
  नमस्कार, स्वागत गर्छौ दर्शक वर्गलाई ।
- नारीको पीडा पोख्छु तीज गीतको लयमा,
  माफी दिनु होला हजुर गल्ती भएमा ।
- कुन कुराको वर्णन गरौ गरी साध्य छइन,
  विकृति र विसङ्गतिको सुन बयान ।
- भाषणमा भन्ने गर्छन् नारी पुरुष बराबर,
  व्यवहारमा नारी सधैँ दासी सराबर ।
- जता हेऱ्यो उतैतिर विकृतिले छोइराछ,
  सोझा साझा नारीको आत्म रोइराछ ।
- अधिकांश नारीलाई क को अक्षर थाहा छैन,
  चेलीका आँसुले बाटो पाइँदैन ।
- बोलकबोल धन सम्पत्ति घरमा नल्याउँदा खेरी,
  रुनुपर्छ बुहारीले दिनको तिनफेरि ।
- नारी सक्षम भएदेखि दाइजो किन चाहिन्छ,
  स्वावलम्बी बनेर जीवन बिताइन्छ ।
- नारीहरू एकजुट भइ एकतामा बढौँ न,
  दाइजो प्रथा विरोधमा अघि बढौ न ।
- समान स्तर कायम गर्ने हाम्रो हो यो चाहना,
  चेतनाको लहर छाओस् यही छ कामना ।

## ४०. महिला विना विकास असम्भव

मिति : २०७३।०५।१३

**नम्रता सापकोटाको समूह**

न्यु एरा मा.वि., पो.ले.म.न.पा. २६, ढलेपीपल

- जम्मा भइयो दिदीबहिनी हो नि तीज आज त,
  सर्वप्रथम सबैलाई गर्छौ स्वागत ।
- पुरुष जस्तै देश विकासमा महिलाको नि हात छ,
  अघि बढ दाजुभाइ हाम्रो साथ छ ।
- नारी पुरुष मिलेर देश विकासमा जुटौ न,
  कमजोर अब बन्नुहुन्न छिट्टै उठौँ न ।
- पुरुष जस्तै नारी पनि गर्छन् काम डटेर,
  देश विकास कसै हुन्न महिला छुटेर ।
- नारी शिक्षित भएपछि देश विकास हुनेछ,
  छिट्टै देशले प्रगतिको शिखर छुने छ ।
- नारी पुरुष मिलेर देशलाई पर्छ सपार्नु,
  हिँड्छौँ नारी देश विकासमा पछि नपार्नु ।
- महिला शिक्षित भएपछि बन्छ राम्रो परिवार,
  अब हामी नारीले नमानौ है हार ।
- यो समाजमा भएको अन्धकारलाई फाल्नु छ,
  सबै मिली देश विकासको ज्योति बाल्नु छ ।
- हेर्दै जाऊँ सबैतिर महिला शिक्षित भकाछन्,
  विकासका कामहरू बन्दै गकाछन् ।
- अघि बढौँ सबैजना हातमा हात राखेर,
  काम गरौ प्रगतिको स्वाद चाखेर ।
- समाजमा रहेको कुरीतिलाई फाल्नु छ,
  अँध्यारोलाई नष्ट पार्न बत्ती बाल्नु छ ।
- गर्नुपर्छ सबै काम महिला पुरुष जुटेर,
  कसै हुन्न देश विकास महिला छुटेर ।

## ४१. शिक्षा नै जगतको ज्योति

मिति : २०७३।०५।४

**रेजिना तिमल्सेना,** वर्ष १६

पो.ले.म.न.पा. २७, खराने फाँट

- एउटा गीत गाउँछौ हामी तीजको लयमा,
  माफ दिनुहोला हजुर गल्ती भएमा ।
- स्कुलमा हामीहरू नियमसँग बस्दछौ,
  दशबजे सबैजना भित्र पस्दछौ ।
- शिक्षकले भनेको सबै कुरा मानेर,
  ठूला मान्छे बन्छौ हामी सीप जानेर ।
- सफा सुग्घर भइ बस्छौ सबका आँखा पर्दछन्,
  भाइबैनीले तिनै कुरा सिको गर्दछन् ।
- सबै किताब हामीहरू मिलाएर पढ्दछौ,
  देश विकास गर्नलाई अघि बढ्दछौ ।
- विद्या ज्ञानको ज्योति हो सबले लिनुपर्दछ,
  शिक्षाले नै जगत्को भलो गर्दछ ।
- मेचीदेखि कालीसम्म पुऱ्याउनु छ समाचार,
  यति भन्दै बिदा हुन्छौ हस्त नमस्कार ।

## ४२. छोरी हेलाँ

मिति : २०७३।०४।२८

**राधा बस्ताकोटी,** वर्ष ५५,

पो.ले.म.न.पा. २६, जरुवा

- बाबाका दैलामुनि ठूलो रुख बडर,
  धेरै छोरी भए भनि हेलाँ नगर ।
- धेरै छोरी भए पनि आफ्नै कर्म खानी हो,
  रुँदै रुँदै अरिकाको घर जानी हो ।
- आँगनीको डिल पनि धान सुकाउने चाहिन्छ,
  जाऊ छोरी घरमा अंश पाइन्छ ।

- धेरै छोरी भए पनि शिक्षा तालिम दिनुहोस्,
  आफ्नै सन्तान सम्झेर समान गर्नुहोस् ।
- शिक्षा तालिम दिएपछि छोरी धेरै बुझ्नेछन्,
  बाबा आमा दुःख पाउँदा आँसु पुछ्नेछन् ।
- छोरीलाई पढाउनुहोस् आइ.ए.बी.ए. एम.ए पास,
  अशिक्षा र अन्धकारमा फेर्छन् लामो सास ।
- पशुपतिमा रहेको सुनको गजुर,
  छोरीलाई नै समान हक दिनुहोस् हजुर ।
- पचास प्रतिशत अधिकार दिउँ नारी जतिलाई,
  राष्ट्रपति सभामुख पद हेरेर जोगाउ बरिलै ।

## ४३. महिला हिंसा अन्त्य

मिति : २०७३।४।२९

**इन्दिरा लामिछाने,** वर्ष ४२

पो.ले.म.न.पा. २७, पैते

- सर्वप्रथम नमस्कार गर्छौ हामी सबैलाई,
  हाम्रो गीत ध्यान दिएर सुन्नोस् बरिलै ।
- अहिले हाम्रो देशमा महिला हिंसा बढ्दो छ,
  अन्याय र विकृतिको बादल छाको छ ।
- दुःख गरी हुर्काएकी पराइघरकी छोरीलाई,
  जिउँदै यातना दिएर मार्छन् बरिलै ।
- कोही भन्छन् थोरै दाइजो सुन्छन् अरूको कुरा,
  अमूल्य ज्यान भष्म हुन्छ बिना कसुर ।
- घटना घट्छन् समाजमा अकाल्पनिय दिनदिन,
  नारी माथि अन्याय र अत्याचार किन ।
- कोहीलाई पेट्रोल छर्किइन्छ, कोहीलाई जिउँदै जलाइन्छ,
  बाटोघाटो बलात्कारको शिकार भइन्छ ।
- राजनैतिक अस्थिरता दण्डहिनता देशम,
  सामाजिक र आर्थिक विभेद हाम्रो समाजमा ।

- सृष्टिचक्र चलाउने धर्ती माता नारीलाई,
  खेलौनाको सामान हैनौ बुझ बरिलै ।
- पुरुषवादी हैकमको अन्त्य हाम्ले गर्नुछ,
  शोषणयुक्त समाजको निर्माण गर्नुपर्छ ।
- हेपिइन्छन् चेलीहरू आआफ्नै घरबार,
  कसको कस्तो व्यवहार गर्छौ बुझौं पहिले त ।
- कसले सृष्टि चक्र चल्ने नभएमा यी नारी,
  शोषक र सामन्तीले बुझ्नु कसरी ।
- फैलाउनुपर्छ हामीले नारी शिक्षा चेतना,
  हुनेछैन नारीमाथि अन्याय र दमन ।
- हेप्ने छैनन् नारी शिक्षित जागरुक भएमा,
  सरकारले नि चासो राख्नुपर्छ यसमा ।
- दह्रो कानुन बन्नुपर्छ हुनुपर्छ कार्यान्वयन,
  बल्ल हुन्छ अपराधिक घटना निवारण ।
- महिला हिंसा अन्त्य गरौ भन्ने हाम्रो हो विचार,
  यति भन्दै बिदा हुन्छौ हस्त नमस्कार ।

## ४४. बेदनाको पोको

मिति : २०७४।४।२८

**सबी ढुङ्गाना,** वर्ष २८

पो.ले.म.न.पा. २७, खराने फाँट

- तीजमा माइत नगएका चारै वर्ष भैसक्यो,
  यसपालि त जाउ है बज्यै तीज आइसक्यो ।
- तै मोरीलाई बिहे गर्दा लाग्यो हाम्लाई ज्यादा ऋण,
  के को माइत जानु पर्‍यो कोदो गोड्न हिँड ।
- जैलेसुकै रुखो बोल्छिन् मलाई मेरी सासूले,
  मर्ने बेला किरा पर्लान् मेरा आँसुले ।
- अलछिनी तैँले गर्दा छोरो विदेश गाको छ,
  तँलाई के थाहा हाम्लाई कति ऋण लाको छ ।

- आइतबार फोन गर्छु म एक महिना पछि त,
  बुहारीलाई डाक्नु होला भन्थ्यो मसित ।
- महिना दिन त पुग्यो बुढा जाउँ की रिपोर्ट आयो कि,
  दाहिने आँखा फरफरायो दुःख पायौ कि ।
- गर्नुहुन्न भन्छन् सधैँ तीन जनाको साइत,
  बुहारी तिमी एकछिनपछि आउन हइत ।
- जान्छु म त नआभन्दा मेरो मन रुन्नर,
  बरु बज्यै एकछिन पछि आए हुन्न र ।
- कि छोरालाई सन्चो छइन कि त छुट्टी पाएन,
  किनहोला अहिलेसम्म फोनै आएन ।
- देउरे आँखा फरफराछ राम्रो छइन सपनी,
  किन किन झस्याङ झस्याङ हुन्छु म पनि ।
- मेरो पनि दाहिने आँखा फरफर गरिच,
  अस्ति देखि मलाई पनि पीर परिच ।
- मैले पनि सपनीमा घर भत्केको देखेको,
  के हुने हो लौन बुढी के छ लेखेको ।
- मैले कपाल कोर्दा खेरी हातको काइयो झरिच,
  त्यो दिनदेखि मलाई पनि पीर परिच ।
- घर अगाडि काग करायो १५ दिन पहिले त,
  त्यै दिनदेखि खान खाकी छैन मैले त ।
- नगर भो यस्ता कुरा आउनदेउ न टेलिफोन,
  जे भए नि मार्ने पाल्ने उनै प्रभु हुन् ।
- सक्दिन म त अझै मुख, फोरेर भन्नलाई,
  हजुरले सक्नुहुन्न त्यो मन धान्नलाई,
- काम गर्दै थिए बाबा साथी र म बसेर,
  दाहिने खुट्टा भाँचियो नी तल खसेर ।
- क्यारेउ बाबु तिमीले विदेशमा गएर
  बसी खानु छइन तिम्री आमा रोएर

## ४५. जन्म किन दिनुभयो ईश्वर

मिति : २०७३।५।४

**बसुन्धरा तिमल्सेना,** वर्ष ४०

पो.ले.म.न.पा. २७, खराने फाँट

- जन्म किन दिनुभयो भगुमान ईश्वर,
  म छोरीलाई सुख सन्तोष कहिले मिल्छ र ?
- म छोरीलाई सुखसन्तोष मिल्दैन कहिल्यै नि,
  बरबर आँसु झर्छन् मेरा जहिले नि ।
- टेरिकटनको ठुटेबुलुज घरमाइत गर्दालाई,
  दैलामुनि आँधिखोलो पीर पर्दालाई ।
- आँधिखोलो टाढा भए घर माथि भिर छ,
  बोले पनि हाँसे पनि मनमा पीर छ ।
- हेलिएर मरूँ भने आमा मलाई लान्न कि,
  झुन्डिएर मरूँ भने परान जान्न कि ।
- हेलिएर मरूँ भने चलाइदिन्छन् बइन,
  बाँचेर नि म छोरीलाई छइन चइन ।
- पानी मिठो नहुनी बजारिया नलीको,
  दिदीबहिनी साथी सँगी लाग्छ झलीको ।
- दिदीबहिनी साथी सँगी सम्झन्छु मैले त,
  रुँदा रुँदै उज्यालो हुन्छ कहिले त ।
- घरभरि नन्ददेवर बिरालाका छाउरा झै,
  खानुपिउनु छैन बाबा सुकेँ दाउरा झैँ ।
- घरमा जाँतो छइन गाउँघरमा जानी हो,
  रातीको बाह्र बजे घर आउनी हो ।
- बाह्र बजे घर आउँदा सबै जहान घुरेका,
  साङ्ला र बिरालाले भान्छा कुरेका ।
- कुँडेमा हेरदा बिरालाले चाटेको,
  यही हो बाबा छोरीले चइन काटेको ।
- हिमचुली र बरचुलीले छेकिहाल्यो माझैमा,
  मलाई सम्झी नरोऊ आमा झम्के साँझमा

## ४६. गरिबकी छोरी रैछे भन्छन् बरिलै

मिति : २०७३।५।१

**उमा पौडेल,** वर्ष ४०

पो.ले.म.न.पा.२७ अर्घौंविसी

- दिनुभयो बाबाले कालीलेक रोजेर,
  न पढेको न इलमी केटो रोजेर ।
- हुनी खानी माइती भए पढाइ दिन्थे छोरीलाई,
  गरिबकी छोरी रैछे भन्छन् बरिलै ।
- घर बस्न नसकेर माइत आउन थाल्छे कि,
  भन्नु हुन्छ बाबाले इज्जत फाल्छे कि ।
- आज मैले घाँस काटे पल्लोवारी पुछार,
  म मरे त सबैलाई हुन्थ्यो उद्धार ।
- सासूलाई हुने थियो बनका काँडा फाँडे झै,
  ससुरालाई हुने थियो रोगले छोडे झै ।
- जेठाजुलाई हुने थियो मोटो खसी काटे झै,
  जेठानीलाई हुने थियो माइत बसे झैँ ।
- देवरलाई हुने थियो गैरी खेत किने झै,
  देउरानीलाई हुने थियो माइत हिँडे झैँ ।

## ४७. २०७२ सालको विनाशकारी भूकम्प

मिति : २०७२।५।१

**माया भण्डारी,** वर्ष ४०

पो.ले.म.न.पा.२६, ढलेपीपल

- २०७२ साल वैशाखको महिना,
  विनाशकारी भूकम्पको सुन बइन ।
- ११ बजेर ५६ मिनेट दिन थियो शनिबार,
  ७.८ को भूकम्पले पिडै सरबर ।
- एकै छिनको भूकम्पले सारा जमिन थर्कायो,
  पृथ्वी नै भासिन्छ कि जस्तो गरायो ।
- गर्ल्याङ गुर्लुङ ढल्न थाले घर अनि भवन,
  ऐतिहासिक धरहरा नामै रहेन ।

- गयो हेर भूकम्प बारपाक केन्द्र बनाउँदै
  नेपाली जनताको मन रुवाउँदै
- कति राम्रो थियो बारपाक त्यहीँ केन्द्र बनायो
  १२००० घरमा चार अरु शुन्य भो
- सहयोग गर्न पठाइ हाल्यो भारतले जहाज
  भूकम्प पीडितलाई बाँड्न राहत
- कोहीले हात भाँचियो कोही हस्पिटल भरना
  पानी पानी भन्दा भन्दै गयो परान
- भूकम्पको कुरा सुन्दा झस्याङ झस्याङ हुन्छ मन
  घरै बस्न मन नलाग्ने हुने लाग्यो झन्
- सिन्दुपाल्चोक, काभ्रे, दोलखा ठूलै भयो क्षति नि
  जनताको टुट्न थाल्यो जनताको बाँच्ने आशा पनि
- अग्ला अग्ला घरहरू नबनाउ अवत कुन दिन
  आउँछ थाछैन अब भूकम्प

## ४८. रानी चरी बगाल

मिति : २०७४।५।१

**सन्तुमाया लामिछाने,** वर्ष ४९

पो.ले.म.न.पा.२७, फेदी

- कहाँ पो जान्छौ रानी चरी बगाल,
  भगुवानलाई भेट्न नि बरलै ।
- भगुवानलाई भेट्न जाँदा के के पाहु र चाहिन्छ,
  त्यही हाम्लाई बनाइदेउन बरिलै ।
- एकुमा चाहिन्छ श्रीखण्ड चन्दन,
  दोसरी बेलपत्र नि बरिलै ।
- बेलपत्र समाइ दाइने ब्रत गरी,
  भगुवानलाई चढाउँला नि बरिलै ।

## ४९. श्रीमान् श्रीमतीको वार्ता

मिति : २०७३।५।१

**डम्बर कुमारी सापकोटा,** वर्ष ४५

पो.ले.म.न.पा.२७, फेदी

- अहिलेको तीजमा माइत नजाऊ पियारी,
  ल्याइदिउँला तिमीलाई रातो साडी ।
- घर धानेर बस्यौ मनै सुनको सिक्री ल्याइदिम्ला,
  माइत गइ बस्यौ भने कान्छी ल्याइदिम्ला ।
- टेलिकटन भन्दा राजै पोलिस्टर गजिलो,
  कान्छी ल्याए पनि राजै मलाई सजिलो ।
- घरै बस पियारी मिठो मिठो खानी हो,
  तिमी र म भएर घुम्न जानि हो ।
- मिठो पनि चाहिँदैन घुम्न पनि जाँदिन,
  यो तीजमा माइत नगइ छोड्दै छोड्दिन ।

## परिशिष्ट (ख)

## सान्दर्भिक केही शब्दार्थहरू

| | | | |
|---|---|---|---|
| दुबइ | = दुई | भैइया | = भाइ |
| हामरा | = हाम्रा | खाकी | = खाएकी |
| बजेइ | = बज्यै | बाकसु | = बाकस |
| भगुवान | = भगवान् | पोर | = पोहोर वा पहिला |
| देउती | = देवता | जनिम | = जन्म |
| लाउनी | = लगाउनी | थाछैन | = थाहा छैन |
| मरिद | = मर्द | राजै | = श्रीमान् |
| सिरफूल | = श्रीफूल | उदाए | = घाम झुल्के |
| रुवायो | = रुन पाऱ्यो | मध्यान्नी | = दिउँसो १२ बजेको समय |
| अरिकाको | = अर्काको | एकु | = एक |
| शास्तर | = शास्त्र | करिम | = कर्म |
| राइँदाइँ | = जताततै पाइने | जैले | = जहिले |
| बइन | = बयान | गाको | = गएको |
| हासम | = हाँसौ | दोसरी | = दोस्रो |
| खेलम | = खेलौँ | भएनि | = भए पनि |
| क्यारी | = के गरी | छाको | = छाएको |
| चामलु | = चामल | उडमिा | = उडेर |
| सारै | = साह्रै | भेटन | = भेट्न |
| भएनि | = भए पनि | लइन | = पङ्क्ति |
| गरिच | = गरेको छ | अस्ताए | = घाम अस्ताउँदा |
| झरिच | = झरेको छ | कोर्दा | = काँगियोले कपाल कोर्नु |
| खाकी | = खाएकी | क्यारेउ | = के गऱ्यौ |
| परिच | = पर्छ | हाम्लाई | = हामीलाई |
| नआ | = नआइजा | झलीको | = झल्को |
| मैना | = महिना | क्वै | = कोही |
| दिनुस | = दिनुहोस् | रैछे | = रहिछे |
| पैले | = पहिले | चुलो | = चुल्हो |
| त्यै | = त्यही | झलिको | = झल्को |

फोटोहरू




हरितालिका तीजमा नाचगान गर्दै




ऋषि पञ्चमीमा पूजा गर्दै



तीज पर्वको नाचगानका केही झलकहरू



तीजे गीत गाएका केही झलकहरू



तीजे गीतमा नाचगान गर्दै